# डुवर्सका आधुनिक नेपाली कविताको प्रवृत्तिगत अध्ययन

रूद्र छेत्री

नेपाली विभाग

भाषा अनि साहित्य सङ्का य

सिक्किनम विश्वाविद्यालय

सिक्किनम विश्वाविद्यालय भाषा अनि साहित्य सङ्काकयअन्तर्गत नेपाली  विषयको एमफिल पाठ्यक्रमको आंशिक परिपूर्तिको प्रयोजनका लागि प्रस्तुत

लघुशोधप्रबन्ध

फरवरी 2018

# डुवर्सका आधुनिक नेपाली कविताको प्रवृत्तिगत अध्ययन

सिक्किकमविश्वलविद्यालयभाषा अनि साहित्य सङ्का यअन्तर्गत नेपाली विषयका पाठ्यक्रममा
रहेको  एमफिल परीक्षाको आंशिक परिपूर्तिका लागि प्रस्तुत

लघुशोधप्रबन्ध


शोध-निर्देशक शोधार्थी

डा. पुष्प शर्मा
सह प्राध्यापक
नेपाली विभाग
सिक्कि म  विश्व विद्यालय

रूद्र छेत्री
क्रम सङ्ख्या-16MPNP06
नेपाली विभाग
सिक्किछम विश्वेविद्यालय


फरवरी २०१८

SIKKIM UNIVERSITY
[A Central University established by an Act of Parliament of India, 2007]
DEPARTMENT OF NEPALI
SCHOOL OF LANGUAGES & LITERATURE

## प्रतिबद्धता पत्र

सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा एमफिल परीक्षाको आंशिक परिपूर्तिका लागि प्रस्तुत डुवर्सका आधुनिक नेपाली कविताको प्रवृत्तिगत अध्ययन शीर्षक यो लघुशोधप्रबन्ध मैले शोधनिर्देशक सह प्राध्यापक पुष्प शर्माको निर्देशनमा रहेर सम्पन्न गरेको हुँ र यो पूर्णतः मौलिक शोधकार्य हो। मैले यो लघुशोधप्रबन्ध लेखनको क्रममा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी तिनको उपयोग गरेको छु। ती स्रोत व्यक्तित्वहरूप्रति कृतज्ञ छु। यस लघुशोधप्रबन्धको समष्टि निष्कर्षलाई मैले यसअधि कुनै पनि उपाधि अथवा अन्य प्रयोजनका लागि प्रस्तुत गरेको छुइनँ। यस लघुशोधप्रबन्धको कुनै पनि अंश वा पाठ पुस्तक वा पुस्तकको अंशको रूपमा प्रकाशित गराएको छुइनँ। मैले यहाँ प्रस्तुत गरेको यो प्रतिबद्धता बिरूद्ध कुनै प्रमाण भेटिएमा त्यसप्रति म उत्तरदायी हुनेछु भनी यो प्रतिबद्धता जाहेर गर्दछु।

शोधार्थी
रूद्र छेत्री
रूद्र छेत्री

मिति:

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

06/02/2016

विभाग प्रमुख

सिक्किम विश्वविद्यालय

SIKKIM UNIVERSITY
[A Central University established by an Act of Parliament of India, 2007]
DEPARTMENT OF NEPALI
SCHOOL OF LANGUAGES & LITERATURE

## अग्रसारण

**डुवर्सका आधुनिक नेपाली कविताको प्रवृत्तिगत अध्ययन** शीर्षकमा प्रस्तुत लघुशोधप्रबन्ध सिक्किम विश्वविद्यालय, भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागको एमफिल उपाधिका निम्ति श्री रूद्र छेत्रीले मेरो निर्देशनमा रही तयार पारेका हुन्। प्रस्तुत लघुशोधप्रबन्ध लेखन सिक्किम विश्वविद्यालयको एमफिल पाठ्यक्रमको निर्धारित समयभित्र रही यिनले लगन र परिश्रमपूर्वक तयार पारेका हुन्।

सिक्किम विश्वविद्यालयको नियमअनुसार प्रस्तुत लघुशोधप्रबन्धलाई उचित मूल्याङ्कन र आवश्यक कार्यका निम्ति म सम्बन्धित निकायमा अग्रसारित गर्दछु।

पुष्पशर्मा

पुष्प शर्मा

शोध निर्देशक

सह प्राध्यापक, नेपाली विभाग

सिक्किम विश्वविद्यालय

मितिः ३१ | १२ | २०१७

6th Mile, Samdur, PO Tadong 737102, Gangtok, Sikkim, India.
Phone: + 91- 3592-251342 (O), www.sikkimuniversity.ac.in

## कृतज्ञता ज्ञापन

प्रस्तुत शोधकार्य मैले आदरणीय गुरुमा पुष्प शर्माको निर्देशनमा तयार पारेको हुँ। यस शोधकार्यको तयारी क्रममा अन्य जानकार व्यक्तिहरूबाट पनि आवश्यक सहयोग पाएको छु। सर्वप्रथम सुझाव , सहयोग र कुशल निर्देशनका लागि शोधनिर्देशक डा पुष्प शर्माप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। प्रस्तुत लघुशोधप्रबन्ध लेखनका लागि प्रेरणा र हौसला दिनु हुने विभागका सम्पूर्ण प्राध्यापक-प्राध्यापिकाहरूप्रति पनि आभार व्यक्त गर्दछु।

शोधकार्यका सन्दर्भमा आवश्यक सामग्री सङ्कपलन तथा अन्यान्य सहयोगहरू उपलब्ध गराई सहयोग गरिदिनु हुने समालोचक रूपेश शर्मा , आदरणीय सर अवीर खालिङ ,श्रीमान शङ्केर प्रधान, श्रीमान प्रभात थापा, श्रीमान इन्द्रबहादुर गुरुङ,श्री महेश दहाल, श्री सुरज गुरुङ, मनोज विश्वनकर्मा (उप प्राध्यापक , हिन्दी विभाग , उत्तर बंग विश्विविद्यालय) ,उत्तर बंग विश्वनविद्यालयका शोधार्थी मित्रहरूश्री आदर्श सुन्दास, सुश्री नवीना थापा, श्रीसरोज लामा,तथा मेरा सम्पूर्ण सहपाठी साथीहरूलाई पनि हार्दिक धन्यवाद दिँदछु। यसै प्रकियामा विशेष सहयोग पुर्याणउनु हुने सि क्किदम विश्वसविद्यालयको केन्द्रीय पुस्तकालय , केन्द्रीय पुस्तकालय उत्तर बंग विश्वहविद्यालयप्रति म आन्तरिक हृदयबाट आभार प्रकट व्यक्त गर्दछु।

रूद्र छेत्री

एमफिल शोधार्थी

क्रम संख्या 16MPNP06

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काोय

सिक्किसम विश्वहविद्याल

# संक्षिप्ति शब्दावली

पृ..........................................पृष्ठ

पृ. सं....................................... पृष्ठ संख्या

प्र. सं....................................... प्रथम संस्करण

दो. सं...................................... दोस्रो संस्करण

चौ. सं..................................... चैथो संस्करण

पाँ. सं...................................... पाँचौं संस्करण

सा सं........................................ सातौं संस्करण

आ सं...................................... आठौं संस्करण

प्रका........................................ प्रकाशन

प्रा. लि....................................... प्राइभेट लिमिटेट

वि.सं....................................... विक्रम संवत्

सम्पा....................................... सम्पादक

# विषयसूची


**विषय पृष्ठ संख्या**

भावहरणको प्रमाण पत्र क

प्रतिबद्धता पत्र ख

अग्रसारण ग

कृतज्ञता ज्ञापन घ

संक्षिप्तज शब्दावली ङ

**१ पहिलो अध्याय : शोध परिचय तथा शोधविधि १-१३**

१.१ शोध शीर्षक

१.२ शोध परिचय

१.३ शोधको समस्याकथन

१.४ शोधको उद्देश्यकथन

१.५ पूर्वकार्यको विवरण वा समीक्षा

१.६ शोधको औचित्य र महत्त्व

१.७ शोधको सीमाङ्कतन

१.८ शोधविधि

१.८.१ सामग्री सङ्कलनविधि

१.८.२ सामग्री वर्गीकरण एवं विश्लेमषण

१.९ शोधको रूपरेखा

**२ दोस्रो अध्याय : आधुनिक भारतीय नेपाली कविताको परिचय** **१४-५०**

२.१ कविताको सैद्धान्तिक परिचय

२.२ नेपाली कविताको संक्षिसप परिचय

२.३ आधुनिक भारतीय नेपाली कविताको परिचय

२.३.१ भारत शब्दको अर्थ

२.३.२ आधुनिकताको अर्थ र परिभाषा

२.३.४ भारतीय नेपाली कविताको पृष्ठभूमि

२.३.५ आधुनिक भारतीय नेपाली कविताको विकासक्रम

**३ तेस्रो अध्याय : डुवर्सका नेपाली कविताको विकास परम्परा** **५१-७५**

३.१ डुवर्सको परिचय

३.१.१ डुवर्स शब्दको उत्पत्ति

३.१.२ डुवर्सको ऐतिहासिक पृष्ठभूमि

३.१.३ डुवर्सको भौगोलिक स्थिति

३.१.४ डुवर्समा नेपालीहरूको बसोबासो

३.१.५ डुवर्समा शैक्षिक गतिविधि

३.१.६ डुवर्समा साहित्यिक गतिविधि

३.२ डुवर्सका नेपाली कविताको पृष्ठभूमि

३.३ डुवर्सका नेपाली कविताको विकासक्रम

**४ चौथो अध्याय : डुवर्सका आधुनिक नेपाली कविताको प्रवृत्तिगत अध्ययन ७६-१२३**

४.१ डुवर्सका नेपाली कवितामा आधुनिक प्रवृत्ति

४.१.१ स्वच्छन्दतावादी प्रवृत्ति

४.१.२ जातीयतावादी प्रवृत्ति

४.१.३ यथार्थवादी प्रवृत्ति

४.१.४ प्रगतिवादी प्रवृत्ति

४.१.५ आञ्च४लिकता

**५ पाँचौ अध्याय : उपसंहार तथा निष्कर्ष १२४-१२७**

**५.१ उपसंहार**

**५.२ निष्कर्ष कथन**

**सन्दर्भग्रन्थ १२८-१३३**

**परिशिष्ट**

# पहिलो अध्याय

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत लघुशोधप्रबन्धको शीर्षक **डुवर्सका आधुनिक नेपाली कविताको प्रवृत्तिगत अध्ययन** रहेको छ।

## १.२ शोध परिचय

सत्रौं र अठारौं शताब्दीका अवधिमा ईश्वरकेन्द्रित, भाग्यवादी पश्चिमेली विश्वदृष्टिलाई विस्थापित गरी लौकिक र मानवकेन्द्रित बौद्धिक, तार्किक क्षमताद्वारा उदय भएको एउटा वृहत् विश्वदृष्टि आधुनिकता हो।[१] आधुनिकता शैलीजन्य विषयमात्र होइन, यो एक धारणा पनि हो। परम्परालाई नमान्नु पनि आधुनिकता होइन, तर विश्वका अरू कविता साहित्यमा चलेका चिन्तनधारा, आन्दोलन र चेतनाका स्वरहरूसँग मिल्नसक्नु तथा विश्वव्यापी मानवीय पीडाको अनुभूति गर्नसक्नु आधुनिकताको प्रारम्भिक लक्षण हो, परम्परागत प्रवृत्तिका विरूद्ध नवीन मूल्य र मान्यता, वैज्ञानिक दृष्टिकोण, स्वतन्त्रता, समानता, भातृत्ववादी विचारधाराका

[१] सञ्जीव उप्रेती, वि. स. २०६९, *सिद्धान्तका कुरा,* काठमाडौं, उपलब्धि प्रकाशन सेवा प्रा.लि., पृ. ६६-९३।

आधारमा नयाँ जीवनमूल्यको स्थापना गर्ने सामर्थ्य नै आधुनिकता हो।[२] राजनीति, इतिहास, दर्शन, समाजशास्त्र, अर्थशास्त्र, विज्ञानमा देखापरेको नयाँ चेतनाका साथ साहित्य, कला क्षेत्रमा विकसित स्वच्छन्दतावाद, यथार्थवाद, अतियथार्थवाद, अस्तित्ववाद, दादावाद, घनवाद, आवाँगार्द, प्रतीकवाद, बिम्बवाद, चेतनप्रवाह शैली जस्ता सिद्धान्तका सायुज्यता, सौन्दर्यचेतना नै आधुनिकतावाद हो।

भारतीय नेपाली कविताका सन्दर्भमा आधुनिकता स्वतन्त्रता (१९४७)-पछि विकसित भएको अवधारणा हो। इतिहासकार असीत राई, हरेन आले आदिले स्वातन्त्रोत्तरकाललाई नवआधुनिक तथा अत्याधुनिक पनि भनेको पाइन्छ। घनश्याम नेपालले धरणीधर कोइरालाको काव्यप्रवृत्तिमा झल्केको आधुनिक शिक्षा, नैतिक तथा सांस्कृतिक जागरणको सन्देशलाई आधुनिकतर्फको आग्रह मान्दै सन् १९३४ देखि सुरु भएको स्वच्छन्दतावादी धारादेखि आधुनिकता मान्न सकिने सङ्केत गरेका छन्।[३] यसैकालदेखि भारतीय आधुनिक नेपाली कवितामा स्वतन्त्रता, राष्ट्रवाद, जातिप्रेम, सामाजिक, धार्मिक, राजनीतिक, आर्थिक भेदभावमूलक व्यवस्थाप्रति विरोध, प्रगतिवाद, उदारता र मानवतावादी स्वर प्रकट हुनथालेको पाइन्छ। यसै क्रममा डुवर्सका कविताहरूमा पनि आधुनिक भारतीय नेपाली कवितामा

---

[२] नेत्र एटम र कृष्णहरि बराल, वि. स. २०६८, *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* काठमाडौं: साझा प्रकाशन, पृ ३५७।

[३] घनश्याम नेपाल, सन् २००९, *नेपाली साहित्यको परिचयात्मक इतिहास,* सिलगढी : एकता बुक्स हाउस, पृ. १७५।

प्रचलित विसङ्गतिवादी, यथार्थवादी, अस्तित्ववादी, चेतहरू मूल रूपमा रहेको देखिन्छ। कतिपय कवितामा समसामयिक युगजीवनको समस्या, सङ्कट र प्रगतिवादी दृष्टि गौण रूपमा देखिन्छन्। डुवर्सका कवि कमल थुलुङको *डुवर्स बोल्छ,* वेगबसन्त थापाको *म टिस्टा बगिरहेछु,* गणेश गजमेरको *गाउँलाई भनेर,* अशोक विश्वको *जीवन-नदी,* कितापसिंह राईको *अक्षरानुभूति,* इन्द्रबहादुर गुरुङको *बेदुईन* आदिजस्ता कविताहरू यहाँका चिया श्रमिकहरूको दैनिक जीवनका भोगइहरू, नेपाली-आदिवासीमाझको सम्बन्ध, सांस्कृतिक बहुलता, धार्मिक एकता, मार्क्सवादी चिन्तन आदिमा मुख्य रूपले केन्द्रित रहेको देखिन्छ। मूलतः यिनै प्रवृत्तिहरूको वृत्तमा डुवर्सका आधुनिक नेपाली कविताहरूका विशेषता खुट्ट्याउन सकिन्छ।

प्रस्तुत लघुशोधप्रबन्धमा डुवर्सका जनजीवनले भोगेका र अनुभव गरेका युगीन अनुभूतिहरूलाई प्रवृत्तिगत दृष्टिले अध्ययन गरिएको छ। यसरी हेर्दा यहाँका आधुनिक नेपाली कवितामा प्रवृत्तिगत विविधता रहेको पाइन्छ। युगीन विसङ्गति, जीवनको जटिलता, चिन्हारीको सङ्कट, राजनीतिक, आर्थिक, सामाजिक विषमता र विकृति एवं जीवनप्रतिको उदासीनता, वितृष्णा, अनास्था, निराशा, कुण्ठा, अपुग आवश्यकता, पसिना र श्रमको मूल्यहीनता, दमन, शोषण आदि उद्विग्नताको अभिव्यक्ति भएको पाइन्छ। जनचेतना, आशावादी दृष्टिकोण, सामाजिक यथार्थ, मानवमूल्यको खोजी आदि जस्ता प्रवृत्तिगत विशेषताहरू डुवर्सका आधुनिक नेपाली कवितामा देखिन्छन्।

प्रस्तुत लघुशोधप्रबन्धमा शोधको औचित्य प्रमाणित गरी विभिन्न आधुनिक प्रवृत्तिहरूका केन्द्रियतामा डुवर्सका आधुनिक नेपाली कविताहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गरिएको छ।

## १.३ शोधको प्रयोजन

प्रस्तुत लघुशोधप्रबन्ध सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागबाट एमफिल उपाधिको प्रयोजनका लागि प्रस्तुत।

## १.४ शोधको समस्याकथन

प्रस्तुत लघुशोधप्रबन्धमा डुवर्समा नेपाली कविताको कालक्रमिक विकास परम्परा देखाउँदै डुवर्सका आधुनिक नेपाली कवितामा पाइने प्रवृत्तिहरूको सम्यक विश्लेणण गरिएको छ। यसो गर्ने क्रममा निम्नलिखित समस्याहरूबारे विचार पुऱ्याइएको छ-

१. डुवर्सका आधुनिक कवि र कविताको मापदण्ड छुट्टयाउने मानक आधार के हो ?

२. डुवर्सका नेपाली कविताको आधुनिककालको थालनी कहिले र कुन कृतिबाट मान्ने ?

३. भारतीय आधुनिक नेपाली कविताको परिप्रेक्ष्यमा डुवर्सका आधुनिक नेपाली कविताको प्रवृत्तिगत विशेषता कस्तो रहेको छ ?

## १.५ शोधको उद्देश्यकथन

१. डुवर्सका आधुनिक कवि र कविताको मापदण्ड छुट्ट्याउने मानक आधार निर्धारण गर्नु।

२. डुवर्सका नेपाली कविताको आधुनिककाल कहिले र कुन कृतिबाट प्रारम्भ भएको खोज गर्नु।

३. भारतीय आधुनिक नेपाली कविताको परिप्रेक्ष्यमा डुवर्सका आधुनिक नेपाली कविताको प्रवृत्तिगत विशेषता खुट्ट्याउनु।

## १.६ पूर्वकार्यको विवरण र समीक्षा

डुवर्समा नेपाली कविताको प्रारम्भ सन् १९४२ मा दिलबहादुर सरदारको *धामीको सवाई*बाट भएको मानिन्छ। आजसम्म प्राप्त जानकारीअनुसार ७४ वर्षको दीर्घकालीन डुवर्सको नेपाली कविता यात्रामा पाइने विभिन्न मोड, प्रवृत्तिहरूबारे विभिन्न पुस्तक र पत्रपत्रिकाहरूमा छिटपुट चर्चा गरिएको पाइन्छ, तथापि डुवर्सका आधुनिक नेपाली कविताहरूको प्रवृत्तिगत रूपमा विस्तृत चर्चा भएको पाइँदैन। भारतीय नेपाली कविताको विकासमा डुवर्सका नेपाली कविताले महत्वपूर्ण योगदान दिएको पाइए तापनि यसबारे सन्तोषजनक अध्ययन, अनुसन्धान भएको पाइँदैन। आजसम्म डुवर्सका नेपाली कविताबारे जे जति पनि कार्यहरू भएका छन् त्यसका आधारमा निम्नललिखित पूर्वकार्यको विवरण र समीक्षा प्रस्तुत गरिएको छ-

मननारायण प्रधानले आफ्ना समालोचनात्मक कृति *केही साहित्यिक अध्ययन र मूल्याङ्कन* (सन् १९९१) मा डुवर्सका नेपाली साहित्यको इतिहासलाई तीन चरणमा विभाजन गरेर यसको कालक्रमिक विकास देखाउँदै डुवर्सबाट प्रकाशित कृतिहरूको सूची प्रस्तुत गरेका छन्।

निर्मल शर्माद्वारा लिखित *टिस्टा-सुनकोशको गढतिर* (सन् २००९) पुस्तकमा डुवर्सका नेपाली कविताको विकासको चर्चा गरिएको छ। यसमा शर्माले डुवर्सका कविहरूको संक्षिप्त जानकारी दिनका साथै यस क्षेत्रबाट प्रकाशित विभिन्न कविता सङ्ग्रहरूका सूची निर्धारण गरेका छन्।कितापसिंह राईले आफ्नो पुस्तक *सिर्जना र समीक्षण* (सन् २०१०)-मा डुवर्सको साहित्यिक गतिविधिको चर्चा गर्दै यहाँका कवितामा मुख्य रूपले शोषण, सङ्घर्ष र अस्तित्व रक्षाको सन्दर्भमा त्रासदीपूर्ण स्वर रहेको उल्लेख गरेका छन्।

देवराज शर्माले आफ्नो समीक्षात्मक कृति *काव्य निरूपण* (सन् २०१२)-मा विभिन्न काव्य कृतिहरूको निरूपण गर्ने क्रममा डुवर्सका दुई कवि जीवन राणा र वेगबसन्त थापाका कविता सङ्ग्रहको पनि निरूपण गरेका छन्।

रूपेश शर्माले आफ्नो पुस्तक *सिर्जना र दृष्टि* (सन् १०१७)-मा डुवर्सका दुईवटा कविता सङ्ग्रहको समीक्षा गरेका छन्। ती कविताहरूमा उदात्त यथार्थवादी र प्रगतिवादी प्रवृत्ति रहेको कुराको विश्लेषणात्मक चर्चा पनि शर्माले गरेका छन्।

बङ्गला भाषाका लेखक प्रमोद नाथले *डुवर्से नेपाली साहित्यचर्चा* (सन् २००४)-मा डुवर्समा नेपाली भाषा साहित्यको विकासको चर्चा गर्दै डुवर्सका नेपाली साहित्यकार, साहित्यिक कृति तथा पत्रपत्रिकाको संक्षिप्त परिचय प्रस्तुत गरेका छन्।

माथि उल्लेख गरिएका पुस्तकहरूबाहेक केही पत्रपत्रिकामा पनि डुवर्सका नेपाली कविताहरूको चर्चा भएको पाइन्छ। यी पत्रपत्रिकामा प्रकाशित लेखहरू डुवर्सका सम्पूर्ण कवितामा केन्द्रित नरहेर केवल एकजना कवि तथा तिनका कवितामा मात्र केन्द्रित रहेको पाइन्छ।

सित्तम मोक्तान र अन्यद्वारा सम्पादित *अवलोकन* (सन् २०१६), वर्षः २, अङ्कः २, पत्रिकामा रूपेश शर्माका *"इन्द्रबहादुर गुरूङ हुन्, इन्द्रबहादुर गुरूङ होइनन्* शीर्षक लेखमा *जहाँ समग्र गोर्खा जाति दुख्छ त्यहाँ इन्द्रबहादुर गुरूङलाई चर्को आइय्या हुन्छ"* भनेर डुवर्सका कवितामा रहेको जातीयतावादी प्रवृत्तितिर सङ्केत गरिएको छ।

अबीर खालिङद्वारा सम्पादित *नयाँ संवाद* (सन् २०१५), प्रवेशाङ्क, पत्रिकामा प्रकाशित रूद्र छेत्रीको लेख "अक्षरानुभूति र कवि कितापसिंहका कवित्वः सरल चर्चा"- मा कवि कितापसिंह राईका कवितामा जातीयतावादी, स्वच्छन्दतावादी तथा सांस्कृतिक चेतनाजस्ता प्रवृत्तिहरू रहेको उल्लेख पाइन्छ।

जीवन राणाद्वारा सम्पादित *त्रिवेणी, प्रतिभा विशेषाङ्क* (सन् २००७), वर्षः १७ अङ्कः ६ पत्रिकामा कमल थुलुङले "श्री कितापसिंह राईः आफ्नो कविता यात्रामा" नामक लेखमा कवि कितापसिंह राईका काव्य प्रवृत्तिको चर्चा गर्दै तिनको *जीवनफूल* कविता संग्रहको विश्लेषण प्रस्तुत गरेको पाइन्छ।

## १.७ शोधको औचित्य र महत्व

भारतीय नेपाली कविताको विकास र सम्वर्द्धनमा डुवर्स क्षेत्रको योगदान महत्वपूर्ण रहेको पाइन्छ। तथापि डुवर्स क्षेत्रबाट लेखिएका कविताहरूको वस्तुनिष्ठ गहन अध्ययन भने भएको पाइँदैन। यसकारण भारतीय नेपाली कवितामा डुवर्सका कविहरूले पुऱ्याएको योगदानको सम्मान गर्दै तिनका कविताहरूका प्रवृत्तिगत विश्लेषण र मूल्याङ्कन गर्नुमा प्रस्तुत लघुशोधप्रबन्धको महत्त्व र औचित्य रहको छ।

## १.८ शोधको सीमाङ्कन

प्रस्तुत लघुशोधप्रबन्धमा सन् १९८० देखि सन् २०१६ सम्म लेखिएका डुवर्सका नेपाली कविताहरूको अध्ययनमा सीमाङ्कन गरेर आधुनिक प्रवृत्तिका आधारमा केही प्रमुख कविता सङ्ग्रहहरूको विश्लेषण गरिएको छ।

## १.९ शोधविधि र ढाँचा

प्रस्तुत लघुशोधप्रबन्ध निगमनात्मक शोधपद्धतिको आधारमा गरिएको छ, जसअन्तर्गत सर्वेक्षणात्मक, पुस्तकालयीय अध्ययनका साथै विश्लेषणात्मक समालोचना प्रणालीलाई पनि अँगालिएको छ। यसका प्राविधिक पक्षका लागि *नेपाली लेखन शैली* (सन् २०१०) लाई आधार मानिएको छ।

### १.९.१ शोधको सामग्री सङ्कलन विधि

प्रस्तुत लघुशोधप्रबन्धका निम्ति प्राथमिक स्रोत (सम्बन्धित विषयका ज्ञाता), द्वितीय स्रोत (पुस्तकालयीय वा क्षेत्रगत अध्ययन) र तृतीय स्रोत (वेभ)-द्वारा अध्ययन सामग्री सङ्कलन गरिएको छ।

### १.९.२ सामग्री वर्गीकरण एवं विश्लेषण विधि

प्रस्तावित शोधकार्यमा सङ्कलित सामग्रीहरूबाट चाहिने र उपयुक्त सामग्रीहरूको छनौट गरी गुणात्मकताका आधारमा सैद्धान्तिक मतहरू निरूपण गरिएको छ। यसका साथै सामग्रीहरूको सत्यापन, अर्थापन र विश्लेषण विधिद्वारा शोधको निष्कर्ष निकालिएको छ।

### १.१० शोधको रूपरेखा

प्रस्तुत लघुशोधप्रबन्धमा पाँचवटा अध्याय रहेका छन्, जसको संरचनात्मक ढाँचा निम्नलिखित रूपमा रहेको छः

**१ पहिलो अध्याय : शोध परिचय तथा शोधविधि**

१.१ शोध शीर्षक

१.२ शोध परिचय

१.३ शोधको समस्याकथन

१.४ शोधको उद्देश्यकथन

१.५ पूर्वकार्यको विवरण वा समीक्षा

१.६ शोधको औचित्य र महत्त्व

१.७ शोधको सीमाङ्कन

१.८ शोधविधि

१.८.१ सामग्री सङ्कलनविधि

१.८.२ सामग्री वर्गीकरण एवं विश्लेषण

१.९ शोधको रूपरेखा

**२ दोस्रो अध्याय : आधुनिक भारतीय नेपाली कविताको परिचय**

२.१ कविताको सैद्धान्तिक परिचय

२.२ नेपाली कविताको संक्षिप्त परिचय

२.३ आधुनिक भारतीय नेपाली कविताको परिचय

२.३.१ भारत शब्दको अर्थ

२.३.२ आधुनिकताको अर्थ र परिभाषा

२.३.४ भारतीय नेपाली कविताको पृष्ठभूमि

२.३.५ आधुनिक भारतीय नेपाली कविताको विकासक्रम

**३ तेस्रो अध्याय : डुवर्सका नेपाली कविताको विकास परम्परा**

३.१ डुवर्सको परिचय

३.१. डुवर्स शब्दको उत्पत्ति

३.१.२ डुवर्सको ऐतिहासिक पृष्ठभूमि

३.१.३ डुवर्सको भौगोलिक स्थिति

३.१.४ डुवर्समा नेपालीहरूको बसोबासो

३.१.५ डुवर्समा शैक्षिक गतिविधि

३.१.६ डुवर्समा साहित्यिक गतिविधि

३.२ डुवर्सका नेपाली कविताको पृष्ठभूमि

३.३ डुवर्सका नेपाली कविताको विकासक्रम

**४ चौथो अध्याय : डुवर्सका आधुनिक नेपाली कविताको प्रवृत्तिगत अध्ययन**

४.१ डुवर्सका नेपाली कवितामा आधुनिक प्रवृत्ति

४.१.१ स्वच्छन्दतावादी प्रवृत्ति

४.१.२ जाति प्रेमपरक प्रवृत्ति

४.१.३ यथार्थवादी प्रवृत्ति

४.१.४ प्रगतिवादी प्रवृत्ति

४.१.५ आञ्चलिकताबोधक प्रवृत्ति

**५ पाँचौ अध्याय : उपसंहार र निष्कर्ष**

**सन्दर्भग्रन्थ**

**परिशिष्ट**

# दोस्रो अध्याय

# आधुनिक भारतीय नेपाली कविताको विकासक्रम

## २.१ कविताको सैद्धान्तिक परिचय

कविता शब्द संस्कृतको तत्सम शब्द हो। कवितालाई पूर्व तथा पश्चिम दुवैतिरका साहित्यमा लोकप्रिय विधा मानिन्छ। कविता वा काव्य शब्द कविबाट बनिएको हो। कवि शब्दमा त (तल) र आ (टाप्) प्रत्यय लाग्नाले कविता शब्दको व्युत्पत्ति भएको मानिन्छ।[४] कविले रचनाकारलाई अनि कविताले कविको रचनालाई बुझाउँछ। यस व्युत्पत्तिअनुसार कविता भनेको कविको रचना वा सिर्जना विशेष हो। अर्को अर्थमा भन्नुपर्दा कविको कर्मनै काव्य हो। पूर्वीय साहित्यमा काव्य, कविता र कवि शब्द एकअर्कासित जोडिएका छन्। कविद्वारा कविता काव्यको सिर्जना गरिन्छ, यसैले कविता काव्यलाई कवि कर्म भनिएको छ।[५]

कविताको परिभाषासम्बन्धी पूर्व एवम् पश्चिमका विद्वानहरूले व्यापक चर्चा-परिचर्चा गरेका छन्। जसमध्ये केही प्रमुख परिभाषाहरू यँहा प्रस्तुत गरिन्छ-

[४] कृष्णविलास पौड्याल, वि. स. २०५९, *साहित्य सिद्धान्त*, काठमाडौं : श्रीकृष्ण प्रकाशन, पृ. २।

[५] अर्चना श्रीवास्तव, सन् २०१०, *भारतीय तथा पाश्चात्य काव्यशास्त्र*, वाराणसी : विश्वविद्यालय प्रकाशन, पृ. १।

छैटौं शताब्दीतिरका आचार्य भामहले *काव्यालङ्कार*मा कवितालाई यसरी परिभाषित गरेका छन् *शब्दार्थौं सहितौं काव्यम्*।[६] अर्थात शब्द र अर्थको संयुक्त रूपनै कविता हो।

आचार्य विश्वनाथले रसलाई नै काव्यको आत्मा मान्दै *साहित्य दर्पणमा* रसात्मक वाक्यलाई काव्य भनेका छन्। *वाक्यम रसात्मकम् काव्यम्*।[७]

नवौं शताब्दीका आचार्य वामनले काव्यमा शैलीलाई महत्त्वपूर्ण मान्दै रीति (शैली)-लाई काव्यको आत्मा मानेका छन्। *रीतिरात्मा काव्यस्य*।[८]

अङ्ग्रेजीका प्रसिद्ध कवि पर्सी बिसी शेलीले कवितालाई कल्पनाको अभिव्यक्ति मानेका छन्।[९]

मेथ्यू अर्नोल्डले कवितालाई जीवनको समालोचनाको रूपमा परिभाषित गरेका छन्।[१०]

विलियम वर्डस्वर्थले भावलाई प्रधानता दिदै काव्य शान्तिको क्षणमा स्मरण गरिने प्रवल मनोवेगको स्वच्छन्द प्रवाह हो भनेका छन्। उनी भावलाई महत्त्व दिने र शान्तिकालीन मानसिक भावनाको पक्षमा देखिन्छन्।[११]

---

[६] कृष्णविलास पौड्याल, पूर्ववत्, पृ. ४।
[७] पूर्ववत्।
[८] पूर्ववत्, पृ. ५।
[९] पूर्ववत्, पृ. ६।
[१०] पूर्ववत् ।
[११] पूर्ववत्, पृ. ७।

महाकवि लक्ष्मीप्रसाद देवकोटा अनुसार *कविता कोमल बनिता हो* अर्थात कविता नारी झैं कोमल रचना हो।[१२]

कविशिरोमणि लेखनाथ पौड्याल अनुसार *विचारशाली मीठा कुरा नै कविता हो।*[१३]

प्रसिद्ध नाटककार बालकृष्ण समको मतमा *कविता भावनाको बौद्धिक कोमलता हो।*[१४]

प्रस्तुत शोधको केन्द्रीय विषय कविता भएको हुनाले नेपाली कविता साहित्यको विकासक्रमको संक्षिप्त परिचय प्रस्तुत गरिन्छ-

## २.२ नेपाली कविताको संक्षिप्त परिचय

नेपाली भाषाको लिखित प्रयोग एघारौं शताब्दीबाट भएको मानिन्छ। नेपाली साहित्य धेरै समयसम्म अभिलेख र वाङ्मयग्रन्थका लेखनकालमा नै अल्झन पुगेको देखिन्छ। नेपाली साहित्यको पृष्ठभूमि मात्र निर्माणमा यी अभिलेख र अनुवादग्रन्थको महत्वपूर्ण भूमिका रहेको पाइन्छ। पृथ्वीनारायण शहाकालमा केही साहित्यकारहरू देखापरेपछि मात्र नेपाली साहित्य लेखनको प्रारम्भ भएको मानिन्छ। सन् १७६९ तिर रचित सुवानन्द दासको *पृथ्वीनारायण*

---

[१२] पूर्ववत्, पृ. ५।

[१३] पूर्ववत्, पृ. ४।

[१४] पूर्ववत्, पृ. ५।

कवितालाई नै पहिलो लेख्य कविता मानिन्छ।[१५] अतः सुवानन्द दासको *पृथ्वीनारायण* कविताको रचनाकाल सन् १७६९ लाई नेपाली कविताको यात्रा बिन्दु मान्न सकिन्छ। यस दृष्टिले हेर्दा आजसम्मको नेपाली कविता साहित्यको इतिहास लगभग २४० वर्ष लामो पाइन्छ। यति लामो नेपाली कविता साहित्यको इतिहासलाई अध्ययन सुविधाको निम्ति विभिन्न इतिहासविद्हरूले विभिन्न आधारमा विभिन्न कालखण्डमा वर्गीकरण गरेर अध्ययन गरेका छन्। ती वर्गीकरणहरूलाई प्रमुख आधार मान्दै नेपाली कविताको विकासको चर्चा गरिन्छ-

१.प्राथमिक काल (सन् १७६९-१८८३)

२.माध्यामिक काल (सन् १८८४-१९१७)

३.आधुनिक काल (सन् १९१८-हालसम्म)

**१.प्राथमिक काल (सन् १७६९-१८८३)**

नेपाली कविता साहित्यको प्राथमिक काललाई दुई धारा वा प्रवृत्तिमा विभाजन गरेर अध्ययन गरिन्छ

(१) वीरधारा (१७६९-१८२५)

(२) भक्तिधारा (१८२६-१८८३)

---

[१५] वासुदेव त्रिपाठी (सम्पा), वि. स. २०६४, नेपाली कविता भाग-१,(सा सं), काठमाडौं : साझा प्रकाशन, पृ. २२।

### (१) वीरधारा (सन् १७६९-१८२५)

सुवानन्द दासले युद्धको वर्णन, वीरहरूको स्तुतिबाट नेपाली कविताको प्रारम्भ गरेपछि त्यसै परम्परामा धेरै समयसम्म नेपाली कविता लेखिएको पाइन्छ। आधुनिक नेपालको एकीकरण एवम् राज्य विस्तारको समयलाई नेपाली कविताको वीरगाथाकाल मानिन्छ। वीरगाथाकालमा युद्ध र योद्धाको वर्णन गर्नु नै यस समयका कविहरूको मुख्य उद्देश्य रहेको देखिन्छ। सुवानन्द दासलाई नेपालीका पहिलो कवि मानिन्छ। उनको *पृथ्वीनारायण* कविता (सन् १७६९) लाई पहिलो नेपाली कविता मानिन्छ। सुवानन्द दासले कवितामा पृथ्वीनारायण शाहको स्तुति गरेको पाइन्छ।[१६] वीर रसपूर्ण यस कवितामा कविले लोकलयमा आधारित कवित्त छन्दको प्रयोग गरेका छन्। शक्तिवल्लभ अर्याल यस धाराका अर्का प्रमुख कवि हुन्, उनको *तनहुँ भकुण्डो* नामक कविता पाइन्छ। यस कालमा देखा पर्ने अन्य कवि र कविताहरूमा उदयानन्द *अर्यालका पुरानो बातको अर्जी, कुल वर्णन* र *बेताल पच्चिसी,* सुन्दरानन्द बाँडाको *त्रिरत्न सौन्दर्य गाथा,* गुमानी पन्तको *धन्य गोर्खाली राजा* आदि देखा पर्दछन्। यी कविताहरू वीर रसपूर्ण र स्तुतिपरक देखिन्छन्। वीर र वीरताको वर्णन गर्नु, आफ्ना नायकलाई जोश र उत्साह प्रदान गर्नु राष्ट्रप्रेम र राष्ट्रियताको बोध संचार गराउनु आदिलाई यस समयका काव्यगत प्रवृत्ति मान्न सकिन्छ। विभिन्न प्रतीक, बिम्ब, छन्द,

[१६] पूर्ववत्।

अलङ्कार आदिको सफल प्रयोग पनि यस कालका कवितामा भएको पाइन्छ। फुटकर कविताका साथै *वेताल पच्चिसी* जस्ता बृहत् काव्यको रचना पनि यस कालमा भएको पाइन्छ।

**(२) भक्तिधारा (सन् १८२६-१८८३)**

नेपालको राजनीतिमा आएको उतार चढाउले नेपाली कविता लेखन प्रवृत्तिमा नयाँ विचारका साथै नयाँ मोड सिर्जना भएको पाइन्छ। नेपालको एकीकरण एवम् राज्यविस्तारको अभियान तथा नेपाल अङ्ग्रेजमाझको युद्धले नेपाली कविता साहित्यमा भक्तिधाराको उदय भएको मानिन्छ। नेपाल अङ्ग्रेजमाझ भएको *सुगौली सन्धि* (सन् १८१५) अनुसार नेपालले आफ्नो कतिपय भू-भाग गुमाउनु परेको थियो भने अङ्ग्रेजहरू नेपालमा पनि पस्नेछन् भन्ने कुराले जनसाधरण भयभीत थिए।[१७] यस्ता राजनीतिक घटना तथा नेपाली समाजको आध्यात्मिक झुकाउलाई नेपाली कवितामा भक्तिधाराको उदयको प्रमुख कारक तत्व मान्न सकिन्छ। नेपाली कविताको विकासमा भक्तिकाव्यको महत्वपूर्ण योगदान रहेको पाइन्छ। भक्तिधारालाई पनि तीनवटा धारामा विभाजन अध्ययन गरिएको पाइन्छ-

(क) कृष्ण भक्तिधारा

(ख) राम भक्तिधारा

[१७] पूर्ववत्।

(ग) निर्गुन भक्तिधारा

**(क) कृष्ण भक्तिधारा**

कृष्ण भक्तिधाराका कविहरूको आस्थाका केन्द्र कृष्ण रहेको देखिन्छ। यस धाराका कविताहरूमा काव्य नायक, आराध्य देव कृष्ण रहेको पाइन्छ। यस धारामा देखापरेका प्रमुख कवि र कविताहरूमा इन्दिरसको *गोपिका स्तुति, गोपि रक्ष* आदि पाइन्छ। यसैगरी विद्यारण्यकेशरी अर्यालका *युगल गीत, द्रौपदी स्तुति,* बसन्त शर्माका *श्री कृष्ण चरित्र, समुद्र लहरी, सरस प्रेमावली,* यदुनाथ पोखरेलका *स्तुति पद्य, कृष्ण चरित्र,* हीनव्याकरण विद्यापतिका *राग बाहमासा, सातराग, गीत गोविन्द,* पतञ्जली गजुऱ्यालका *बाल गोपाल वाणी, हरिभक्तमाला,* आदि जस्ता काव्य रचनाहरू देखा परेका छन्।[१८] प्रायः यी सबै रचनाहरू अनुवाद गरिएको मानिन्छ। अनुवाद गरिएका भए तापनि यी कविताहरूमा असल भाषाशैली तथा कृष्ण भक्तिको सफल प्रयोग भएको पाइन्छ।

**(ख) राम भक्तिधारा**

राम भक्तिधाराका कविहरूले अध्यात्म रामायणलाई कविताको मूल आधार बनाएको देखिन्छ। कवितामा कविहरूले आस्थाको केन्द्र रामलाई मानेको पाइन्छ। रामभक्तिलाई

---

१८ पूर्ववत्, पृ. २३।

कवितात्मक अभिव्यक्ति दिनु यस कालका कविताको मुख्य उद्देश्य रहेको देखिन्छ। प्राथमिककालीन नेपाली कवितामा उत्कृष्ट काल नै भक्तिकाललाई मानिन्छ भने भक्तिकालमा पनि उत्कृष्ट धारा रामभक्ति धारा बन्न पुगेको देखिन्छ। जसरी कृष्णको लीला, चमत्कार र प्रेमभावको महिमा कृष्णभक्ति धाराका कविताहरूमा पाइन्छ त्यसैगरी रामको आदर्श, वीरता, अनुशासन, सत्यताको महिमा रामभक्ति धाराका कविताहरूमा पाइन्छ।[१९]

रामभक्ति धाराका कविहरूमध्ये भानुभक्त आचार्यलाई केन्द्रिय कवि मानिन्छ। उनले *भक्तमाला, प्रश्नोत्तरमाला, रामायण, बधुशिक्षा, रामगीता* आदि काव्य कृतिको रचना गरेका छन्। रामभक्ति धाराका अर्का प्रमुख कवि हुन् रघुनाथ भट्ट, उनको *सुन्दरकाण्ड रामायण* प्राप्त छ। यस धाराका उल्लेख्य कविहरूमा भानुभक्त आचार्य, रघुनाथ भट्ट, पताञ्जली गजुऱ्याल, रामदास आदि हुन्।

**(ग) निर्गुण भक्तिधारा**

भक्तिधाराको तेस्रो धारा निर्गुण भक्तिधारा हो। यसमा कृष्ण र राम दुवैलाई पुज्य देव नमानि संसारिक मोहमाया त्यागेर वैराग्यलाई वरण गर्ने सन्तहरूद्वारा निर्गुण भक्ति काव्य लेखिएको पाइन्छ। यिनीहरू कवितामा ईश्वरको निराकार रूपका उपासना गर्दछन्। कर्मकाण्ड, बलीप्रथा, जातीय विभेद, अनाचार-दुराचार आदिको तीब्र विरोध गर्दछन्। निर्गुण भक्तिधाराका

---

१९ पूर्ववत्, पृ. २४।

कविताहरू मौलिक र उत्कृष्ट देखिन्छन्। यस धाराका कवि र कविताहरूमा शशिधरका *वैराग्य वरण, बानोपनिषद्* अगमदिल दासका *सोह्र निर्गुण कविता,* अखडदिल दासका *पाँच निर्गुण भजन,* ज्ञानदिल दासका *उदय लहरी, भजन सङ्ग्रह* आदि प्रमुख देखिन्छन्। यीमध्ये ज्ञानदिल दास धेरै अघि छन्।[२०]

**(२) माध्यमिक काल (सन् १८८४-१९१७)**

नेपाली कविता साहित्यमा मोतीराम भट्टको प्रवेशपछिको समयलाई माध्यमिककाल मानिन्छ। नेपाली कविता साहित्यको माध्यमिक कालमा श्रृङ्गारधारा केन्द्रिय प्रवृत्तिको रहेको पाइन्छ। मोतीराम भट्टको सबल नेतृत्वमा यो माध्यमिक काल गतिशील बनेको हुनाले यस युगलाई मोतीराम युग पनि भनिएको पाइन्छ।[२१] मोतीरामले गीति कविताको विकासमा महत्वपूर्ण योगदान दिएका छन्। यिनले भनुभक्त आचार्यका विभिन्न रचनाहरू खोज्ने र जीवनचरित्र सहित सबैको प्रकाशन गर्ने काम गरेका छन। मोतीराम भट्ट *मोती मण्डली* त्यार गरी साहित्यिक छलफल, गोष्ठी एवम् समस्या पूर्तिका कविताहरू लेख्ने साहित्यिक वातावरण बनाउन बढी सक्रिय रहेका देखिन्छ। उनका *पिकदुत, मोतीराम भट्टका गजलहरू* आदि माध्यामिक कालका प्रसिद्ध कृति हुन्। यस कालका अर्का कवि केदरनाथ खतिवाडाले *शुभ*

२० पूर्ववत्, पृ. २३।
२१ पूर्ववत्, पृ. २५।

*विवाह, श्रृङ्गार दर्पण* आदि रचनालाई श्रृङ्गारिक प्रवृत्तिमै प्रस्तुत गरिएको पाइन्छ। शम्भुप्रसाद ढुङ्गेलका *पञ्चक- प्रपञ्चक, प्रताप वर्णन, कृष्ण चरित्र, बाह्रमासे, वेश्या वर्णन र अन्य फुटकर कविताहरू* प्राप्त छन्। राजीवलोचन जोशीका *केदार कल्प, विषमात, हर्षतरङ्गीनि,* शिखरनाथ सुवेदीका *बृहत् कृष्ण चरित्र, श्रृंगार दर्पण,* रामप्रसाद सत्यालका *वीरपत्नी, वनमाला,* कृष्णप्रसाद रेग्मीका *बाह्रमासे, ऋतुमाला, श्रृङ्गरमाला,* आदिलाई पनि यस कालका प्रमुख रचना मानिन्छ।[२२] माध्यमिककालीन काव्यधारामा श्रृङ्गारिक भावमा विभिन्न फुटकर कविता र गजलहरूको रचना भएको पाइन्छ। मुख्यतः श्रृङ्गारिक प्रवृत्तिनै केन्द्रिय प्रवृत्ति रहे तापनि यस कालमा पूर्ववर्ती भक्तिधारा तथा अन्य प्रवृत्तिहरू पनि गौण रूपमा देखापर्दछन्। माध्यमिक कालीन कविताको श्रृङ्गारिक भाव धाराको उत्कर्ष काल तथा उत्तरार्द्धमा आधुनिक नेपाली कविताका प्रारम्भ कर्ता लेखनाथ पौड्याल पनि देखापर्दछन्। यिनका कवितामा भाषा शैलीगत परिष्कार पाइने हुनाले यीनलाई माध्यमिक कालीन कवि भन्न नमिल्ने देखिन्छ। सुक्ति सिन्धु (१९१७) कविता सङ्ग्रहले श्रृङ्गारिक प्रवृत्तिलाई चरम उत्कर्षमा पुऱ्याएको पाइन्छ। यसरी श्रृङ्गारिक भाव धाराका विभिन्न फुटकर कविता, गीत, गजल, खण्डकाव्य आदि रचनाहरूले माध्यमिक कालीन नेपाली कवितालाई विकसित तुल्याएको पाइन्छ।

---

२२ पूर्ववत्, पृ. २६।

## (३) आधुनिककाल (सन् १९१८ -हालसम्म)

नेपाली साहित्यका केही इतिहासकारहरू लेखनाथ पौड्यालका *ऋतुविचार* (सन् १९१६) खण्डकाव्यको प्रकाशन सँगसँगै नेपाली कवितामा आधुनिकताले प्रवेश गरेको मान्दछन् भने केही विद्वानहरूका विचारमा आधुनिकता सन् १९३४-मा लक्ष्मीप्रसाद देवकोटाको उदयसँगै प्रारम्भ भएको पाइन्छ। जे भए तापनि श्रृङ्गारिकधारा चरमोत्कर्षमा पुगेपछि परिष्कारवादी प्रवृत्तिलाई आत्मसात गर्दै *ऋतुविचार* प्रकाशित भएपछि नेपाली कविता त्यही परिष्कारवादी धारातिरै ढल्केको देखिन्छ। यसै धाराको प्रारम्भदेखि नेपाली कविता साहित्यमा आधुनिककालको सुरुवात भएको मान्न सकिन्छ। आधुनिक नेपाली कवितामा विभिन्न धारा र प्रवृत्तिहरू पाइन्छन्। यिनै प्रवृत्तिका आधारमा आधुनिक नेपाली कवितालाई निम्न चार चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ-

(१) परिष्कारवादी धारा (सन् १९१८-१९३३)

(२) स्वच्छन्दतावादी प्रगतिवादी धारा (सन् १९३४-१९५९)

(३) प्रयोगवादी धारा (सन् १९६०-१९७२)

(४) समसामायीक धारा (सन् १९७३- हालसम्म)

## (१) परिष्कारवादी धारा (सन् १९१८-१९३३)

आधुनिक नेपाली कवितामा परिष्कारवादी धाराको थालनी लेखनाथ पौड्यालबाट भएको मानिन्छ। उनका *ॠतुविचार, बुद्धिविनोद, सत्यकली संवाद, मेरो राम, तरूण तपसी,* जस्ता कविता कृतिहरूले यस धारालाई विकसित तुल्याएको देखिन्छ। यस धाराका अर्का कवि सोमनाथ सिग्द्यालका *आदर्श राघव, र अन्य फुटकर कविताहरू,* बालकृष्ण समका *आगो र पानी खण्डकाव्य, समका कविता,* जस्ता रचनाहरूले यस धारालाई उन्नत तुल्याएको देखिन्छ। यस धाराका अन्य कवि र कविताहरूमा महानन्द सापकोटाका *मनलहरी, हाम्रो नेपाल,* पारसमणि प्रधानका *बटुल बाटुल र जपमाला,* पुष्पलाल उपाध्यायका *पुष्पाञ्जली, उषा,* रामचन्द्र गिरीका *समाज दर्पण* आदि देखिन्छन्। यसै धारामा देखिएका अन्य कविहरूमा धरणीधर शर्मा, रूद्रप्रसाद कोइराला, भवानी खतिवोडा, माधवप्रसाद देवकोटा आदि पर्दछन्।[२३] परिष्कारवादी धाराका कविताको मुख्य उद्देश्य नै भाव र भाषा परिष्कार गर्नु थियो। भावमा आध्यात्मिक, नैतिक चेतना प्रखर रूपमा प्रस्तुत हुनु नै आदर्शको परिष्कार हो। जुन आदर्शले यहाँ व्यक्ति र समाजको नैतिक उत्थान र सुधारको चाहना व्यक्त गरेको हुन्छ। यस बाहेक लेखनाथका कवितामा प्राकृतिक सौन्दर्यको वर्णन पाइन्छ। धरणिधर कोइरालाका कवितामा काव्य सौन्दर्य, परिष्कार तथा जातीय सुधारका राष्ट्रिय स्वरहरू प्रस्तुत भएका छन्। बालकृष्ण

२३ पूर्ववत्, पृ. २७।

समका कवितामा आध्यात्मिक-भौतिक, वैचारिक र त्यसमा समान्वयवादी चिन्तन परिष्कृत भई देखा परेको पाइन्छ। यसरी सामाजिकता, आध्यात्मिकता, बौद्धिकता आदिको प्रयोग परिष्कारवादी धाराका मुख्य विशेषताहरू हुन्।[२४]

### (२) स्वच्छन्दतावादी-प्रगतिवादी धारा (सन् १९३४-१९५९)

सन् १९३४ मा थालिएको यस धाराले पूर्ववर्ती परिष्कारवादको विरूद्धमा कविता प्रस्तुत गरेको पाइन्छ। यस कालमा आएर नै नेपाली कविताले स्वरूप, भाव र शैली तिनै क्षेत्रमा विविधता अङ्गालेको पाइन्छ। यसै समयमा नै महाकाव्य, खण्डकाव्य र फुटकर कविताका स्वरुप पनि प्रष्ट छुट्टिएको पाइन्छ। गद्य कविताको थालनि पनि यसै कालमा आएर भएको देखिन्छ। आधुनिक नेपाली कवितामा स्वच्छन्दतावादी धाराको थालनी लक्ष्मीप्रसाद देवकोटाबाट भएको पाइन्छ।[२५] नेपाली कविता साहित्यमा स्वच्छन्दतावाद लक्ष्मीप्रसाद देवकोटाको आगमनदेखि (१९३४) उनको अवसानकालसम्म (सन् १९५९) प्रखर रुपमा रहेको हुनाले यस काल तथा युगलाई देवकोटा युग पनि भन्ने गरेको पाइन्छ। स्वच्छन्दतावादी धारालाई आधुनिक नेपाली कविताको सबैभन्दा लामो धारा वा काल पनि मानिन्छ। कविता लेखनमा देवकोटाका कवितामा प्रकृतिवादीका साथै मानवतावादी र

---

२४ पूर्ववत्।

२५ पूर्ववत्, पृ. २८।

क्रान्तिकारी पनि देखापरेका छन्। उनका रचनाहरू *मुनामदन, शाकुन्तल, सुलोचना, महाराणाप्रताप, प्रमिथस* आदि यस कालका उत्कृष्ट कृतिहरू हुन्। यस धाराका अन्य कवि र कविताहरूमा सिद्धिचरण श्रेष्ठका *कोपिला, मेरो प्रतिबिम्ब, उर्वशी,* माधव घिमिरेका *राष्ट्र निर्माता, गौरी, राजेश्वरी, पापिनी आमा,* गोपालप्रसाद रिमालका *आमाको सपना,* केदारमान व्यथितका *नौसालका कविता, एकदिन,* युद्धप्रसाद मिश्रका *चरा,* शिवकुमार राईका *डाँफे चरी* आदि हुन्।[२६]

यस धाराका अर्का महत्वपूर्ण प्रतिभा हुन् अगमसिंह गिरी। आन्तरिक पीडा, दुखबोध र जातीय पीडा उनका काव्यगत विशेषता हुन्। *याद, युद्ध र योद्धा, आँसु, जलेको प्रतिविम्व रोएको प्रतिध्वनि* आदि उनका प्रसिद्ध काव्य कृतिहरू हुन्। यस धाराका अन्य कविहरूमा भवानी भिक्षु, विजय मल्ल, वीरेन्द्र सुब्बा, भूपि शेरचन, नरेन्द्रप्रसाद कुमाई, अच्छा राई रसिक, लक्खिदेवी सुन्दास आदि कविहरूले पनि स्वच्छन्दतावादी धाराको विकासमा महत्वपूर्ण भुमिका निर्वाह गरेका छन्।[२७]

---

२६ पूर्ववत्, पृ. ३१।
२७ पूर्ववत्, पृ. ३०।

**(३) प्रयोगवादी धारा (सन् १९६०-१९७२)**

महाकवि लक्ष्माप्रसाद देवकोटाको देहावसान तथा मोहन कोइरालाको आगमनबाट नेपाली कवितामा नयाँ धाराको प्रारम्भ भएको मानिन्छ। काठमाडौंबाट रूपरेखा सन् १९६० पत्रिकाको प्रकाशन प्रारम्भ भएपछि आधुनिक नेपाली कवितामा प्रयोगवादी धाराको थालनी भएको मानिन्छ। मोहन कोइराला यस प्रयोगवादी धाराका केन्द्रिय कवि हुन्। *रूपरेखा* पत्रिकामा यिनको *घाइते युग* कविता प्रकाशित भएपछि यस धाराको प्रारम्भ भएको मानिन्छ। यिनका *लेक, नदी किनारका माझी, ऋतु निमन्त्रणा* जस्ता लामा कविताहरू र *मोहन कोइरालाका कविता* जस्ता कविताहरू प्रकाशित भएपछि प्रयोगवादी धारा अघि बढेको मानिन्छ। यिनका अतिरिक्त मोहन हिमान्शु थापा, उपेन्द्र श्रेष्ठ, मदन रेग्मी, तुलसी दिवस, बानिरा गीरि, कुमार नेपाल, पारिजात आदि प्रयोगवादी कविहरूले विभिन्न कविताहरू प्रस्तुत गरेका छन्।[२८]

प्रयोगवादी नेपाली कवितालाई भारतबाट आयमेली आन्दोलनले पनि साथ दिएको पाइन्छ। आयामेली लेखनमा ईश्वर बल्लभ र वैराँगी काँइला नायकका रूपमा देखापर्दछन्। आदिले नयाँ प्रयोगधर्मि कविताहरूको रचनाले नेपाली कविताले एउटा नयाँ मोड तथा नयाँ अयाम पाएको देखिन्छ।कवि ईश्वर वल्लभका *आगोका फूलहरू हुन् आगोका फूलहरू होइनन्,*

२८ पूर्ववत्, पृ. ३३।

*एउटा शहरको किनारमा, समानान्तर* आदि यसकालका उत्कृष्ट कृतिहरू हुन् भने *वैराँगी काँइलाका कविता* वैराँगी काँइलाका कविकता हो। केवल नयाँ कविहरूका साथै पूर्ववर्ती चरणका परिष्कारवादी, स्वच्छन्दतावादी, प्रगतिवादी कविहरू पनि यस चरणमा देखापरेका छन्।

प्रयोगवादी धारा र आयमिक लेखन परम्परामा बौद्धिक, अमूर्त र प्रतीकात्मक अभिव्यक्ति पाइन्छ। यो दुर्बोध्य र जटिल संरचनामा रचिएको पाइन्छ। युगीन जीवनको निःस्सारता, विसङ्गतिको चित्रण गर्दै मानव मनका अनुभूतिलाई चेतनप्रवाह पद्धतिमा प्रस्तुत गर्नु यस चरणका कविताहरूको मुख्य विशेषता मान्न सकिन्छ।

**(४) समसामयीक धारा (सन् १९७३- हालसम्म)**

प्रयोगवादी जटिलता र सम्प्रेषण हीनताबाट पाठकलाई मुक्त गराउने प्रयासमा नेपाली कविता साहित्यमा विभिन्न प्रकारका आन्दोलन भएको देखिन्छ। राल्फा, अस्वीकृत जमात, भोको पीढि, आदिका माध्यमबाट कवि र पाठक बीचको सम्बन्ध पूनर्स्थापित गर्ने प्रयास भएको देखिन्छ।[२९] यसै युगलाई नै नेपाली कविताको समसामायीक युग मानिन्छ। यस धारामा देखा पर्ने प्रमुख कवि र कविताहरूमा शरद् छेत्रीका *चेप्टिएको आकाश, मक्किएको चेतना, पर्यटिन, महानिशा* आदि राजेन्द्र भण्डारीका *हिँउदे यी चिसा रातका पर्दाहरू, यी शब्दहरू यी*

२९ पूर्ववत्, पृ. ३६-३७।

*हरफहरू, क्षर-अक्षर,* जीवन नाम्दुङका *वैशाख, जीवन नाम्दुङका कविता,* जस योञ्जन प्यासीका *एउटा देशको खोजीमा, शान्ति सन्देश,* मोहन ठकुरीका *निःशब्द, अभिन्न अक्षर,* मनप्रसाद सुब्बाका *आदिम बस्ती, किनाराका आवाजहरू* आदि छन्।

समसामयिक आधुनिक नेपाली कविताले नेपाली समाजमा देखिएका सामाजिक, राजनीतिक, आर्थिक, विसङ्गति र मानव मूल्यको ह्रासप्रति तिखो व्यङ्ग्य प्रहार गरेको पाइन्छ। यी कविताहरूमा भाषा- शैली, भाव, चिन्तन विषय र विम्व-प्रतीक आदिको कुशल संरचना निर्माण भएको देखिन्छ।[३०]

## २.३ आधुनिकताको सैद्धान्तिक परिचय

आधुनिक शब्दको उत्पत्ति तथा यस सम्बन्धी विद्वानहरूले दिएका परिभाषालाई तल प्रस्तुत गरिन्छ।

### २.३.१ आधुनिकताको अर्थ र परिभाषा

'आधुनिक' अङ्ग्रेजी शब्द 'मोर्डन' (Modern)-को नेपाली रूपान्तरण हो। जसको साधारण अर्थ हालसालको, वर्तमान, नौलो, नवीन आदि भन्ने हुन्छ। *नेपाली बृहत् शब्दकोश* अनुसार

---

३० पूर्ववत्।

यसको अर्थ- भर्खर-भर्खरैको, हालसालको, वर्तमान समयको, नयाँ आदि हुन्छ।[३१] आधुनिक शब्दमा 'ता' प्रत्यय जोडिएर 'आधुनिकता' भएको पाइन्छ, जसले आधुनिक हुनाको अवस्था वा भाव बुझाउँछ। यसको अर्थ नवीनता, नयाँपन आदि हुन्छ। यसलाई आधुनिकतावाद, आधुनिकधाराका रूपमा पनि स्वीकार गरिएको छ। 'आधुनिक' शब्दको उद्गम स्थल यूरोप हो। यसको व्युत्पति ल्याटिन भाषाको 'मोडो'-बाट भएको हो। जसको अर्थ 'यही समय' भन्ने थियो। ल्याटिन भाषामा यस शब्दको प्रयोग पाँचौं शताब्दीदेखि मूल रूपमा ईसाइ युगलाई बुतपरस्त[३२] युगबाट छुट्ट्याउनको निम्ति प्रयोग गरिएको पाइन्छ। अङ्ग्रेजी भाषामा प्रचलित Modern (आधुनिक) शब्दको प्रयोग सत्रौं शताब्दीदेखि भएको मानिन्छ।[३३] सन् १६९०-को दशकमा *क्वारल अफ दी एन्शिएन्ट एन्ड दी मर्डनस्*- के आधुनिक संस्कृति शास्त्रीय (यूनानी-रोमन) संस्कृतिभन्दा राम्रो छ ? भन्ने विवादको रूपमा 'आधुनिक' शब्दको प्रयोग भएको पाइन्छ। यो विवाद सन् १६९० को दशकको आरम्भमा अकाडेमी फ्रान्कैसमा भएको पाइन्छ। अङ्ग्रेजी भाषामा यस शब्दको प्रयोग बिस्तारै बिस्तारै भिन्न अर्थमा हुन थाल्यो। यसले आर्थिक, सामाजिक संरचनामा आउँदै गरेको परिवर्तनलाई बुझाउनका साथसाथै नयाँ विचार एंव मूल्यलाई पनि बुझाउन थालेको पाइन्छ। यसले कालबोध र मूल्यबोध दुवैको

---

३१ कृष्णपारसाद पराजुली, वि. स. २०६९, *नेपाली बृहत् शब्दकोश*, कोठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. १०२।

[३२] बुतपरस्त- (पाँचौ शताब्दीतिरको इस्लामीक युगलाई बुतपरस्त भनिन्छ। जुन युग तथा समयमा इस्लामीहरूले मूर्ति तथा योनिको पूजा गर्थे।)

३३ George Ritz, (Editor), The Blackwell Encyclopedia of Sociology, volume- ११, २००७।

अभिव्यक्ति दिन्छ। यूरोपीय इतिहासमा पुनर्जागरणकाल (सन् १५९०)-देखि दोस्रो विश्वयुद्ध (सन् १९४२-४५) समाप्तिसम्मको अवधिलाई आधुनिककाल भनिएको छ।[३४]

आधुनिक युगको आरम्भ यूरोपमा पुनर्जागरण सँगसँगै भएको मानिन्छ। पुनर्जागरणको आरम्भ पन्ध्रौं शताब्दीको उत्तरार्द्धबाट भएको मनिन्छ। यो सामन्तवादी विचार र मूल्य विरूद्धको वैचारिक सङ्घर्ष थियो। आधुनिक दृष्टिकोणलाई एक जटिल ऐतिहासिक एंव बौद्धिक प्रक्रियाको परिणाम मानिन्छ। यस वैचारिक आन्दोलनले सोह्रौ शताब्दीदेखि उन्नाइसौं शताब्दीसम्म लगभग तीन सय वर्षको समयावधि ओगटेको पाइन्छ। पुनर्जागरणको आरम्भबाटै आधुनिक दृष्टि एंव मूल्य निर्माण प्रक्रिया आरम्भ भए पनि आधुनिकतासम्बन्धी बहस भने अठारौं शताब्दीबाट आरम्भ भएको देखिन्छ।[३५] आधुनिकतालाई विभिन्न विद्वान्हरू आ-आफ्नै प्रकारले परिभाषित गरेका छन्। तीमध्ये केही प्रमुख परिभाषाहरू यहाँ प्रस्तुत गरिन्छ-

डेबिड कोवले आधुनिकतालाई परम्परागत बन्धनबाट मुक्त कुनै पनि मूल्य छनोट गर्ने स्वतन्त्रता भनेर अर्थ्याएका छन्।[३६]

---

३४ पूर्ववत् पृ. २२।

३५ पूर्ववत् पृ. २०-२१।

३६ डेभिड कोव, सन् १९८८, द क्रिटिक अफ प्योर मोडर्निटी, सिकागो, लण्डन।

पिटर वर्ग अमूर्तीकरण, भविष्यवाद, वैयक्तिकता, मुक्ति र धर्मनिरपेक्षीकरण आदिका विशेषतामा आधुनिकतालाई परिभाषित गर्छन्।[३७]

जर्स सिमेलका मतमा सहरीकरण र विकसित हुँदै गरेको नयाँ अर्थव्यवस्थाले आधुनिकताको निर्माण भएको हो, भन्ने विचार राख्दछन्।

मेक्स बेवरले आधुनिकतालाई  मुक्ति वा तार्किकताका रूपमा उल्लेख गरेका छन्।

समालोचक निनु चापागाईं अनुसार अन्धविश्वास तथा अज्ञानताको गहिरो निद्राबाट व्युँझाउने एउटा प्रक्रिया अधुनिकता हो।[३८]

सञ्जीव उप्रेती आधुनिकता र उत्तरआधुनिकताबारे चर्चा गर्ने क्रममा सत्रौं र अठारौं शताब्दीका अवधिमा ईश्वरकेन्द्रित, भाग्यवादी पश्चिमेली विश्वदृष्टिलाई विस्थापित गरी लौकिक र मानवकेन्द्रित बौद्धिक, तार्किक क्षमताद्वारा उदय भएको एउटा बृहत् विश्वदृष्टि आधुनिकता हो भन्छन्।[३९]

---

३७ एस. एल., सन् २००३, *मोडर्निटी, पोस्टमोडर्निटी, एण्ड नियो सोसियोलोजिकल थ्योरी,*  नयाँ दिल्ली।
३८ निनु चापागाईं, वि. स. २०६४, *उत्तरआधुनिकवाद भ्रम र वास्तविक्ता,* कोठमाडौं।
३९ सञ्जीव उप्रेती, वि. स. २०६८, *सिद्धान्तका कुरा,* काठमाडौं : उपलब्धि प्रकाशन सेवा प्रा. लि., पृ. ६३।

मोहनराज शर्मा आधुनिकतालाई औद्योगिकीकरणको प्रक्रिया, विज्ञान र प्रविधिको विकास, सहरीकरण, राष्ट्रका रूपमा राज्यहरूको स्थापना र पुञ्जीमुखी विश्वबजारको अभ्युदय आदिको परिणति मान्दछन्।[४०]

## २.४ भारत शब्दको अर्थ

'भारत'- मा दुईवटा शब्दको मिश्रण रहेको पाइन्छ। जस्तै 'भा'+ 'रत' यहाँ 'भा' शब्दको अर्थ प्रकाश, तेज वा ज्ञान भन्ने हुन्छ भने 'रत' को अर्थ प्रेमी वा लिप्त हुने भन्ने पाइन्छ। यसप्रकार ज्ञानको प्रेमिलाई अथवा ज्ञानमा लिप्त हुने, लिन हुने तथा ज्ञानोपासकलाई भारत भनिन्छ।[४१] आजको सन्दर्भमा भारत एउटा विशाल भू-भाग तथा देशको नाम हो। जो ज्ञान, दर्शन, शिक्षा कला आदिका क्षेत्रमा प्राचीनकालदेखि नै विश्व प्रसिद्ध छ। प्राचीनकालमा ज्ञान, दर्शन, शिक्षा, कला आदिका क्षेत्रमा विश्वमा सबैभन्दा अघि रहेको हुनाले यस देशको नाम भारत रहेको हो भन्ने अधिकांश विद्वानहरूको मत पाइन्छ। सम्राट भरतको नामबाट तथा भरतवंशीहरूको राज्य भएको हुनाले यसको नाम भारत भएको हो भन्ने मत पनि रहेको पाइन्छ भने कतिपय विद्वानहरूले दुष्यन्तका छोरा भरत अनि सुर्यवंशी राजा नाभिका छोरा भरतका नामबाट यस भूभाग वा देशको नाम भारत भएको हो भन्ने मत पनि रहेको

४० मोहनराज शर्मा, वि. स. २०६०, *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त*, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, पृ. ३५७।

४१ Cheap Offers: http://bit.ly/gadgets_cheap ।

पाइन्छ।[४२] यसरी भारत एउटा स्थानको नाम, संज्ञा शब्द हो भने भारतीय यसैको विशेषण रूप हो। जसको अर्थ भारतको, भारतभित्रको, भारतमा भएको आदि भन्ने हुन्छ।

## २.५ भारतीय नेपाली कविताको पृष्ठभूमि

भारतीय नेपाली कविता साहित्यको लेखन परम्परा १७ औं शताब्दीको उत्तरार्द्धदेखि प्रारम्भ भएको मानिन्छ। इतिहासकार असित राईले रघुनाथ भाटलाई प्रथम भारतीय नेपाली कवि मानेका छन्। सन् १७४४ तिर रघुनाथ भाटले *अभयैषी महाकाली* नामक कविता लेखेको पाइन्छ। रघुनाथ भाटले  आफ्नो कवितामा गोर्खाहरूको विजय अभियानको गुणगान गरेर भरतीय नेपाली कवितामा वीर भक्तिपरक काव्य लेखनको परम्परा सुरु गरेको पाइन्छ। यसरी नै गुमानी पन्त, मौलाराम तोमर आदि कविहरूले पनि नेपाली वीरको वीरत्व र साहसको गुणगान गर्दै कविता लेखेको पाइन्छ।[४३] यस दृष्टिले भारतीय नेपाली कविताको प्रारम्भिक स्वर वीरभक्ति नै रहेको पाइन्छ। वीरशाली पन्त, विद्यारण्यकेशरी र हीनव्याकरर्णी आदिलाई पनि भारतीय नेपाली कविताको प्रारम्भिककालीन कवि मान्न सकिन्छ।[४४] यी कविहरूका कविता धार्मिक, आध्यात्मिक भावधाराका हुनाले भारतीय प्रारम्भिककालीन नेपाली कवितामा वीर भक्ति सँगसँगै आध्यात्मिक चिन्तन पनि रहेको पाइन्छ। भारतीय नेपाली

---

४२ Cheap Offers: http://bit.ly/gadgets_cheap ।

४३ असीत राई, सन् २००४, *भारतीय नेपाली साहित्यको इतिहास*, दार्जिलिङ : साझा पुस्तक प्रकाशन दार्जिलिङ, पृ. २७-२९।

४४ पूर्ववत्, पृ. २८-३३।

कविताको प्रारम्भिककालको दोस्रो चरणमा निर्गुण भक्तिधारा मुख्य देखिन्छ। जसमा ज्ञानदिलदासको *उदय लहरी* (सन् १८७७), बबगुनी गुरुङको *ब्रह्मतत्त्वको सवाई* (सन् १८९३), सुरवीर गुरुङको *भक्तिको सवाई* (सन् १९०१), वृषध्वजसिंहको *अमृत लहरी* र *अमृत फल वैरागी सवाई* (सन् १९०१), प्रतिमान लामाको *राजा भारथरीको सवाई* (सन् १९०३) आदि प्रमुख हुन्। भारतीय नेपाली कविताको प्रारम्भिककालमा लहरी काव्य लेखन परम्परा दीर्घकालीन रहेको पाइन्छ। यसरी युद्ध, प्राकृतिक दुर्घटना, मेलापात, तरूण हृदयका औडाहहरूलाई विषय बनाई प्रसस्तै लहरीकाव्य लेखिएको पाइन्छ। जसमा तुलाचन आलेको *मनिपुरको लडाइँको सवाई* (सन् १८९३), धनवीर भँडारीको *अव्वर पहाडको सवाई* (सन् १८९४) र *भैंचालोको सवाई* (सन् १८९७), डाकमान राईको *दार्जलीङको पैरोको सवाई* (सन् १९९९), आत्मराम मगरको *भैंचालोको सवाई* (सन् १९०५), कृष्णबहादुर उदासको *अछामको सवाई* (सन् १९०८), गजवीर रानाको *नागाहिलको सवाई* (सन् १९१३), र रत्ननारायण प्रधानको *प्रेम-लहरी* (सन् १९११), प्रसादसिंह नेचालीको *प्रीति लहरी* (सन् १९१९), र धरमसिंह चामलिङको *माया लहरी* (सन् १९१९), आदि मुख्य छन्। यसै चरणमा रचित हाजिरमान राईको *मीठा मीठा नेपाली गीत* (गीतसंग्रह सन् १९००), चन्द्रध्वज राईको *प्रेम तरङ्ग*(सन् १९०८), महानन्द सापकोटाको *मन लहरी* (सन् १९२६), रामचन्द्र ढुङ्गानाको *कानीको सवाई (सन् १९३३),* डुवर्सबाट दिलबहादुर सरदार र गंगाप्रसाद

बैदारको *धामीको सवाई* (सन् १९४२) आदिलाई पनि भारतीय नेपाली कविता परम्पराको महत्वपूर्ण दसी मानिन्छ।[४५] यसपछि भारतीय नेपाली कविताको दोस्रो चरणको उत्तरार्द्धमा धरणीधर शर्मा, पारसमणि प्रधानको आगमन सँगसँगै परिष्कारवादी धाराको प्रारम्भ भएको मानिन्छ। नीति शिक्षा, अर्तिउपदेश, समाज सुधार संस्कारपरक भाव, राष्ट्रप्रेमपरक भाव, सामाजिक उद्बोधन, जातीय जागरणको शङ्खघोष गर्दै धरणीधर शर्माले *पञ्चामृत* (सन् १९१९) र *नैवेद्य* (सन् १९२०) जस्ता नीतिवादी काव्यकृतिहरू लेखेको पाइन्छ। यस कालमा भारतीय नेपाली कवितामा नीति र उपदेश नै कविहरूका मुख्य भावधारा देखिन्छ। यस धाराका अन्य कविहरूमा दार्जिलिङबाट धरणीधर शर्मा, पारसमणि प्रधान, महानन्द सापकोटा, हर्कजङ्गसिंह छेत्री, गम्भीर राई, रामचन्द्र गिरी, भूपतदास राई मुख्य देखिन्छन् भने पूर्वाञ्चलबाट हरिनारायण उपाध्याय, भीष्मप्रसाद उपाध्याय, नित्यानन्द तिमसिना, पद्मप्रसाद ढुङ्गाना, दगन्नाथ गुरागाँई र पुष्पलाल उपाध्याय आदि प्रमुख हुन् भने सिक्किमबाट कृपाशल्याण राईले पनि यसै प्रवृत्तिमा कविताहरू रचना गरेको थाह लाग्दछ।[४६] यसरी वीर स्तवनबाट सुरु भएको भारतीय नेपाली कविताले आजसम्म विभिन्न प्रवृत्ति र मोडहरू पार गरिसकेको पाइन्छ।

---

४५ जय योञ्जन 'प्यासी', सन् २०१२, *परख,* दार्जिलिङ : श्याम ब्रदर्श प्रकाशन, पृ. ३-४।
४६ पूर्ववत्, पृ. ५-६।

भारतीय नेपाली कविता साहित्यमा आधुनिकताको थालनी कहिले र कसको कृतिबाट भएको भन्ने विषयमा इतिहासकारहरूमाझ एकमत पाइँदैन। विभिन्न इतिहासकारहरूद्वारा गरिएको आधुनिक भारतीय नेपाली कविताको विकास परम्पराको काल विभाजनमा एकरूपता पाइँदैन। असीत राईले *भारतीय नेपाली साहित्यको इतिहास* नामक पुस्तकमा भारतीय नेपाली कवितामा आधुनिकताको प्रारम्भ सन् १०१४ देखि भएको मानेका छन्। राईले आधुनिक भारतीय नेपाली कवितालाई महासमरकाल वा आधुनिककाल (सन् १९१४-१९४६), स्वातन्त्रोत्तोर वा अत्याधुनिककाल (सन् १९४७-१९८७) गरी दुईवटा कालखण्डमा विभाजन गरेका छन्।[४७] देवी पन्थीले आफनो पुस्तक *भारतीय नेपाली साहित्य र संस्कृतिको झलकमा* सन् १९४७ देखि यताको अवधिलाई आधुनिक काल मानेका छन्।[४८]

टेकध्वज जिम्बा 'आशा' ले *आधुनिक भारतीय नेपाली कविता संचयन* नामक पुस्तकमा सन् १९५० देखि आधुनिककाल प्रारम्भ भएको मानेका छन्।[४९] *नवआधुनिक नेपाली कविता* नामक पुस्तकमा हरेन आलेले पनि सन् १९५० लाई नै भारतीय नेपाली कवितामा

---

४७ पूर्ववत्, पृ. ७८, १६४।
४८ देवी पन्थी, वि. स. २०६१, *भारतीय नेपाली साहित्य र संस्कृतिको झलक*, काठमाडौं : आँखा स्वयमसेवी प्रकाशन, पृ. ६६।
४९ टेकध्वज जिम्बा 'आशा' (सम्पा.), सन् २०१४, *आधुनिक भारतीय कविता संचयन नेपाली (१९५०-२०१०)*, नयाँ दिल्ली : साहित्य अकादेमी, पृ. ८।

आधुनिकालको प्रारम्भ मानेका छन्।[५०] रेमीका थापाले *भारतीय नेपाली कविताको विकास र प्रवृत्ति नामक लेखमा* भारतीय नेपाली कविताको विकासक्रमलाई छवटा चरणमा विभाजन गरी सन् १९५० देखि आधुनिककाल प्रारम्भ भएको मानेकी छन्।[५१] यसरी नै सोनाम शेर्पाले *आधुनिक भारतीय नेपाली कविताको विकास परम्परा र प्रवृत्ति* नामक लेखमा भारतीय आधुनिक कविताको विकासक्रमलाई पाँचवटा चरणहरूमा विभाजन गरेका छन् भने उनले सन् १९४७ लाई नै आधुनिककालको प्रारम्भ मानेको पाइन्छ।[५२] यसरी विभिन्न समालोचक तथा इतिहासकारहरूद्वारा गरिएको काल विभाजनलाई अध्ययन गरेर हेर्दा आधुनिक कविताको समय सन् १९४७ देखि आजसम्मको अवधिलाई मान्न सकिन्छ। प्रस्तुत शोध प्रबन्धमा भारतीय आधुनिक नेपाली कविताको विकास परम्परालाई सन् १९४७ देखि आजसम्मको समयावधिलाई विभिन्न प्रवृत्ति वा धाराका आधारमा निम्नलिखित चारवटा चरणमा विभाजन गरेर अध्ययन गरिन्छ।

---

५० हरेन आले, सन् १९८४, *नवआधुनिक नेपाली कविता*, दार्जिलिङ : श्याम ब्रदर्श प्रकाशन, पृ. ।।

५१ रेमिका थापा, सन् २०१०, "भारतीय नेपाली कविताको विकास र प्रवृत्ति", पद्मधर पौड्याल (सम्पा), *हाम्रो ध्वनि*, (वर्ष ४, अङ्क २९६), नवध्वनि सङ्गठन, गुवाहाटी, पृ. १७।

५२ सोनाम शेर्पा, सन् २०१२, "आधुनिक भारतीय नेपाली कविताको विकास परम्पारा र प्रवृत्ति", दिलकुमार प्रधान (सम्पा), *आधुनिक भारतेली नेपाली कविता*, वीरपाडा पृ. २०३।

## २.६ आधुनिक भारतीय नेपाली कविताको विकासक्रम

भारतीय आधुनिक नेपाली कवितामा विभिन्न प्रवृत्ति र मोडहरू पाइन्छ। यिनै प्रवृत्तिहरूका आधारमा आधुनिक भारतीय नेपाली कवितालाई निम्नलिखित कालखण्डमा विभाजन गरेर अध्ययन प्रस्तुत गरिन्छ-

(क) पहिलो चरण, स्वच्छन्दतावादी धारा (सन् १९४७-१९६२)

(ख) दोस्रो चरण, आयामेली धारा (सन् १९६३-१९७४)

(ग) तेस्रो चरण, प्रगतिवादी धारा (सन् १९७५-१९८९)

(घ) चौथो चरण, समसामयिक धारा (१९९० देखि आजसम्म)

**(क) पहिलो चरण, स्वच्छन्दतावादी धारा (सन् १९४७-१९५५)-**

भारतीय नेपाली कविताका सन्दर्भमा स्वच्छन्दतावादी काव्य लेखनको प्रारम्भबारे विद्वान्हरूमाझ एकमत पाइँदैन। साहित्यको उद्भव र विकासमा पत्रपत्रिकाको महत्वपूर्ण भूमिका रहेको हुन्छ। शिलाङबाट सन् १९३५ मा मणिसिंह गुरुङको सम्पादनमा प्रकाशित *गोर्खा सेवा* र काशीबहादुर श्रेष्ठको सम्पादनमा बनारसबाट सन् १९३७-मा प्रकाशित *उदय* जस्ता साहित्यिक पत्रिकामा प्रकाशित कविताहरूका भाव र शिल्प दुवै पक्षमा केही नयाँ रूप

देखापर्न थालेको मानिन्छ। यिनै पत्रिमा सिक्किमका सन्तवीर लिम्बुले परिष्कारवादी, स्वच्छन्दतावादी प्रवृत्तिका कविताहरू प्रकाशित गराएको थाहा लाग्दछ।[५३] यसरी नै सन् १९४० मा दार्जिलिङबाट खोजी पत्रिकाको प्रकाशन भएको पाइन्छ। त्यस पत्रिकामा प्रकाशित रामकृष्ण शर्माको *मेरो जीवन,* एच. बी. कुमाइको *कविको स्वर्ग, प्रलय सङ्गीत* आदि कविताहरूलाई स्वच्छन्दतावादी धाराको प्रारम्भिक प्रयास मानिन्छ।[५४] सन् १९४९ मा प्रकाशित ध्रुव दवाडीको *ज्वाला* नामक कविता सङ्ग्रहलाई प्रथम भारतीय नेपाली स्वच्छन्दतावादी कविता मानिन्छ।[५५]

यसरी ध्रुव दवाडीद्वारा स्थापित स्वच्छन्दतावादी काव्य लेखनलाई भारतका विभिन्न क्षेत्रका कविहरूले विकसित तुल्याएका छन्। स्वच्छन्दतावादी धाराका कविहरूमध्ये अगमसिंह गिरी सशक्त रूपमा देखा पर्दछन्। उनको *जलेको प्रतिविम्व, रोएको प्रतिध्वनि* (सन् १९५८), *आत्मव्यथा* (सन् १९५७), *जीवनगीत* (सन् १९६०) आदि कविता सङ्ग्रह तथा *याद* (सन् १९५५), *आँसु* (सन् १९६८) युद्ध र योद्धा (सन् १९७०) आदि खण्डकाव्य प्रकाशित छन्। स्वच्छन्दतावादी प्रवृत्तिलाई आत्मसात गर्दै रामकृष्ण शर्माका *बलिदान खण्डकाव्य* (सन् १९५३), र *भावालु मेरो मन* (सन् १९५४), कविता सङ्ग्रह प्रकाशित छन्। सन् १९५४

---

५३ जस योञ्जन प्यासी, पूर्ववत्, पृ. ६।

५४ लक्खीदोवी सुन्दाल, सन् २००६, *कवि ओकिउयामा ग्वाइन, स्थापना भाग २२,* वीरभद्र कार्कीढोली (सम्पा.), गान्तोक : शान्ति प्रकाशन, पृ. १८६।

५५ जस योञ्जन प्यासी, पूर्ववत्, पृ. ६।

मा शिवकुमार राईको *डाँफेचरी* प्रकाशित भएको पाइन्छ।[५६] भारतीय नेपाली कविताका स्वच्छन्दतावादी धाराका अर्का उल्लेखनीय कवि हुन् ओकिउयामा ग्वाइन। उनका कविता सङ्ग्रहहरूमध्ये *चित्रलेखा* (सन् १९५७), *भाव-सम्भवा* (सन् १९५८), *अनामिका* (सन् १९६५) आदि प्रकाशित भएको पाइन्छ। भारतीय नेपाली कविताको यस चरणमा देखा परेका अर्का कवि हुन नरेन्द्रप्रसाद कुमाई। उनका *शंखनाद,* (सन् १९४६) *सेनेनीसँग, दापको खुकुरीसित, आँधि एक चलाऊ,* (सन् १९४७), *सेनानीको मृत्युशोकमा (सन् १९४८)* आदि कविताहरू प्रकाशित छन्। पूर्वाञ्चलका कवि पुष्पलाल उपाध्याय यस चरणका एकजना प्रमुख कवि हुन्। उनका *पुष्पाञ्जली* (सन् १९६८) *उषामञ्जरी* (सन् १९७८) कविता सङ्ग्रह प्रकाशित छन्। कवि तुलसीबहादुर छेत्री आधुनिक भारतीय नेपाली कविताका स्वच्छन्दतावादी कवि मानिन्छन्। उनको *बापु-वन्दना* (सन् १९५२), *सङ्कल्प* (सन् १९५४), *नहेर आज मलाई* (सन् १९७६) आदि कविता सङ्ग्रह र मा *कर्णकुन्ती* खण्डकाव्य (सन् १९८८) प्रकाशित भएको पाइन्छ। सिक्किमका कृपाशल्याण राई यसै चरणमा देखापरेका कवि हुन्। उनको *आफै भावी* (सन् १९४९) कविता सङ्ग्रह प्रकाशित भएको पाइन्छ। सन् १९५० मा *अपतन साहित्य परिषद्* सिक्किमबाट प्रकाशित *इन्द्रकील*

---

५६ पूर्ववत्, पृ. ६।

*पुष्पाञ्जली* कविता सङ्ग्रहले आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी धारामा विशेष योगदान पुऱ्याएको देखिन्छ।[५७]

आधुनिक भारतीय नेपाली कविताको प्रथम चरणमा स्वचछन्दतावाद केन्द्रिय प्रवृत्तिको रूपमा रहेको पाइन्छ। यसै चरणको उत्तरार्द्धमा ध्रुव दवाडी, वीरेन्द्र सुब्बा, दानियल खालिङ, हरिभक्त कटुवाल, गुमानसिंह चामलिङ प्रभृति कविहरूले नयाँ लेखन शैलीमा विभिन्न प्रतीक, विम्व आदिको प्रयोग गरेर क्रान्तिकारी कविताहरूको सिर्जना गरेको पाइन्छ। सन् १९५९ देखि भारतीय नेपाली कवितामा देखा परेका कवि हरिभक्त कटुवाल यस चरणका एकजना प्रमुख कवि हुन्। कवि कटुवालको सन् १९५९ मा प्रकाशित *भित्रि मान्छे बोल्न खोज्छ,* १९७२ मा *यो जिन्दगी खै के जिन्दगी* कविता सङ्ग्रह अनि १९६० मा प्रकाशित *सम्झना* गीत सङ्ग्रह, १९६८ मा *सुधा* खण्डकाव्य आदि प्रकाशित पाइन्छन्। कटुवालका कवितामा पाइने निस्सारता, क्षणभङ्गुरता, निम्न मध्य वर्गीय समाजको चित्रण आदिलाई यस चरणको नयाँ प्रयोग मान्न सकिन्छ। यस धाराका अर्का कवि हुन् गुमानसिंह चामलिङ। उनको *जीवन परिधिभित्र* (सन् १९६२) नामक कविता सङ्ग्रह प्रकाशित पाइन्छ। वीरेन्द्रका *मेघमाला* (सन् १९६२) *कुसुम छोरी* (सन् १९६३), *स्वर्णिमा* (सन् १९८१) कविता सङ्ग्रह प्रकाशित

---

५७ पूर्ववत्।

भएको पाइन्छ।[५८] अर्का ध्रुव दवाडीका *ज्वाला* भाग एक (सन् १९४९) र *ज्वाला* भाग दुई (सन् १९५०) प्रकाशित पाइन्छ। यसका अतिरिक्त उनका *सुन्दरी* खण्डकाव्य (सन् १९५७), *बाल-बिनोद* बाल कविता सङग्रह (सन् १९५७) प्रकाशित भएको पाइन्छ।सिक्किमबाट तुलसीराम शर्मा 'कश्यप' को *आँकुरा* (सन् १९५७), गुवाहाटीबाट गोबिन्द शर्माको *हिमालयको फूल* (सन् १९५८), शिलाङबाट गोकुलप्रसाद जोशीको *बाँच अनि बाँच्न देऊ,* दार्जिलिङबाट नरबहादुर दाहालको *उन्माद* (सन् १९५८) र *तिम्रो प्रितः मेरो गीत* (सन् १९६९) आदि कविता सङ्ग्रह प्रकाशित भएको पाइन्छ।[५९] यस चरणका अन्य कविहरूमा  सानुमती राई, लक्खीदेवी सुन्दास, पदमसिंह सुब्बा, नरेन्द्रप्रसाद कुमाई प्रमुख हुन्। समग्रमा प्रकृति प्रेम, जातिप्रेम, युगीन यथार्थ, उदार मानवतावाद, विद्रोह, क्रान्तिकारी स्वर, नयाँ शैली, विभिन्न प्रतीक विम्वहरूको प्रयोग आदिलाई यस चरणका प्रमुख प्रवृत्ति तथा विशेषता मान्न सकिन्छ।

**(ख) दोस्रो चरण, आयामेली धारा (सन् ९१६३- १९७४)**

सन् १९६३ देखि नेपाली कवितामा देखापरेको नयाँ धारालाई आयामेली धारा भनिएको पाइन्छ। सन् १९६३ मा वैरागी काँइलाको सम्पादनमा *तेस्रो आयाम* पत्रिकाबाट

---

५८ असीत राई, पूर्ववत्, पृ. ९५-१००।
५९ पूर्ववत्, पृ. ९५-१००।

आन्दोलनको घोषणा भएको पाइन्छ।[६०] यस आन्दोलनका प्रणेताहरूमध्ये ईश्वर बल्लभ, इन्द्रबहादुर राई, वैरागी काँइला आदि प्रमुख प्रतिनिधि प्रतिभाहरू हुन्। आयामेली आन्दोलनका प्रमुख व्याख्यता इन्द्रबहादुर राई यस आन्दोलनको उद्देश्यबारे लेख्छन्- *अबको साहित्य लेखनले मानिसको सम्पूर्णतालाई उचाल्न ताक्नु पर्छ। मानिस आँखा मात्र, कान मात्र, मन मात्र होइन उ जम्मै इन्द्रिय, हृदय, मस्तिष्कपुञ्ज हो र अब लेखिने प्रत्येक वाक्य र पंक्तिले उसको सम्पूर्णतालाई समाउनुपर्छ, उचाल्नुपर्छ।*[६१] अर्थात साहित्यले मानव जीवनका सम्पूर्ण पक्षको चित्रण गर्नु पर्छ। अतः आयामेली लेखनको मूल उद्देश्य मान्छेको जीवनलाई सम्पूर्णता प्रदान गर्नु रहेको पाइन्छ। सन् १९७२ मा कवि ईश्वर बल्लभको *आगोका फूलहरू हुन्: आगोका फूलहरू होइनन्* र सन् १९७७ दार्जिलिङबाट *एउटा सहरको किनारमा* कविता सङ्ग्रह प्रकाशित भएपछि भारतीय नेपाली कवितामा आयामेली धारा स्थापित भएको मानिन्छ।[६२] यसबाहेक ईश्वर वल्लभका *समानान्तर* (सन् १९८१), *कस्मै देवाय:* (सन् १९८५) कविता सङ्ग्रह पनि प्रकाशित भएको पाइन्छ। आयामेली धाराका अर्का कवि वैरागी काँइलाको *मातेको मान्छेको भाषण मध्य रातपछिको सडकसित* (सन् १९६५) नामक कविता तेस्रो आयाम पत्रिकामा प्रकाशित भएको पाइन्छ। उनका *वैरागी*

---

६० वासुदेव त्रिपाठी, पूर्ववत्, पृ. ३०।

६१ तिलविक्रम नेम्बाङ (सम्पा), सन् १९६३, *तेस्रो आयाम*, (वर्ष १, अङ्क १), पृ. १।

६२ सोनाम शेर्पा, पूर्ववत्, पृ. २०९।

*काइलाका कविताहरू* कविता सङ्ग्रह (सन् १९७४) मा प्रकाशित भएको पाइन्छ। आयामेली कविता लेखनलाई निरन्तरता दिँदै काव्य सिर्जना गर्ने अन्य कविहरूमध्ये पारिजात, गुमानसिंह चामलिङ, खडगसिह राई, वानिरा गिरी, नरेशचन्द्र खाती, श्याम लिवाङ आदि प्रमुख देखिन्छन्। कवि गुमानसिंह चामलिङको *अन्तर्द्वन्द* (सन् १९६४), *सूर्य उदाउनु भन्दा पहिल्यै* (सन् १९६८) र *कारागारभित्र प्रतिक्षा र अन्य कविताहरू* (सन् १९७८) आदि कविता सङ्ग्रह प्रकाशित छन्। चामलिङका यी कविताहरूमा आयामेली लेखनको स्वर पाउन सकिन्छ। यस प्रवृत्तिको लेखनलाई नेपाली साहित्यको इतिहास एउटा महत्वपूर्ण मोड मानिन्छ।

### (ग). तेस्रो चरण वा प्रगतिवादी धारा(सन् १९७५-१९८९)

भारतीय नेपाली कवितामा सन् १९७५ देखि प्रगतिवादी धाराको प्रारम्भ भएको देखिन्छ।आयामेली लेखनलाई बुद्धिवादी अवधारणा मानिन्छ। आयामेली लेखनमा क्लिष्ट भाषाको प्रयोगले कविता दुर्बोध्य बन्दै गएको देखिन्छ। जसको फलस्वरूप साहित्य र पाठकमाझ ठूलो फाँट देखा पर्दछ। यसै कारणले आयामेली आन्दोलन शिथिल बन्दै गएपछि प्रगतिवादी चेतनाले गति पाएको देखिन्छ। सन् १९७५ देखि सन् १९८९ सम्मको अवधिलाई आधुनिक भारतीय नेपाली कविताको प्रगतिवादीधारा मानिन्छ। यस धाराका कविहरूले आर्थिक विषमता, सामाजिक शोषण, शासन व्यवस्थाप्रतिको आक्रोश, शोषक र

षडयन्त्रकारीलाई निर्मूल पार्ने हेतु क्रान्ति तथा परिवर्तनको चाहनालाई आफ्नो कविताको मूल विषय बनाएका देखिन्छन्।[६३] विकास गोतामेलाई भारतीय नेपाली कवितामा प्रगतिवादीधाराका केन्द्रिय कवि मानिन्छ। उनी प्रगतिवादीधाराका एक सशक्त कविका रूपमा देखा पर्दछन्। उनका *अनास्था पहाडका गीतहरू,* (सन् १९८०), *लड्! वीरबहादुर लड!!* (सन् १९८८), *प्रतिवाद पञ्चामृत* (सन् १९८८), *रगतका रेखाहरू* (सन् १९८९) आदि कविता सङ्ग्रह प्रकाशित छन्। प्रगतिवादी धाराका अर्का कवि बुद्धकुमार मोक्तान हुन्। उनका *यौवन सपना* (सन् १९६३), *आत्माको आवाज* (सन् १९६७) आदि कविता सङ्ग्रह प्रकाशित पाइन्छ। प्रगतिवादी धाराका कवि राईका *अक्टोपस* खण्डकाव्य (सन् १९७१), *आफूलाई केही पर उभाएर हेर्दा* (सन् १९८२) आदि कविता सङ्ग्रह प्रकाशित छन्। अर्का प्रगतिवादी कवि मोहन दुखुनका *अन्तर्जलन* कविता सङ्ग्रह (सन् १९७५) र *मन्दाकिनी* महाकाव्य (सन् १९८५) प्रकाशित छन्। यसरी नै प्रगतिवादी चिन्तनधाराका अर्का कवि जस योञ्जन प्यासीका *एउटा देशको खोजीमा* (सन् १९८५) कविता सङ्ग्रह प्रकाशित पाइन्छ। कवि मनप्रसाद सुब्बाका कवितामा पनि प्रगतिवादी चेतना पाइन्छ। कवि सुब्बाका *बिब्ल्याँटो युगभित्र कार्टुन मान्छेहरू* (सन् १९७९) *बुख्याँचाहरूका देशमा* (सन् १९८३) आदि प्रकाशित पाइन्छन्। अर्का कवि शरद् छेत्रीका *चोइटिएको आकाश मक्किएको चेतना* (सन्

---

६३ पूर्ववत्, पृ. २१२।

१९७३), *पर्यटन,*( सन् १९७९), *कुनै अग्लो रूख नभएको देश* (सन् १९८०), *महानिशा* (सन् १९८६) आदि कविताकृति प्रकाशित छन्।

सिक्किमबाट पनि थुप्रै कविहरूले प्रगतिवादी धारामा कविता रचना गरेको पाइन्छ। यस्ता कविहरूमा गिर्मी शेर्पा, तुलसीराम शर्मा, केदार गुरुङ, पवन चामलिङ, गोपाल गाउँले, राजेन्द्र भण्डारी, वीरभद्र कार्कीडोली आदि प्रमुख देखिन्छन्। गिर्मी शेर्पाका *बाँझो दिनमाथि पह्लाएका केही फूलहरू* (सन् १९७४) *हिप्पोक्रिट चाँप-गुराँस र अन्य कविताहरू* (सन् १९८८) आदि कविता सङ्ग्रह प्रकाशित पाइन्छ। अर्का कवि तुलसिराम शर्मा 'कश्यप' का *आँकुरा* (सन् १९५७) *जन्मभूमि महाकाव्य* (सन् १९८६), *आमा* महाकाव्य (सन् १९८८) *मन्थन* महाकाव्य (सन् १९९३) तथा *ऋतुराग* (सन्१९८८) कविता सङ्ग्रह प्रकाशित छन्।अर्का कवि केदार गुरूङका *आज फेरि एउटा सम्झना र नयाँ दिनहरू* (सन् १९७०), *तरङ्गमाथि लहर लागेर आएको अर्को पहर* (सन् १९७२), *महाशक्तिको पूजा* (सन् १९७९), *छाँगुहरू सधैँ सेतै भएर खस्ने गर्छ* (सन् १९८४), *फैलिएका हातहरू सूर्यग्रहण र निला दहहरू* (सन् १९८९) आदि प्रमुख छन्। कवि पवन चामलिङका *अन्तहीन सपना : मेरो विपना* (सन् १९७९), *म को हुँ* (सन् १९८६), प्रकाशित पाइन्छ। कवि राजेन्द्र भण्डारीलाई प्रगतिवादी धाराका एक सशक्त कवि मानिन्छ। कवि भण्डारीका *हिउँदे यी चिसा रातका पर्दाहरूमा*

(सन् १९७१), *यी शब्दहरू: यी हरफहरू* (सन् १९८७) आदि कविता सङ्ग्रह प्रकाशित छन्।

आधुनिक भारतीय नेपाली कविताको प्रगतिवादी धाराको वकासमा डुवर्सको पनि महत्वपूर्ण योगदान रहेको पाइन्छ। डुवर्सका कविहरूमा कितापसिंह राईको *जीवनफूल* (सन् १९८०), इन्द्रबहादुर गुरुङका *आगोहरू अनि फूलहरू* (सन् १९८१) आदि प्रमुख छन्। आधुनिक भारतीय नेपाली कविताको प्रगतिवादी धाराको विकासमा योगदान पुऱ्याउने अन्य कवि र कविताहरूमा सावित्री सुन्दास*को भावचित्र* (सन् १९७५), जीवन थिङको *साङ्लीभित्र बाँधिएका घोडाका टापहरू* (सन् १९८३), नोरदेन रूम्बाको *प्रेक्षप* (सन् १९७८), जीवन नाम्दुङका *जीवनको नाम्दुङका कविताहरू* (सन् १९८६), लक्ष्मण श्रीमलको *श्रीमलका कविताहरू* (सन् १९८९), आदि प्रमुख रहेका पाइन्छन्।[६४]

### (घ). **चौथो चरण समसामयिक धारा (सन् १९९०- हालसम्म)**

मानव समाज र विचारधारा सँगसँगै साहित्य पनि परिवर्तिन हुँदै आएको देखिन्छ। नेपाली कविता साहित्यको इतिहासमा देखापरेका समस्यापूर्ति, राल्फा आन्दोलन, अस्वीकृत जमात, सडक कविता, बुटपालिस अभियान, अमलेख, तरलवाद, खेत कविता, तेस्रो आयाम, लीला

---

६४ असीत राई, पूर्ववत्, पृ.१९८-११०।

लेखन, सङ्क्रमणकाल, विचलन, समावेशी, हस्तक्षेपी, कविता धमारी आदि जस्ता काव्यिक आन्दोलनहरूले कविताको विकास क्रममा नयाँ मोडहरूको सिर्जना गरेको देखिन्छ। भारतीय नेपाली कविताको सन्दर्भमा सन् १९९० को दशकमा देखापरेको *सङ्क्रमणकाल*ले कविता लेखनमा परिवर्तन ल्याएको देखिन्छ। परम्परावादी लेखन, विषयगत चयन र काव्यशैलीमा परिवर्तनका साथै यस समयमा विविध समसामयिक चिन्तनहरू देखा पर्दछन्। समसामयिक जीवन प्रक्रिया, क्षेत्रीय र वैश्विक परिवर्तनहरू, राजनीतिक उतार चढाऊ, आर्थिक उदारीकरणले उत्पन्न गरेको व्यवसायिक भूमण्डलीकरण, नव औपनिवेशिक जीवनशैली, साइबर तकनीकि, उत्तर संरचनावाद, उत्तर जातिवाद, उत्तर नारीवाद, बजारवाद, विनिर्माणवाद, लीलावाद, विचलन जस्ता चेतनाले भारतीय नेपाली कवितामा प्रवेश पाएको देखिन्छ। यिनै चेतना तथा प्रवृत्तिको प्रवेशसँगै भारतीय नेपाली कवितामा उतत्तरआधुनिककालको प्रारम्भ भएको मानिन्छ।

भारतीय नेपाली कवितामा सन् १९९० देखि यताको समयलाई उत्तरआधुनिककाल मानिन्छ। यस कालमा कविताको विकास द्रुतगतिमा भइरहेको देखिन्छ। यस चरणमा नयाँ कविहरूसँगै पुराना पुस्ताका केही कविहरूले पनि आफूमा नयाँ काव्यिक चेतना आत्मसात गर्दै समसामायिक लेखनलाई अङ्गालेको देखिन्छ। पुराना पुस्ताका कविहरूमा रामलाल अधिकारीको *जिजीविषा* (सन् १९९३), *लिलाम छन्-मेरा कविता* (सन् २०००), मोहन

ठकुरीको *निःशब्द* (सन् १९९१), पवन चामलिङ 'किरण' को *मेरा प्रारम्भिक कविता* (सन् १९९१), लक्खिदेवी मनप्रसाद सुब्बाको *आदिम बस्ती* (सन् १९९५), *ऋतु क्यानभास् रेखाहरू* (सन् २००१), *अक्षर आक्रेष्टा* (२००४), *किनाराका आवाजहरू* ( २००८), नोर्ज्याङ स्याङ्देनको *राग रूथरूम* (सन् २००१), जीवन नामदुङको *समारोहमा समारोहहरूमा* (सन् २००८), नरेशचन्द्र खातीको *लीला रेखाहरू* (सन् २००१), असीत राईको *शताब्दी सम्बोधन* (सन् २००४), केदार गुरुङको *सीमानामाथि चढेर सुनाएका अग्ला होचा कथाहरू* (सन् १९९४), राजेन्द्र भण्डारीको *क्षर अक्षर* (सन् १९९८), *शब्दहरूको पुनर्वास* (सन् २०10), नव सापकोटाको *काव्यान्तर* (सन् १९९६), *मदिरा होइन मेरो पसिना* (सन् १९९६), *शीर्षकहीन* (सन् २००३), आदि प्रमुख रहेको पाइन्छ।[६५]

सन् १९९० देखि नयाँ पुस्ताका कविहरूले उत्तरआधुनिक विचारधारालाई आत्मसात गरेको पाइन्छ। साहित्यमा सङ्क्रमणकालीन स्थितिको उद्घाटन, नारीवादी लेखन, विचलन, विनिर्माण, परिवेश विमर्श, डायस्पोरा आदिलाई आत्मसात गर्दै नयाँ पुस्ताका कविहरूले कविता लेखेको पाइन्छ।[६६] यस्ता कवि र कविताहरूमा भीम सन्तोषको *भीम सन्तोषका कविताहरू* (सन् १९९१), विचन्द्रको *विपश्याना* (सन् २०००), *वितृष्णा* (सन् २००३), टेकध्वज जिम्बा 'आशा' का *एक टुक्रा आकाश* (सन् १९९१), कालुसिंह रनपहेंलीको

---

६५ पूर्ववत्, पृ. २२०।
६६ सोनाम शेर्पा, पूर्ववत्, पृ. २१९।

*मूल्यन अवमूल्यनहरू* (सन् १९९४), *युग्मक* (सन् १९९८), अबीर खालिङको *अबीरानुभूति* (सन् २००२), *अक्षर उत्सव* (सन् २००७), वीरू बाङ्‌देलको *आहट मन भञ्जाङको* (सन् १९९५), *कसाइको बस्तीमा* (सन् २००५), सुमन बान्तावाको *शैलीपक्ष* (सन् १९९५), *इह* (सन् २००५), मनोज बोगटीको *बम्वगोष्ठी र घाउका रङहरू,* सञ्जय बान्तावाको *मोहदंश* (सन् १९९१), *महानिभिष्क्रमण* (सन् २९९४), *शब्ददाह* (सन् २००४), *त्यो गाउँ, त्यो बस्तीमा* (सन् २००७), *आवर्तकाल* (सन् २०१४), केवलचन्द्र लामाको *खण्ड अखण्ड* (सन् १९९१), *केवालय* (सन् १९९३), उदय थुलुङको *प्रत्यागमन* (सन् २००१), रेमिका थापाको *गाउँमा कविता, देश अनि अन्य कविताहरू* (सन् २००७), *किनाराका आवाजहरू* (सन् २००८), प्रवीण राई जुमेलीको *अर्थ्यान्तिर* (सन् १९९७), *शब्दातीत* (सन् २०००), शरण खालिङको *आँधि र सपना* (सन् १९९७), सुधिर छेत्रीको *शिल्पका पखेटाहरू* (सन् २००७), *फेरि अर्को अनुष्टुप* (सन् २०१४), आदि प्रमुख छन्।

**निष्कर्ष**

नेपाली कवितामा आधुनिकताका लक्षणहरू माध्यमिककालको उत्तरार्द्धतिरै देखापरे तापनि मूलतः आधुनिककालको प्ररम्भ भने स्वच्छन्दतावादी धारासँगै देखापरेका कवि लक्षमीप्रसाद देवकोटाबाट भएको मानिन्छ। प्रवृत्तिगत दृष्टिले परिष्कारवादी धारासँगसँगै नेपाली कवितामा स्वच्छन्दवादी लेखनको प्रारम्भबाट आधुनिकतावादको सुत्रपात भएको देखिन्छ। भारतीय

नेपाली कविताका सन्दर्भमा हेर्दा धरणिधर कोइराला, पारसमणि प्रधान आदिका नीतिपरक कवितामा आधुनिकताको सङ्केत पाइए तापनि मूलरूपमा भने भारत स्वतन्त्रतापछि आधुनिकताले प्रवेश पाएको देखिन्छ। ध्रुव दवाडीका स्वच्छन्दवादी भावका कविताबाट भारतीय नेपाली कवितामा आधुनिकताको प्रारम्भ भएको हो। अतः भारत स्वतन्त्रपश्चात (सन् १९७४) देखि सन् १९८९ सम्मको अवधिलाई भारतीय नेपाली कविताको आधुनिककाल मान्न सकिन्छ। सन् १९९० देखि यताको समयावधिलाई उत्तरआधुनिक मानिन्छ।

# तेस्रो अध्याय

# डुवर्सका नेपाली कविताको विकास परम्परा

## ३. डुवर्सको परिचय

डुवर्स एउटा भूखण्ड तथा क्षेत्रको नाम हो, जो भारतको पश्चिम बङ्गाल राज्यको उत्तर पूर्वमा अवस्थित छ। भुटान, बङ्गलादेश, नेपाल जस्ता अन्तर्राष्ट्रिय सिमाना भएको पूर्वीय हिमालयको फेदमा अवस्थित यो भुभाग लगभग २,३८५ वर्ग किलो मिटरमा फैलिएको छ।[६७] डुवर्स पश्चिममा टिस्टा नदी, पूर्वमा सुनकोश नदी, उत्तरमा भुटान र दार्जिलिङ जिल्ला तथा दक्षिणमा कोचबिहार जिल्ला तथा बङ्गलादेशले परिवेष्ठित छ।

## ३.१. डुवर्स शब्दको उत्पति

डुवर्स शब्दको अर्थसम्बन्धि विभिन्न विद्वानहरूमाझ विभिन्न प्रकारका मतमतान्तरहरू पाइन्छन्। बौद्धकालमा बङ्गालको एउटा छेउ भन्ने अर्थमा यस क्षेत्रलाई 'राढ' भनिएको पाइन्छ, पछि यही 'राढ' शब्द नै 'द्‌वार' हुँदै 'डुवर्स' भएको मानिन्छ। अङ्ग्रेजहरूले यस क्षेत्रमा बसोबास गर्ने चिया श्रमिकहरूलाई प्रयोग गर्ने शब्द डु-वर्क (Do-Work) अर्थात् 'काम

---

६७ प्रभात थापा, २००८, "डुवर्समा नेपाली साहित्यको प्रारम्भिक विकास", बिलोक शर्मा 'खरेल', (सम्पा), डुवर्स ज्योति (वर्ष २, अङ्क २), डुवर्स ज्योति प्रकाशन, मादारीहाट : डुवर्स, पृ. ५ ।

गर' बाट डुवर्स शब्दको उत्त्पति भएको हो भन्ने मत पनि पाइन्छ। डुवर्स शब्दको अर्थ सम्बन्धि विभिन्न मतहरू रहे तापनि अधिकतम विद्वानहरू डुवर्स शब्दको उत्पति अङ्ग्रेजी भाषाको डोर्स (Doors) बाट भएको मान्दछन्। यस क्षेत्रबाट भुटान पस्ने निम्नलिखित आठवटा द्वारहरू छन्- दालिमद्वार (दालिमकोट), जमरद्वार (जमरकोट), चमर्चीद्वार (चमर्ची), लक्सीकोट, बक्साद्वार, झल्काद्वार, अलिपुरद्वार, कुमारग्रामद्वार।[६८] यस क्षेत्रमा यस्ता थुप्रै द्वार अथवा ढोकाहरू भएको हुनाले अङ्ग्रेजहरूले यस भूभागलाई डोर्स (Doors) अथवा ढोकाहरू भनि नामकरण गरेका हुन्। कालान्तरमा यहाँको जनजिभ्रोले अङ्ग्रेजीको डोर्स (Doors) शब्दलाई डुवर्स भनि उच्चारण गर्दा यसको नाम डुवर्स भएको मानिन्छ।

### ३.१.२ डुवर्सको ऐतिहासिक पृष्ठभूमि

प्रचीनकालदेखि डुवर्समा किरातहरू बसोबास गर्ने हुनाले यसलाई किरात भूमि पनि भनिएको पाइन्छ। वर्तमान डुवर्स पहिले भुटान तथा कोचविहार राजशासनको अधिनमा रहेको थियो। सन् १७०६ देखि यता भने सिक्किमको कालेबुङअन्तर्गत पश्चिम डुवर्स पनि गाभिएको थियो तर पछि यसलाई पनि भुटानले कब्जा गऱ्यो। सन् १८६५ मा अङ्ग्रेजमाझ भएको *देवनागढी* को युद्धमा भुटान हारेपछि *सिन्चुला*को सन्धि भयो। यस सन्धि अनुरूप भुटानले अङ्ग्रेजलाई दालिमकोट (वर्तमान कालेबुङ)-देखि डुवर्सको फालाकाटासम्मको भूभाग दिनु

६८ निर्मल शर्मा, सन् २००९, *टिस्टा-सुनकोशको गढतिर*, डुवर्स : डुवर्स नेपाली साहित्य विकास समिति, पृ. ३।

परर्यो। यसरी डुवर्स क्षेत्र भारतमा गाभियो। सन् १८६६ मा कालेबुङलाई डुवर्सबाट छुटयाएर दार्जिलिङसँग जोडि नयाँ जिल्ला बनाइयो। सन् १८९८ मा समतल क्षेत्र अथवा डुवर्सलाई एउटा नयाँ जिल्ला जलपाईगढीमा राखियो।[६९] सन् १८६८ देखि २०१४ सम्म डुवर्स भन्दा बङ्गालको एउटा जलपाईगढी जिल्ला बुझिन्थ्यो। सन् २०१४ मा यसलाई जलपाईगढी र अलिपुरद्वार गरी दुईवटा जिल्लामा बाडियो। वर्तमान डुवर्स भन्नाले भारतको पश्चिम बङ्गालको जलपाईगढी र अलिपुरद्वार जिल्ला बुझिन्छ।

### ३.१.३ डुवर्सको भौगोलिक स्थिति

पूर्वमा सुनकोश नदी, पश्चिममा टिस्टा नदी, उत्तरमा दार्जिलिङ जिल्ला र भुटान अनि दक्षिणमा कोचविहर जिल्लाले परिवेष्टित डुवर्स ३१ ए. राजमार्गमा पर्ने केरोनेशन ब्रीज अर्थात बाघपुलदेखि पूर्व लगभग २,३८५ वर्ग किलो मिटर भूभागमा फैलिएको छ। भौगोलिक दृष्टिले हिमालयको फेदमा अवस्थित हरियो वन जंगलले ढाकेको, विभिन्न नदीहरूले सिञ्चित डुवर्स चियाको खेतीको निम्ति उर्वर मानिन्छ। डुवर्समा १७७ वटा वन-बस्ती र १५० वटा चिया कमानहरू छन्।[७०] मोठ जनसंख्याको ७०% मानिस चिया कमानमा श्रमिकका रूपमा कार्यरत छन्। यहाँका मानिसहरूको जीविका उपार्जनको मुख्य स्रोत नै चियाबारी हो। अन्य

६९ पूर्ववत्, पृ. ४।

७० प्रभात थापा, पूर्ववत्, पृ. ५।

३०% मानिसहरू स्वतन्त्र रूपमा व्यापार, खेतीपाती, गाई, बाख्रा, कुखुरा आदि पशु पालन गरेर जीविका चलाई रहेका छन् भने कति सरकारी नोकरी गरेर आफ्नो जीविका आर्जन गरिरहेका छन्।

### ३.१.४ डुवर्समा नेपालीहरूको बसोबास

सन् १६१४ देखिनै डुवर्समा नेपालीहरू बसोवास गर्न थालेका हुन् भन्ने जनश्रुति रहे तापनि ऐतिहासिक पृष्ठभूमि हेर्दा सन् १७८८ मा नेपाल सिक्किम युद्धपछि नेपालीहरू यस क्षेत्रमा बसोबास गर्न थालेका हुन् भन्ने जानकारी पनि पाइन्छ।[७१] सन् १८७४ मा डुवर्सको गजलडुबा भन्ने ठाँउमा रिचार्ड हग्टनले पहिलो चोटि चियाको खेती सुरु गरेपछि श्रमिकका रूपमा नेपालबाट नेपालीहरूको आगमन भयो त्यसै बेलादेखि डुवर्समा नेपालीहरू बस्न थालेका हुन् भन्ने भनाई पनि पाइन्छ।[७२] मोहन पी. दाहालका भनाइ अनुसार- *डुवर्समा बसोबास गर्ने नेपाली भाषाभाषीहरू यहाँका आदिवासी होइनन्, आप्रवासी हुन्, जो १८ औँ शताब्दीको प्रारम्भदेखि मात्र बसोबास गर्न थालेका हुन्*।[७३] परिश्रमी हुनाले चिया कमानहरूको संख्या सँगसँगै डुवर्सका विभिन्न ठाउँमा नेपालीहरूको संख्या पनि बढ्दै गएको

---

७१ निर्मल शर्मा, पूर्ववत्, पृ. ४।
७२ मोहन पी दाहाल, सन् १९९४, "जलपाइगढी जिल्लाका नेपाली जातिको परिचयात्मक अध्ययन", केदार गुरुङ, उपमान बस्नेत (सम्पा), *स्रष्टा डुवर्स विशेषाङ्क*, (वर्ष १६ अङ्क ३५), गेजि : पश्चिम सिक्किम साहित्य प्रकाशन, पृ. ९२।
७३ पूर्ववत्।

मानिन्छ। धेरै समयसम्म नेपालीहरू श्रमिकको रूपमा चिया कमानमा काम गरेपछि त्यहीं स्थायी रूपमा बसोबास गर्न थालेका हुन्। यसरी डुवर्समा नेपालीहरूको बसोबास सँगसँगै नेपाली भाषा, साहित्य र संस्कृतिको पनि विकास हुँदै गएको पाइन्छ। नेपाली भाषा, साहित्य, संस्कृतिको संरक्षणमा डुवर्सका नेपालीहरू सचेत देखिन्छन्। नेपाली बाहेक अन्य सम्प्रदायका मानिसहरू पनि यहाँ विभिन्न व्यवसाय, पेशा लिएर बसेका छन् तथापि डुवर्समा नेपाली भाषा र संस्कृतिको प्रभाव बढी देखिन्छ।

### ३.१.५ डुवर्समा शैक्षिक गतिविधि

डुवर्समा नेपालीहरूको बसोबास धेरै अघिबाट भए तापनि शिक्षाको क्षेत्रमा धेरै पछि रहेको पाइन्छ। डुवर्समा सन् १९५० को दशकदेखि मात्र नेपाली भाषामा शिक्षा प्रारम्भ भएको पाइन्छ। त्यससमय शिक्षकहरू दार्जिलिङ, शिलाङ, खर्साङ, कालेबुङ आदि ठाउँबाट ल्याएर नेपाली भाषा शिक्षाको प्रारम्भ गरिएको पाइन्छ।[७४] आजका सन्दर्भमा हेर्दा डुवर्समा आँगनबाडी, प्राथमिक पाठशाला, माध्यमिक विद्यालय, उच्चमाध्यमिक विद्यालयदेखि महाविद्यालय तहसम्मका शैक्षिक संस्थानहरू स्थापित छन्। यहाँका विद्यालयहरूमा हिन्दी, नेपाली तथा बगंला आदि मातृभाषामा शिक्षा प्रदान गरिन्छ। डुवर्समा प्राथमिक

---

७४ निर्मल शर्मा, पूर्ववत्, पृ ०४।

पाठाशालादेखि माध्यमिक, उच्चमाध्यमिक तथा महाविद्यालयीय तहसम्म नेपाली भाषामा पठन-पाठन भइरहेको पाइन्छ।

### ३.१.६ डुवर्समा साहित्यिक गतिविधि

डुवर्समा नेपाली साहित्यको विकास हुनुमा यस क्षेत्रमा भएका सङ्घ-संस्थाहरूको महत्वपूर्ण भूमिका रहेको पाइन्छ। डुवर्समा नेपाली भाषामा शिक्षा प्रारम्भ हुनुभन्दा अघिदेखि नै नेपाली भाषामा साहित्य रचना गर्ने काम हुन थालेको पाइन्छ। डुवर्समा नेपाली साहित्य लेखनको थालनी सन् १९२९ देखि भएको मानिन्छ।[७५] सन् १९२९ देखि नै साहित्य लेखनको प्रारम्भ भए तापनि पुस्तकाकारमा प्रकाशित भने सन् १९४२ *धामीको सवाई*बाट भएको पाइन्छ।[७६] यसपछि डुवर्सबाट थुप्रै पत्रपत्रिकाको प्रकाशन हुन थालेको पाइन्छ, जसले नेपाली साहित्यको विकासमा ठूलो योगदान पुऱ्याएको पाइन्छ। डुवर्सको पहिलो साहित्य संस्था *डुवर्स नेपाली साहित्य विकास समिति* को स्थापना सन् १९७४ भएको पाइन्छ।[७७] यस संस्थाले विभिन्न पत्र-पत्रिका तथा पुस्तक आदिको प्रकाशन साथै साहित्यिक गोष्ठी, उत्सव आदि कार्य गराएर नेपाली साहित्यको विकासमा ठूलो योगदान पुऱ्याएको पाइन्छ।

---

७५ कितापसिंह राई, सन् १९९७, *आँखिझ्यालबाट*, नाम्चि सिक्किम : निर्मान प्रकाशन, पृ. ९-१०।
७६ पूर्ववत्।
७७ पूर्ववत्, पृ. १०८।

यसबाहेक *सिर्जनशील समुह, भानु नेपाली साहित्य समिति, नेपाली साहित्य प्रतिष्ठान* आदि साहित्यिक संस्थाहरूले नेपाली साहित्यको विकासमा थप सहयोग पुऱ्याएको पाइन्छ।

साहित्यको विकासमा पत्रपत्रिका प्रकाशनको महत्वपूर्ण योगदान रहेको हुन्छ। डुवर्सको साहित्यलाई विकास गर्नमा यहाँबाट प्रकाशित विभिन्न पत्रपत्रिकाहरूको ठूलो भूमिका रहेको पाइन्छ। सन् १९४९ मा चन्द्रवीर प्रधानको सम्पादनमा डुवर्सबाट *जागृति* नामक पत्रिका प्रकाशित भएको पाइन्छ। विभिन्न व्यक्ति तथा सङ्घ-संस्थाहरूको प्रयासमा डुवर्सबाट आजसम्म लगभग एक सयभन्दा बढी पत्रपत्रिकाहरू प्रकाशित भइसकेका छन्।[७८] आजसम्म डुवर्सबाट कथा, कविता, निबन्ध, नाटक, उपन्यास, गीत, संस्मरण तथा अनुवाद आदि साहित्यिक कृतिहरू प्रकाशित भइसकेका छन् र अझ पनि पुस्तक प्रकाशनलाई डुवर्सले निरन्तरता दिइरहेको पाइन्छ। भारतीय नेपाली साहित्यमा डुवर्सको आफ्नो बेग्लै स्थान र महत्व रहेको पाइन्छ।

## ३.२ डुवर्समा नेपाली कविताको पृष्ठभूमि

भारतमा नेपाली कविताको परम्परालाई अवलोकन गर्दा भारतका अन्य स्थानको तुलनामा डुवर्समा नेपाली कविताको विकास केही विलम्ब गरेर नै भयो। किताप सिंह राई, मननारायण प्रधान प्रभृति समालोचकहरूले डुवर्समा साहित्यिक लेखनको प्रारम्भ सन् १९२९ मा

---

७८ शङ्कर प्रधान, सन् २०१६, *डुवर्सका कृतिहरू,* डुवर्स : बसुन्धरा प्रधान ग्रामीण पुस्तकालय, पृ. ७७।

हैकमसिंह राईद्वारा लेखिएको *गोर्खा समाज सुधारको आवश्यकता*लाई मानेका छन्। उक्त रचना *गोर्खा संसार* (वर्ष ४, अङ्क ६) मा प्रकाशित भएको पाइन्छ।[७९] यसै रचनालाई डुवर्सबाट लेखिएको पहिलो रचना मान्न सकिन्छ। कितापसिंह राईकै आधार लिएर हेर्दा उक्त अवधिमा डुवर्सबाट अन्य पनि साहित्यिक रचनाहरू प्रकाशित भएका थिए भन्ने जानकारी पाइए तापनि प्रकाशन व्यवस्थाको अभावले ती अप्राप्य छन्। त्यसो हुँदा सन् १९४२ मा प्रकाशित कालचिनीका गङ्गाप्रसाद वैदार र दिलबहादुर सरदारद्वारा रचित काव्यकृति *धामीको सवाई*लाई डुवर्सबाट प्रकाशित प्रथम काव्यरचना मानिएको पाइन्छ।[८०] डुवर्समा नेपाली कवितालाई प्रारम्भ गर्दै यस कृतिले सामाजिक कुरीति र कुप्रथालाई व्यक्त गरेको पाइन्छ। सरल भाषामा लेखिएको यस कृति उपदेशात्मक र वर्णनात्मक शैलीमा लेखिएको पाइन्छ। त्यस समय भारतीय नेपाली कवितामा अधिक सवाई र लहरी काव्य लेखिने परम्परा रहेको थियो। सन् १८७७ मा लेखिएको ज्ञानदिलदासको उदयलहरीले भारतमा लहरी काव्य लेखनको नयाँ आयाम र परम्परा बसालेको मानिन्छ।त्यसपछि बबगुनी गुरुङको ब्रह्मतत्वको सवाई (सन् १८९३), डाकमान राईको दार्जलीङ्गको पैराको सवाई(सन् १८९९), सुरवीर गुरुङको भक्तिको सवाई(सन् १९०१), आदि महत्त्वपूर्ण र लोकलयात्मक एवम् जातीय छन्दमा सिर्जना

७९ कितापसिंह राई, पूर्ववत्, पृ. ९-१०।

८० भवानीप्रसाद घिमिरे, सन् १९८९, *भानु डुवर्स विशेषाङ्क*, भद्रपूर, भानु प्रकाशन।

गरिएका कृतिहरू मानिन्छन्।[८१] यसै परम्पराबाट प्रभावित भएर गङ्गाप्रसाद वैदार र दिलबहादुर सरदारले *धामीको सवाई* (सन् १९४२) लेखेको पाइन्छ।

त्यसपछि डुवर्सबाट लामो समयसम्म अन्य काव्यकृति प्रकाशित भएको थहा लाग्दैन। लगभग चौबीस वर्ष बिराएर सन् १९६६ मा लोकनाथ प्रधानको *बिरूवा* नामक कवितासङ्ग्रह प्रकाशित भएको पाइन्छ। यसरी हेर्दा सन् १९४२ देखि सन् १९६६ सम्मको अवधिमा कुनै काव्यकृति प्रकाशित भएको जानकारी पाइँदैन। यद्यपि त्यस अवधिमा साहित्यिक कृति प्रकाशित नभए तापनि विविध पत्रपत्रिका भने प्रकाशित भइरहेको जानकारी पाइन्छ। *जागृति (१६४९), डुवर्सवाणी (१९५५), ज्योति (१९६०), ध्वनि (१९६४), उषा (१९६५), वसन्त (१९६६)* जस्ता पत्रपत्रिका भने त्यस अवधिमा प्रकाशित भएको पाइन्छ भने ती पत्रपत्रिकामा फुटकर कविताहरू पनि प्रकाशित भएको पाइन्छ।[८२] सन् १९६६ मा प्रकाशित *बिरूवा* कवितासङ्ग्रहमा भने समाजसुधारको आह्वान, प्रकृति प्रेम र डुवर्सका जनजीवनको अवस्थालाई व्यक्त गरिएको पाइन्छ। त्यसरी नै डुवर्समा लोकनाथ प्रधानको काव्यकृति बिरूवा प्रकाशित भएको दश वर्षपछि सन् १९७५ मा पदम भुजेलको *भक्कानो* नामक कृति प्रकाशित भएको पाइन्छ। यस कृतिमा कविताका साथै गीत पनि समाविष्ट भएको पाइन्छ। सन् १९७७ मा नरेन्द्र खडका र टिका पराजुलीको *फूलहरू काँडाहरू*

---

८१ जस योञ्जन ,पूर्ववत्, पृ- ३।

८२ कितापसिंह राई, पूर्ववत्, पृ. ९-१०।

नामक कविता सङ्ग्रह प्रकाशित भएको देखिन्छ। सन् १९८० मा कितापसिंह राईको *जीवनफूल* कविता सङ्ग्रह प्रकाशित भएको पाइन्छ। यिनका कवितामा जातिप्रेम विशेष रूपमा व्यक्त भएको पाइन्छ। कितापसिंह राईका कवितामा पनि समाजसुधारको चाह, नैतिक चेतना र रोमान्टिक भावाभिव्यक्ति पाइन्छ। सन् १९८१ मा इन्द्रबहादुर गुरुङको *आगोहरू अनि फूलहरू* प्रकाशित भएको पाइन्छ। डुवर्सको चियाबारीमा काम गरेर उचित मूल्य प्राप्त गर्न नसकेका जनताका पक्षमा पनि इन्द्रबहादुर गुरुङले कविता सिर्जना गरेको पाइन्छ। यिनका कवितामा डुवर्समा नेपाली जनजीवनले भोग्नु परेको अव्यवस्था र विशृङ्खलता पनि व्यक्त भएको पाइन्छ। यिनले डुवर्सका जनजीवनले भोग्नु परेका विभिन्न समस्या, श्रम र पसिनाको मूल्याङ्कन आदि विषयलाई आफ्नो कविताको मूल केन्द्र बनाएको पाइन्छ। सन् १९८२ मा भक्त राईको *लयप्रलय* खण्डकाव्य प्रकाशित भएको पाइन्छ। डुवर्सबाट प्रकाशित पहिलो खण्डकाव्य भएको हुनाले यसको आफ्नै ऐतिहासिक महत्व रहेको छ। यस कृतिलाई डुवर्सको नेपाली साहित्यको नयाँ उपलब्धी मान्न सकिन्छ।[८३] त्यसरी नै सन् १९९३ मा मणिकुमार थापाको *डुवर्स* शीर्षक पहिलो गीतिकाव्य प्रकाशित भएको पाइन्छ। सन् १९९६ मा मदन मोक्तानको सम्झनाका लहरहरू प्रकाशित भएको पाइन्छ। यस कृतिको भूमिकामा बद्रीनारायण प्रधान लेख्छन्— *"आफ्ना वरिपरिको परिस्थिति, घटनाचक्र, समाजका बहुसंख्यक*

---

८३ मननारायण प्रधान, सन् १९९१, *केही साहित्यिक अध्ययन र मूल्याङ्कन*, डुवर्स : डुवर्स नेपाली साहित्य विकास समिति, पृ. ९७।

*मानिसको अवस्था, त्यहाँको परिवेश र यसमा जिउँदो रहेको मान्छे नै हुन्छ उसको संवेदनशीलतालाई उजागर गर्ने विषयवस्तु। यसैलाई कविले कवितामा उकेल्छन् ।"* [८४] प्रस्तुत कृतिमा कवि मोक्तानले आर्थिक विपन्नता, सामाजिक विशृङ्खलता, क्रान्तिचेत व्यक्त गरेका छन्। सन् १९९७ मा जीवन राणाको *मेरा प्रारम्भिक कविताहरू* प्रकाशित भएको पाइन्छ ।[८५] जीवन राणाका कविताहरूमा जीवन र समाजका विसङ्गतिको प्रस्तुति पाइन्छ। उनको सन् २००० सालमा प्रकाशित मुक्तक सङ्ग्रह *जीवनका मुक्तकहरू* विषयगत विविधताका साथै सामाजिक समस्याकेन्द्री छन्।[८६] शङ्कर प्रधानको २००२ मा प्रकाशित *कविता कृति* नामक कविता सङ्ग्रह प्रकाशित भएको पाइन्छ। उनका अधिक कविता सामाजिक यथार्थवादी विचारधाराका छन्।[८७] सन् २००४ मा बेगबसन्त थापाको *पाठशालाको पहिलो दिन* नामक कृति प्रकाशित भएको पाइन्छ। उक्त कृति बाल कवितासङ्ग्रह हो भने नैतिक दृष्टान्त, बालमनोविज्ञान, लयात्मक र सरल गुणयुक्त यस कृतिलाई बालसाहित्यमा पहिलो काव्यकृति मान्न सकिन्छ।[८८] सन् २००४ मा जीवन राणाद्वारा अनुदित *डा. विद्याविन्दु सिंहका केही कविताहरू*लाई डुवर्सको नेपाली साहित्यमा

---

८४ मदन मोक्तान, सन् १९९६, *सम्झनाका लहरहरू*, डुवर्स: युगास्था प्रकाशन।

८५ जीवन राणा, सन् १९९७, *मेरा प्रारम्भिक कविताहरू*, डुवर्स: जसबहादुर राणा पुस्तकालय प्रकाशन।

८६ जीवन राणा, सन् २०००, *जीवनका मुक्तकहरू*, डुवर्स: जसबहादुर राणा पुस्तकालय प्रकाशन।

८७ शङ्कर प्रधान, सन् २००२, *कविता कृति*, डुवर्स : युगास्था प्रकाशन।

८८ वोगवसन्त थापा, सन् २००४, *पाठशालाको पहिलो दिन*, डुवर्स : बिष्णु-रत्न प्रकाशन।

पहिलो अनुदित काव्यकृति मान्न सकिन्छ।[८९] सन् २००५ मा *डुवर्स बोल्छ* नामक कमल थुलुङको काव्यकृति प्रकाशित भएको पाइन्छ। कविताका सन्दर्भमा जीवन नामदुङ लेख्छन् — *कविता सरल, सरस भए पनि जिन्दगी जिउने क्रममा आइपरेका विसङ्गति, विद्रोह र विविशताका रन्कोलाई कहीँ व्यङ्ग्यका वाणले कतै अनुभूतिको तरलताको कवितात्मक अनुहार र मर्यादा प्रदान गरेको छ।"*[९०] अमृता राणाको *दलसिंहपाडाका मुक्तकहरू* नामक मुक्तक सङ्ग्रह सन् २००५ मा प्रकाशित भएको पाइन्छ भने सन् २००७ मा प्रकाशित वेगवसन्त थापाको *म टिस्टा बगिरहेछु* काव्यकृति डुवर्सको नेपाली कवितामा महत्त्वपूर्ण कृति मान्न सकिन्छ।[९१] सन् २००७ मा शङ्कर प्रधानको *कवितै कविता* प्रकाशित भएको पाइन्छ। उनका कविताहरू सरल र अभिधात्मक शैलीका छन् भने सामाजिक सरोकार र जातिप्रेमी उनका कवितामा प्रमुख विषय भएर देखापरेका छन्।[९२] सन् २००८ मा इन्द्रबहादुर गुरुङको *बेदुईन* प्रकाशित भएको पाइन्छ। इन्द्रबहादुर गुरुङ डुवर्समा लामो समयदेखि निरन्तर कविता सिर्जना गर्ने व्यक्ति हुन् भने सरल भाषामा सरस कविता सिर्जना गरेको पाइन्छ।[९३] सन् २००९ मा अशोक विश्वको *जीवन नदी* कविता सङ्ग्रह प्रकाशित भएको

---

८९ जीवन राणा, सन् २००४, *डा. विद्याविन्दु सिंहका केही कविताहरू,* डुवर्स : जसबहादुर राणा पुस्तकालय प्रकाशन।

९० कमल थुलुङ, सन् २००५, *डुवर्स बोल्छ,* डुवर्स : प्रतिमा प्रकाशन।

९१ वेगवसन्त थापा, सन् २००७, *म टिस्टा बगिरहेछु,* डुवर्स : बिष्णु-रत्न प्रकाशन।

९२ शङ्कर प्रधान, सन् २००७, *कवितै कविता,* डुवर्स : युगास्था प्रकाशन।

९३ इन्द्रबहादुर गुरुङ, सन् २००८, *बेदुईन,* सिलगडी : ग्राफिक प्रिन्टर्स।

पाइन्छ। देशको व्यवस्था, राजनीति, सामाजिक विसङ्गतिप्रतिको असन्तुष्टि र व्यङ्ग्य कवि विश्वका कवितामा पाइने मुख्य विषय मान्न सकिन्छ।[९४] डुवर्सका अर्का कवि विधान नौवाग हुन्, उनको *स्वतन्त्रताको घाम* कविता सङ्ग्रह सन् २००९ प्रकाशित पाइन्छ।[९५]

सन् २०१० मा कमल थुलुङको *भाव विम्ब* नामक मुक्तक सङ्ग्रह प्रकाशित भएको पाइन्छ। उक्त कृतिमा सङ्ग्रहित मुक्तकहरू सरल, सहज र हृदयग्राही रहेका छन्। उक्त कृतिमा समाविष्ट मुक्तक व्यङ्ग्यात्मक, रोमान्टिक एवम् सूक्तिमय रहेको पाइन्छ।[९६] सन् २०१० मा जीवन राणाको *मोनिका* बाल कवितासङ्ग्रह प्रकाशित भएको पाइन्छ भने त्यसै वर्ष मोनिका राणाको *जीवनका पाइलाहरू* नामक कविता सङ्ग्रह प्रकाशित गरिएको पाइन्छ। सन् २०१३ मा गणेश गजमेरको *गाउँलाई भनेर* नामक कविता सङ्ग्रह प्रकाशित भएको पाइन्छ। उक्त कविता सङ्ग्रहमा जीवन राणा लेख्छन्—"*गणेश गजमेरका कविताहरूमा विषय विविधताको आधारमा प्रकृति-चित्रण, प्रेम अनि शृङ्गार-सौन्दर्य भावनाको प्रबलता, स्वच्छन्दता, मानवतावादी तथा जीवनदायी दृष्टिकोण बढी रहेको देखिन्छ।*"[९७] सन् २०१३ मै गोपालसिंह विश्वको *युग र मान्छे* प्रकाशित भएको पाइन्छ। कवि गोपालसिंह विश्वका कवितामा मानवतावादी स्वरका साथै वर्तमानमा भइरहेको मानवताको पतन अनि सामाजिक

---

९४ अशोक विश्व, सन् २००९, *जीवन-नदी,* डुवर्स : चेतना पब्लिकेशन, प्रा.लि.।

९५ विधान नौवाग, सन् २००९, *स्वतन्त्रताको घाम,* सिलगडी : उदय प्रकाशन।

९६ थुलुङ कमल, सन् २०१०, *भाव-विम्ब,* सिलगढी : ग्राफिक प्रिन्टर्स।

९७ गजमेर गणेश, सन् २०१३, *गाउँलाई भनेर,* दलसिंहपाडा : जसबहादुर राणा पुस्तकालय प्रकाशन।

समस्यालाई व्यक्त गरिएको छ।[९८] सन् २०१४ मा किरण उपाध्यायको *डुवर्स तिमी* नामक कृति प्रकाशित भएको पाइन्छ। यो कृति डुवर्सकै समस्यामा केन्द्रित रहेको छ।[९९] सन् २०१४ मै कितापसिंह राईको *अक्षरानुभूति* प्रकाशित भएको पाइन्छ। यस कविताका प्रसङगमा अवीर खालिङको भनाई यस्तो हरेको छ—*"स्वाभाविकता, सरलता र इमानदारिता उहाँको कवितात्मक प्रवृत्ति देखिन्छ। शब्दजालदेखि टाडा उहाँका कविताहरू उभिएका छन्। सोझो सपाट भाषामा कविता संप्रेषणीय छन् र प्रचलित गद्यशैलीका यी कविताहरू प्रयोगभूमि बनेका छैनन्। चाटुकारितादेखि, कोराभावुकतादेखि पर तथ्य र सान्दर्भिक श्रोतले भरिएका हुनाले ऐतिहासिक कालखण्डको काव्यिक दस्तावेजझैं बनेका छन्। बनावटी आडम्बर छैन, कृत्रिमता छैन तर यथार्थ र आफ्नो वरिपरि घटेका विभिन्न संवेदनशील घटनाहरूले छोइएर त्यसको इमान्दारीपूर्वक काव्यिक अभिव्यक्ति भने उहाँको कविताले दिएको छ। यस सन्दर्भमा उहाँलाई यथार्थको प्रक्षेपणमा रमाउने कवि भन्दा हुन्छ। सामाजिक, राजनैतिक असमानताका कुराहरू बौद्धिक काव्यिक उच्छ्वास बनेका छन् ।"*[१००] त्यसरी सन् २०१६ मा निर्मल आग्रहको *आधा पहाड* नामक कविताकृति प्रकाशित

---

९८ गोपालसिंह विश्व, सन् २०१४, *युग र मान्छे,* बाग्राकोट : नयाँ दृष्टि प्रकाशन।
९९ किरण उपाध्याय, सन् २०१४, *डुवर्स तिमी,* डुवर्स :डुवर्स नेपाली साहित्य विकास समिति।
१०० कितापसिंह, सन् २०१४, *अक्षरानुभूति,* सिलगढी : नेपाली साहित्य प्रचार समिति।

भएको पाइन्छ। नयाँ पुस्तामा उदीयमान कवि निर्मल आग्रहका कवितामा समसामियक चेतना, अभिव्यक्तिको तात्क्षणिकता, बहुलवादी दृष्टि र स्थाननिक चेतना पाइन्छ।[१०१]

अन्य स्थानमा जन्मिएर डुवर्सलाई आफ्नो कार्य क्षेत्र बनाएर जीवन यापन गरिरहेका अबीर खालिङ, रेमिका थापा, गगण राई, सिताराम काफ्ले आदि वर्तमान नेपाली साहित्यका सशक्त कविहरू हुन्। यी कविहरूमध्ये अबीर खालिङ र रेमिका थापा दुवै सङ्क्रमणकालीन लेखनबाट प्रभावित कविहरू हुन् भने समकालीन लेखनमा सक्रियतापूर्वक समर्पित देखिन्छन्। सन् २००५-देखि अबीर खालिङ डुवर्समै कार्यरत भएपछि उनले सिर्जना गरेका कवितालाई डुवर्सकै नेपाली कविताअन्तर्गत अध्ययन गर्न सकिन्छ। सन् २००७ मा प्रकाशित उनको *अवीरानुभूति* कविता सङ्ग्रह (सन् १९९८), *अक्षर-उत्सव* (सन् २००७) लाई महत्त्वपूर्ण कृति मान्न सकिन्छ। सामाजिक विसङ्गति, आर्थिक विषमता, जातीय उत्पीडन, प्रेमप्रणय, मानवीय संवेदनाको पतन आदिलाई मुख्य विषय बनाएर कवि खालिङले कविता लेखेको पाइन्छ।

सन् २००६ देखि डुवर्समा प्राध्यापन कार्यमा संलग्न रहेर रेमिका थापाले डुवर्सको नेपाली कवितालाई दिदैं आएको योगदान महत्त्वपूर्ण मान्न सकिन्छ। उनले *गाँउमा कविताहरू* (सन् २००७) कृतिसँगै २०१० मा कवि मनप्रसाद सुब्बासँग संयुक्त रूपमा *किनाराका आवाजहरू*

---

१०१ आग्रह निर्मल, सन् २०१६, *आधा पहाड,* सिलगडी : सम्बोधन पब्लिकेसन।

प्रकाशित गरेर किनारीकरणको अवधारणालाई समेत प्रस्तुत गरेका हुन्। गाउँमा कविता उनको चर्चित कृति हो जहाँ भूमण्डलीकरण र स्थानिक चेतनालाई महत्त्व दिइएर भावाभिव्यक्ति प्रस्तुत गरिएको पाइन्छ।[१०२]

### ३.३ डुवर्सका नेपाली कविताको विकासक्रम

समग्र नेपाली कविता साहित्यकै तुलनामा हेर्नु हो भने डुवर्समा निक्कै ढिलाएर मात्र कविता लेखन प्रारम्भ भएको पाइन्छ। नेपाली कविताको तुलनामा डुवर्समा कविता लेखनको थालनी लगभग १६३ वर्ष ढिलाएर भएको पाइन्छ। नेपाली कविताले वीर, भक्ति, श्रृङ्गार तथा परिष्कारवाद जस्ता विभिन्न धाराहरूलाई नाघेर आधुनिककालसम्म आइपुग्दा मात्र डुवर्समा नेपाली कविता लेखनको प्रयास भएको पाइन्छ। भारतीय नेपाली कविताकै सन्दर्भमा हेर्नु हो भने पनि भारतका अन्य प्रान्तहरू दार्जिलिङ, सिक्किम, आसाम, भाग्सु, बनारस आदि क्षेत्रमा नेपाली कविताले धेरै विकास गरिसकेपछि मात्र डुवर्समा कविताको बिजारोपण भएको पाइन्छ। डुवर्समा पनि सवाईबाट नै काव्य लेखन परम्पराको प्रारम्भ भएको पाइन्छ। आजसम्मको अध्ययन र अनुसन्धानबाट डुवर्सको पहिलो काव्य कृति *धामीको सवाई* (सन् १९४२) फेला पर्दछ। दिलबहादुर सरदार र गंगाप्रसाद वैदारको सहलेखनमा प्रकाशित *धामीको सवाई* (सन् १९४२) भन्दा पहिले डुवर्सबाट कविता लेख्ने प्रयास भएको

१०२ रेमिका थापा र मनप्रसाद सुब्बा, सन् २०१०, *किनाराका आवाजहरू*, दार्जिलिङ, श्याम ब्रदर्श प्रकाशन।

उल्लेखसम्म भएको पाइएको छैन। अतः *धामीको सवाई*लाई नै डुवर्सको पहिलो काव्य कृति मान्नु पर्ने हुन्छ। यस कृतिको प्रकाशन काल अर्थात सन् १९४२ देखि आजसम्मको डुवर्सको कविता साहित्यको इतिहास हेर्दा लगभग ७४ वर्ष भएको पाइन्छ। डुवर्सको कविताको इतिहासलाई सन् १९४२ देखि १९६५ सम्म पृष्ठभूमि निर्माणकालका रूपमा राखेर अध्ययन गरिन्छ।

### पृष्ठभूमिकाल (१९४२-१९६५)

दिलबहादुर वैदार र गंगाप्रसाद सरदारको सहलेखनमा प्रकाशित *धामीको सवाईको* प्रकाशन काल अर्थात सन् १९४२ लाई प्रारम्भिक बिन्दु मानेर डुवर्सबाट प्रकाशित पहिलो कविता सङ्ग्रह कवि लोकनाथ प्रधानको *बिरूवा*को प्रकाशन काल (सन् १९६६) -भन्दा अघिको समयावधि अर्थात सन् १९६५ —लाई डुवर्समा नेपाली कविताको पृष्ठभूमिकाल मानेर अध्ययन गरिन्छ।[१०३] डुवर्समा कविता लेखनको पृष्ठभूमि तयार हुन सन् १९४२ देखि सन् १९६५ सम्म २३ वर्षको समय लागेको देखिन्छ। यसरी २३ वर्षको समय खर्चेपछि मात्र सन् १९६६ मा एउटा सिङ्गो कविता सङ्ग्रह प्रकाशित भएको पाइन्छ। धामीको सवाईको प्रकाशनले डुवर्समा मानिसहरूलाई एउटा नयाँ उर्जा प्रदान गरेको अनुभव हुँदछ। यसपछि डुवर्सबाट साहित्यिक पत्रपत्रिका र फुटकर रचनाहरू प्रकाशित भएको देखिन्छ। सन् १९४९

---

१०३ कितापसिंह राई, सन् १९९७, *आँखीझ्यालबाट,* नाम्चि : निर्माण प्रकाशन, पृ. ९।

मा चन्द्रवीर प्रधानको सम्पादनमा *जागृति* नामक साहित्यिक पत्रिका प्रकाशित भएको पाइन्छ, जसलाई डुवर्सको पहिलो पत्रिका मानिन्छ।[१०४] यो पत्रिका चार अङ्कसम्म मात्र प्रकाशित भए तापनि यसले डुवर्सका साहित्यकारहरूमा पत्रपत्रिकाको प्रकाशनप्रति उत्साहवर्धक प्रेरणा दिएको पाइन्छ। त्यसरीनै सन् १९५५ मा तारानारायण श्रेष्ठ र एस एन छेत्रीको सम्पादनमा *डुवर्सवाणी* नामक पत्रिका प्रकाशन भएको पाइन्छ।[१०५] त्यसपछि सन् १९६० मा वसन्तकुमार छेत्रीको सम्पादनमा *ज्योति,* सन् १९६४ मा कृष्णभक्त खडकाको सम्पादनमा *ध्वनि* तथा सन् १९६५ मा भास्कर रसाइलीको सम्पादनमा *उषा* नामक पत्रिका प्रकाशन भएको पाइन्छ।[१०६] यस कालमा डुवर्सका विभिन्न ठाउँहरूबाट विभिन्न व्यक्तिहरूका सम्पादनमा पत्रपत्रिकाहरूको प्रकाशित भएको पाइन्छ। यस चरणमा यी पत्रिकाहरूले विभिन्न नयाँ कविहरूका फुटकर कविताहरू प्रकाशित गराएर कविता लेखनको पृष्ठभूमि निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ। डुवर्सको नेपाली कविताको यस पृष्ठभूमिकालमा *धामीको सवाई* बाहेक अन्य काव्य कृतिहरूको प्रकाशन भएको नपाइए तापनि डुवर्स तथा भारतका अन्य प्रान्तहरूबाट प्रकाशित विभिन्न पत्रपत्रिकाहरूमा डुवर्सका कविहरूको फुटकर कविताहरू भने प्रशस्तै प्रकाशित भएको थाहा लाग्दछ। यस पृष्ठभूमि निर्माणकालका प्रमुख

---

१०४ पूर्ववत्।

१०५ पूर्ववत्।

१०६ कितापसिंह राई, पूर्ववत्, पृ ९- १०।

कविहरूमा दिलबहादुर सरदार, गंगाप्रसाद वैदार, चन्द्रवीर प्रधान, एस एन छेत्री, हरिप्रसाद राई, विष्णुप्रसाद गौतम, रूद्रमणि राई आदि हुन्।

यस शोध कार्यमा डुवर्सको कविता यात्रामा देखा परेको विभिन्न प्रवृत्ति, तथा समयकाल आदिलाई आधार मानेर डुवर्सको नेपाली कविताको इतिहासलाई मूलतः तीनवटा प्रमुख चरणहरूमा विभाजन गरेर अध्ययन गरिन्छ-

प्रथम चरण (सन् १९६६-१९७९)

दोस्रो चरण (सन् १९८०-१९९९)

तेस्रो चरण (सन् २०००-२०१६)

**(क) प्रथम चरण (सन् १९६६-१९७९)**

विभिन्न पत्रपत्रिकाको प्रकाशनले डुवर्सका नेपाली साहित्यलाई उर्वर पारेको पाइन्छ। जसको फलस्वरूप सन् १९६६ मा कवि लोकनाथ प्रधानको *बिरूवा* नामक कविता सङ्ग्रह प्रकाशित भएको पाइन्छ। यसलाई डुवर्सबाट प्रकाशित पहिलो कविता सङ्ग्रह मानिन्छ।[१०७] यसैको प्रकाशन काल अर्थात सन् १९६६-देखि कवि कितापसिंह राईका *जीवनफूल* नामक कविता सङ्ग्रहको प्रकाशन काल (सन् १९८०) भन्दा अघि अर्थात सन् १९७९-सम्मको

१०७ लोकनाथ प्रधान, सन् १९६६, *बिरूवा,* डुवर्स।

समयावधिलाई डुवर्सको नेपाली कविताको प्रथम चरण तथा प्रारम्भिककाल मानेर अध्ययन गरिन्छ। यस कालमा पनि डुवर्समा कविताको संख्यामा सन्तोषजनक बृद्धि भएको पाइँदैन। सन् १९६६ मा कवि लोकनाथ प्रधानको *बिरूवा* कविता सङ्ग्रह प्रकाशित भएको नौ वर्षपछि सन् १९७५ मा मात्र अर्का कवि पदम भुजेलको *भक्कानो* नामक कविता र गीत सङ्ग्रह प्रकाशित भएको पाइन्छ। त्यसरीनै सन् १९७७ मा नरेन्द्र खड्का र टीका पराजुलीको *फूलहरू: काँडाहरू* नामक कविता सङ्ग्रह प्रकाशित भएको देखिन्छ। डुवर्सका नेपाली कविताको प्रथम चरणमा तीसवटाभन्दा अधिक साहित्यिक पत्रपत्रिकाहरूको प्रकाशन भएको पाइन्छ। भने जम्मा तीनवटा कविता सङ्ग्रह प्रकाशित भएको देखिन्छ। साथै सन् १९७४ मा *'डुवर्स नेपाली साहित्य विकास समितिको स्थापना* नामक साहित्यिक संस्थाको स्थापना हुनु यस चरणको ठूलो उपलब्धि मान्न सकिन्छ। यस संस्थाले विभिन्न साहित्यिक गोष्ठी तथा सम्मेलनको आयोजना गरेको थाहा लाग्दछ।[१०८] जसले यस चरणका कविहरूलाई प्रेरणा प्रदान गरेको देखिन्छ। यसरी साहित्यिक सङ्घ-संस्थानहरूको स्थापना तथा विभिन्न पत्रपत्रिकाको प्रकाशनले डुवर्समा नेपाली कविताको विकासमा ठूलो सहयोग पुऱ्याएको पाइन्छ। प्रथम चरणका कविहरूले डुवर्स तथा अन्य क्षेत्रबाट प्रकाशित हुने पत्रपत्रिकामा आफ्नो फुटकर कविता प्रकाशित गराएको पाइए तापनि सङ्ग्रह रूपमा भने आजसम्म केवल

---

१०८ कितापसिंह राई, पूर्ववत्, पृ ९- १०।

तीनवटा कृतिहरू प्राप्त छन्। यस चरणका प्रमुख कविहरू लोकनाथ प्रधान, पदम भुजेल, नरेन्द्र खड्का, टीका पराजुली, मोतीलाल तामाङ, वीरकाजी प्रधान, एस एन छेत्री, भानुप्रकाश मार्मिक, भक्त राई, दमयन्ती खड्का, आदि हुन्।

**(ख) दोस्रो चरण (सन् १९८०-१९९९)**

सन् १९८० देखि सन् १९९९ सम्मको समयलाई डुवर्सको नेपाली कविता यात्राको दोस्रो चरण मानेर अध्ययन गर्न सकिन्छ। सन् १९८० मा प्रकाशित कितापसिंह राईका *जीवनफूल* नामक कविता पारम्परिक लेखनभन्दा केही फरक रूपमा देखा पर्दछ। उनका कवितामा देखा परेका स्वच्छन्दतावादी प्रवृत्तिका साथै नयाँ शैली, नयाँ लेखन परिपाटि, विषयवस्तु, नयाँ प्रतीक, विम्वको प्रयोग, नूतनताको आग्रह, समयानुकुल परिवर्तनको चाहनसँगै डुवर्सको नेपली कवितामा आधुनिकताले प्रवेश पाएको मान्न सकिन्छ। राईसम्म आइपुग्दा डुवर्सको नेपाली कविता भाव र शिल्प दुवै दृष्टिले धेरै परिष्कृत भएको पाइन्छ। यसर्थ कितापसिंह राईलाई डुवर्सका प्रथम आधुनिक कवि मानिन्छ। यस चरणमा सर्वप्रथम कितापसिंह राईका *जीवनफूल* कविता सङ्ग्रह (सन् १९८०), इन्द्रबहादुर गुरुङको *आगोहरू अनि फूलहरू* कविता सङग्रह (सन् १९९८२), भक्त राईको *लय-प्रलय* खण्डकाव्य (सन् १९८२), मदन मोक्तानको *सम्झनाका लहरहरू* कविता सङ्ग्रह (सन् १९९१), मणिकुमार थापाको *डुवर्स* गीतिकाव्य (सन् १९९२), वेगबसन्त थापा र रवीन खवासको *आस्था* कविता

सङ्ग्रह (सन् १९९४), विधान नौवागको *अनन्त यात्रा* कविता सङ्ग्रह (सन् १९९४), केसी रसाइलीको *कलियुग* गीत सङ्ग्रह (सन् १९९४), जीवन राणाको *मेरा प्रारम्भिक कविताहरू* कविता सङ्ग्रह (सन् १९९७), किशोर मोक्तानको *युगको दुई फप्लेटा* कविता सङ्ग्रह (सन् १९९८) आदि काव्य कृतिहरू प्रकाशित पाइन्छन्। यी कृतिहरू बाहेक विभिन्न पत्रपत्रिकाहरूमा डुवर्सका कविहरूको फुटकर कविता प्रकाशित भएको पाइन्छ। यस कालका प्रमुख कविहरू कितापसिंह राई, इन्द्रबहादुर गुरुङ, भक्त राई, मदन मोक्तान, मणिकुमार थापा, वेगबसन्त थापा, रवीन खवास, विधान नौवाग, केसी रसाइली, जीवन राणा, किशोर मोक्तान, अशोक विश्व, टीका पराजुली, जनार्दन थापा, सित्तम मोक्तान, आशबहादुर लिम्बु आदि हुन्।

**(ग) तेस्रो चरण (सन् २००० देखि हालसम्म)**

सन् २००० देखि यता डुवर्सका नेपाली कविताहरू धेरै विकसित हुँदै गएको देखिन्छ। प्रस्तुत शोधमा सन् २००० सालदेखि यता हालसम्मको समयलाई डुवर्सका नेपाली कविताको तेस्रो चरणको रूपमा अध्ययन गरिन्छ। सन् २००० साल कविता विधाकै एउटा शाखा मानिने मुक्तक लेखनको प्रारम्भ कवि जीवन राणाको *जीवनका मुक्तकहरूबाट* भएको देखिन्छ। डुवर्समा पुरानै परिपाटीमा कविता लेखिँदै आएको बेला यसरी परम्परालाई भत्काएर मुक्तक लेखिनु डुवर्सको कविता साहित्यमा एउटा नयाँ उपलब्धि मान्न सकिन्छ। यसरी

२००० सालमा जीवन राणाको *जीवनका मुक्तकहरू* नामक मुक्तक सङ्ग्रह प्रकाशित भएपछि डुवर्समा कविताको लेखन शैलीमा परिवर्तन देखापर्दछ। जसको फलस्वरूप कविहरूको झुकाउ मुक्तक, गजल, बाल कविता तथा छोटा कविता लेखनतिर बढदै गएको देखिन्छ। यसरी नै सामाजिक विकास, यातायातको सुविधा, सामाजिक सञ्जालको उद्भव र विकास, शिक्षामा आएको विकास आदि जस्ता कारणहरूले अब डुवर्स भारतका विभिन्न प्रान्त तथा अन्तर्राष्ट्रिय सम्पर्कबाट अलग छैन। फलतः अन्य क्षेत्रमा लेखिएका कविता त्यसका प्रवृत्ति तथा धारमा आफू पनि सँगसँगै बग्ने प्रयास डुवर्सका कविहरूले गरिरहेको देखिन्छ। भारतीय नेपाली कविताले धेरैवटा प्रवृत्ति र धाराहरूलाई नाधिसकेको हुँदा वर्तमान समयमा डुवर्सका कविताहरूले पनि फड्को मार्दै तिनीहरूसँग दाँजिने प्रयास गरिरहेको देखिन्छ। यस चरणमा देखा परेका कवि र कविताहरू जीवन राणाको जीवनका *मुक्तकहरू मुक्तक* सङग्रह (सन् २०००), शङ्कर प्रधानको *कविता कृति* कविता सङग्रह (सन् २००२), वेगबसन्त थापाको *पाठशालाको पहिलो दिन* बाल कविता सङग्रह (सन् २००४), जीवन राणाको *डा.विद्याविन्दि सिंहका केही कविताहरू* अनूदित कविता सङग्रह (सन् २००४), कमल थुलुङको *डुवर्स बोल्छ* कविता सङग्रह (सन् २००५), अमृता राणाको *दलसिंहपाडाका मुक्तकहरू* मुक्तक सङग्रह (सन् २००५), शङ्कर प्रधानको *कवितै कविता* कविता सङग्रह (सन् २००७), वेगबसन्त थापाको *म टिस्टा बगिरहेछु* (सन् २००७), इन्द्रबहादुर गुरुङका *बेदुईन* कविता

सङ्ग्रह (सन् २००८), अशोक विश्वको *जीवन नदी* कविता सङ्ग्रह (२००९), विधान नौवागको *स्वतन्त्रताको घाम* कविता सङ्ग्रह (सन् २००९), कमल थुलुङको *भाव-विम्ब* मुक्तक सङ्ग्रह (सन् २००९), जीवन राणाको *मोणिका* बाल कविता सङ्ग्रह (सन् २०१०), मोणिका राणाको *जीवनका पाइलाहरू* कविता सङ्ग्रह (सन् २०१०), गणेश गजमेरको *गाउँलाई भनेर* कविता सङ्ग्रह (सन् २०१३), गोपालसिंह विश्वको *युग र मान्छे* कविता सङ्ग्रह (सन् २०१३), किरण उपाध्यायको *डुवर्स तिमी* कविता सङ्ग्रह (सन् २०१४), कितापसिंह राईको *अक्षरानुभूति* कविता सङ्ग्रह (सन् २०१४), निर्मल आग्रहको *आधा पहाड* कविता सङ्ग्रह (सन् २०१६) आदि हुन्। यसका साथै सन् २०१७ मा दुर्गा चामलिङ राईको सम्पादनमा नेपाली साहित्य प्रतिष्ठान, दलसिंहपाडा, डुवर्सबाट *क्यालेण्डर कविता* प्रकाशित भएको पाइन्छ। सन् २०१७ को वार्षिक क्यालेण्डरमा भारत तथा नेपालका जम्म १२ जना कविहरूका कविता प्रकाशित छन्। त्यसरी नै दुर्गा चामलिङ राईकै सम्पादनमा *क्यालेण्डर कविता* सन् २०१८ पनि प्रकाशित भएको पाइन्छ। जसमा डुवर्सकै दशजना कविहरूका कविता प्रकाशित छन्। यीबाहेक सित्तम मोक्तान, अजीत पराजुली, आशबहादुर लिम्बु, सुखमन मोक्तान, रवीन खवास, प्रभात थापा, अनन्त श्रेष्ठ, कमल खवास, रूपेश विश्व, लिलाबहादुर छेत्री, जयप्रसाद राई, दुर्गा चामलिङ, रूद्र छेत्री, पुजन राई, आदि कविहरूले आफ्ना फुटकर कविताहरूद्वारा डुवर्सका नेपाली कविताको विकासमा सहयोग पुऱ्याइरहेका छन्।

## निष्कर्ष

डुवर्समा नेपाली कविताको प्रारम्भ सन् १९४२-देखि भएको पाइन्छ। डुवर्सका नेपाली कवितामा आधुनिकताको सूत्रपात भने सन् १९८० -मा कितापसिंह राईको *जीवनफूल* नामक कविता सङ्ग्रहको प्रकाशनबाट भएको हो। अतः १९८० -देखि हालसम्मको अवधिलाई डुवर्सको नेपाली कविताको आधुनिक काल मानेर अध्ययन गर्न सकिने देखिन्छ।

# चौथो अध्याय

# डुवर्सका आधुनिक नेपाली कविताको प्रवृत्तिगत अध्ययन

## ४.१ डुवर्सका नेपाली कवितामा आधुनिक प्रवृत्ति

आधुनिकताबारे विभिन्न विद्वान्हरूले विभिन्न समयमा आ-आफ्ना दृष्टिकोणद्वारा परिभाषा दिने प्रयत्न गरेका छन्। नेपाली बृहत् शब्दकोश अनुसार आधुनिकताको अर्थ भर्खर-भर्खरैको, हालसालको, वर्तमान समयको, नयाँ आदि रहेको पाइन्छ।[१०९] यसरी हेर्दा आधुनिकता समयसूचक नै भएर देखापर्दछ तथापि साहित्यमा आधुनिकताको अवधारणा केही विशिष्ट र पारिभाषिक रूपमा प्रयुक्त हुँदछ। नेपाली साहित्यमा आधुनिकताको अवधारणा पाश्चात्य प्रभावसँगै विकसित भएको देखिन्छ। विज्ञानमा इजेक आइन्सटाइनको आगमनपछि विश्वमा नै आएको वैचारिक भिन्नताका साथै कार्ल मार्क्सको आर्थिक-राजनैतिक सिद्धान्तको भौतिकवादी प्रभाव अनि सिग्मन फ्रायडको मनोविज्ञानको सिद्धान्तले वैचारिकतामा पृथकता ल्याएको पाइन्छ।[११०] पाश्चात्य कविहरूबाट प्रभावित कवि लक्ष्मीप्रसाद देवकोटाका कविताहरूमा स्वच्छन्दतावादी प्रवृत्ति पाइने हुनाले उनलाई नै प्रथम आधुनिक नेपाली कवि

---

१०९ कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. १०२

११० मोदनाथ प्रश्रित (सम्पा), वि.स २०६७, *भृकुटी,* (अङ्क-१०, वर्ष-८), काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेशन्स पृ. २२-२३

मानिन्छ। साहित्यको विकासमा सञ्चार माध्यम र पत्र-पत्रिकाको भूमिकालाई महत्त्व रहेको हुन्छ। यस सन्दर्भमा नेपाली साहित्यमा *शारदा* पत्रिका (सन् १९३४) को प्रकाशनलाई आधुनिकताको प्रारम्भिक बिन्दु मानिएको पाइन्छ। भाषाको आधार लिएर अध्ययन गर्दा नेपाली साहित्यमा गद्य कविताको थालनी गोपालप्रसाद रिमालद्वारा गरिएको हुनाले उनलाई प्रथम आधुनिक कवि मान्न सकिन्छ। वैचारिकतालाई अर्को आधार मानेर लेखनाथ पौड्यालमा पाइने वैचारिकतालाई आधुनिकताको श्रेय दिइएको पाइन्छ। आयमेली र लीला लेखनको सापेक्षतामा अध्ययन गर्दा इन्द्रबहादुर राई स्वयम्ले वैचारिकतालाई केन्द्र गरेर आयमेली लेखनले नेपाली साहित्यमा आधुनिकता प्रविष्ट गराएको कुरा स्वीकार गरेका छन्।[१११] त्यसो गर्नुको आधार पाश्चात्य परम्परामा टि एस इलियटको *वेस्ट ल्यान्ड*लाई पाश्चात्य समालोचकहरूले आधुनिकताको आरम्भिक बिन्दु मान्ने गरेको तथ्यले गर्दा हो भन्ने सङ्केत पाइन्छ। यसरी नेपाली साहित्यमा पाश्चात्य विकासक्रमलाई आधार मानेर हेर्दा नेपाली साहित्यमा स्वच्छन्दतावादी लेखन केही ढिलाएर देखा परेको हो। यिनै आधारमा नेपाली कविता लेखनमा पाइने आधुनिकताप्रति विद्वानहरू धारणामा मतभिन्नता पाइन्छ। साहित्यमा आधुनिकता कुनै निश्चित बिन्दुबाट प्रारम्भ नभएर विभिन्न समयमा विभिन्न चेतनाको प्रविष्टिसँगै विकसित भएको देखिन्छ। समालोचक मोहनराज शर्माले आधुनिकतालाई

---

१११ इन्द्रबहादुर राई, सन् २००२, सापेक्षतामा आयामेली र लिला, विजयकुमार राई (सम्पा), *इन्द्रसम्पूर्ण-५*, नाम्चि : निर्माण प्रकाशन, पृ. १३२

नवआधुनिक, उच्चाधुनिक अनि उत्तर-आधुनिक गरी सामान्यतः तीन किसिमले वर्गीकरण गरेका छन्। समालोचक शर्माको भनाइअनुसार कुनै पनि वस्तुको मूल्य निर्धारण गरेर तिनको विशेषताबारे ज्ञान प्राप्त गर्नुसम्मको अवस्थालाई नवआधुनिकतासँग जोडेर हेरिन्छ। यसरी नै वस्तुको बजारीकरण हुनु उच्चाधुनिक हो भने ह्रासको अवस्थामा पुगेको वस्तुको पुनर्विवेचना गर्नु उत्तरआधुनिकता हो। विद्वानहरूले उत्तरआधुनिक विश्वदृष्टिलाई आधुनिकताकै पुनर्लेखन मान्नुको मूल कारण पनि यही नै हो। यति हुँदाहुँदै पनि आधुनिकताका आफ्नै स्वरुप र विशेषताहरू परिलक्षित छन्। यिनै स्वरुपगत भिन्नता र विशेषताहरूका आधारमा आधुनिकताका प्रवृत्तिहरूलाई चिनाउने कार्य भएको पाइन्छ भन्ने भनाइ समालोचक शर्माको रहेको पाइन्छ।[११२]

यस प्रकार मोहनराज शर्माले काव्यको पारम्परिक स्वरुपलाई भत्काएर नयाँ प्रकारको काव्यढाँचाको निर्माण गर्नु नै आधुनिकताको मूलभूत प्रवृत्ति हो भन्ने धारणा व्यक्त गरेका छन्।[११३] यिनमा लेखकीय आत्मचेतको प्रधानता, शैल्पिक विधान, शैलीमा औपचारिकताको निर्वाहन, अभिव्यक्तिमा विद्रोही स्वर, युगीन सौन्दर्यचेतना, तार्किकता, वैज्ञानिकता, विभिन्न वादहरूको प्रविष्टि र प्रयुक्ति आदि आधुनिकताका प्रवृत्तिगत लक्षणहरू हुन्। यसरी हेर्दा

---

११२ मोहनराज शर्मा, वि.स. २०६६, *आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना*, काठमाडौं : क्वेस्ट पब्लिकेशन, पृ. ७

११३ मोहनराज शर्मा, पूर्ववत्, पृ. ९

साहित्यमा आधुनिकता वृहत् दृष्टिदर्शनसँग देखापरेको सैद्धान्तिक अभिव्यक्ति हो भन्न सकिन्छ। शास्त्रीय मूल्य एवम् मान्यताहरूको विघटनपछि देखापरेको युगीन चेतना वा काव्यिक सौन्दर्यहरूको वस्तुपरक उद्‌घाटनले आधुनिकतालाई साहित्यिक परिप्रेक्ष्यमा सफलतापूर्वक विवेचना गरेको छ।

नेपाली कविताको सन्दर्भमा आधुनिकताको प्रवेश लेखनाथ पौड्यालबाटै भएको पाइन्छ। पौड्याल मध्यकालीन कवि भएकाले माध्यमिककालीन मूल्य, मान्यता वा प्रवृत्तिहरूको प्रयुक्तिद्वारा उनको काव्यसिर्जना उद्‌भाषित भएको पाइए तापनि वैचारिक दृष्टिकोणले उनी आधुनिक कविता लेखनका प्रयोक्ता हुन् भन्न सकिन्छ। पौड्यालपछि आधुनिक जीवनदृष्टिलाई अङ्गीकार गरेर लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, गोपालप्रसाद रिमाल, केदारमान व्यथित, माधव घिमिरे, सिद्धिचरण श्रेष्ठ, भूपि शेरचन आदिले कविता लेखनलाई अग्रगति प्रदान गरेका छन्। यसरी नै भारतीय नेपाली साहित्यको क्षेत्रमा आधुनिक कविता लेखनको घडेरी निर्माण गर्नेहरूमा नीति उपदेशपरक प्रवृत्तिलाई अप्नाएर कविता लेख्ने धरणीधर शर्मा कोइराला, पारसमणि प्रधान, महानन्द सापकोटा आदिले पनि आधुनिक कविता लेखनको पृष्ठभूमि निर्माण गर्नुमा उल्लेखनीय योगदान पुऱ्याएका छन्। यिनीहरूका अतिरिक्त तुलसी अपतन, युद्धवीर राणा, हरिभक्त कटुवाल, भाइचन्द्र प्रधान, ओकियामा ग्वाइन, जगत राई, वीरेन्द्र सुब्बा, अगमसिँह गिरी, लक्खीदेवी सुन्दास, नरबहादुर दाहाल, हरिप्रसाद गोर्खा राई,

सावित्री सुन्दास, मनबहादुर गुरुङ, बुद्धकुमार मोक्तान, भीम थापा, खडगसिँह राई काँढा, गोपिनारायण प्रधान, जगदीश थापा, दावा बमजन, चन्द्रमित वाइवा, कुमार घिसिङ, ज्ञान सुतार, एम पथिक, रामलाल अधिकारी, तुलसीराम शर्मा 'कश्यप' आरती राई, लक्ष्मण श्रीमल, नन्द हाङ्खिम, मदन ओझा, मोहन दुखुन, जस योञ्जन प्यासी, पी. अर्जुन, नरदेन रूम्बा, शरद् छेत्री, सुखमान मोक्तान, मोहन ठकुरी, जीवन थिङ, केदार गुरुङ, गिर्मी शेर्पा, प्रेम शेर्पा विरोकी, विकास गोतामे, टेकध्वज जिम्बा आशा, मनप्रसाद सुब्बा, राजेन्द्र भण्डारी, नोर्ज्याङ स्याङ्देन, नरबहादुर तोया आदिको महत्वपूर्ण भूमिका रहेको पाइन्छ। यसबाहेक भारतीय नेपाली कविता लेखनलाई अवलम्बन गरेर विकसित रूप प्रदान गर्नुमा डुवर्स क्षेत्रले पुऱ्याएको योगदान पनि उल्लेखनीय रहेको पाइन्छ।

नेपाली साहित्यको श्रीवृद्धिमा डुवर्स क्षेत्रमा बसोवास गर्ने कवि, लेखकहरूले विभिन्न समयमा समसामयिक विचारधारालाई अनुसरण गरेर उत्कृष्ट साहित्य सिर्जना गरेका छन्। मुख्यतया भारतीय नेपाली कविता साहित्यमा डुवर्स क्षेत्रका कविहरूको आगमन पनि त्यही समयमा भएको थियो जुन समय भारतीय नेपाली कविता आधुनिक प्रवृत्तिलाई समातेर विकासको मोडमा अग्रसरित थियो। यसो हुँदा आधुनिक विश्वदृष्टिलाई प्रमुखता दिएर त्यसैमा केन्द्रित रही कविता सिर्जना गर्नु नै डुवर्स क्षेत्रका कविहरूको कविता लेखनको केन्द्रिय भावभूमि भएर

देखा परेको पाइन्छ। आजसम्मको खोजी र प्राप्ति अनुसार डुवर्सका नेपाली कवितामा निम्नलिखित आधुनिक प्रवृत्तिहरू प्रयोग गरिएको पाइन्छ -

स्वच्छन्दतावादी प्रवृत्ति

जाति-प्रेमपरक प्रवृत्ति

यथार्थवादी प्रवृत्ति

प्रगतिवादी प्रवृत्ति

आञ्चलिकताबोधक प्रवृत्ति

### ४.१.१ स्वच्छन्दतावादी प्रवृत्ति

स्वच्छन्दतावाद पाश्चात्य जगतमा परिष्कारवाद तथा शास्त्रीयतावादको विरोधमा देखापरेको एउटा साहित्यिक अवधारणा हो। नेपालीमा प्रयुक्त स्वच्छन्दतावादलाई अङ्ग्रेजीको रोमान्टिसिज्मको (Romanticism) नेपाली रूपान्तरण मानिन्छ। रोमान्टिसिज्म शब्द अङ्ग्रेजीको रोमान्स (Romance) र रोमान्टिक (Romantics) शब्दबाट विकसित भएको मानिन्छ। १७ औं शताब्दीमा इङ्ल्याण्डमा रोमान्टिक शब्दको प्रथम प्रयोग काल्पनिक र असत्य भन्ने अर्थमा भएको पाइन्छ भने फ्रान्समा यसको प्रयोग सहासशीलता, काल्पनाशील र

भावनाशील भन्ने अर्थमा भएको पाइन्छ।[११४] साहित्यमा सर्वप्रथम फ्रेडरिक स्लेगलले अभिजात्यवाद विरोधी शब्दको रूपमा रोमान्टिक शब्दको प्रयोग गरेका थिए। १८ औँ शताब्दीको अन्ततिर भने बन्धनमुक्त, वैयक्तिक स्वच्छन्द अभिव्यक्ति, आत्मपरकता, शास्त्रीय नियम र रूढिको विरोध, वैयक्तिक उद्दीप्तता, निजीस्वप्न आदिद्वारा आबद्ध अभिव्यक्तिलाई स्वच्छन्दतावाद मान्न थालिएको पाइन्छ ।[११५] इन्द्रियातीत अनुभूति, रहस्यात्मकता, प्रकृतिप्रेम आदि पनि स्वच्छन्दवादी लेखनमा पाइने महत्वपूर्ण पक्षहरू हुन्। यी विषयमा केन्द्रित रहेर पाश्चात्य कविहरूले स्वच्छन्दतावादी कवितालाई एउटा नयाँ मोड दिएको पाइन्छ। पी बी शेलीको मानवतावाद, विलियम वर्डस्वर्थको सर्वात्मवाद, जोन किट्सको सौन्दर्यप्रेम, वायरनको जीवनवादी दृष्टिले स्वच्छन्दतावादमा नयाँ आयाम प्रदान गरेको पाइन्छ।

नेपाली कवितामा भने स्वच्छन्दतावादी चेतनाको प्रविष्टि लक्ष्मीप्रसाद देवकोटाबाट भएको पाइन्छ। खुलेर प्रकृतिको चित्रण गर्नु, कल्पनाशील संसारको विचरण गर्नु र विद्रोही अभिव्यक्तिलई प्रश्रय दिनु आदिमा देवकोटाको काव्य लेखन केन्द्रित रहेको पाइन्छ। सिद्धिचरण श्रेष्ठले पनि स्वच्छन्दतावादी प्रवृत्तिलाई आत्मसात गरेर धेरै कविताहरू सिर्जना गरेको पाइन्छ। उनले जातिवादी चेतनासँगै स्वच्छन्दतावादका तत्त्वहरूको प्रयोग आफ्नो

---

११४ अर्चना श्रीवास्तव, सन् २०१०, *भारतीय तथा पाश्चात्य काव्यशास्त्र*, वाराणसी : विश्वविद्यालय प्रकाशन, पृ.- ९७

११५ कुमारबहादुर जोशी, वि.स. २०६६, *पाश्चात्य साहित्यका प्रमुख वाद*, काठमाडौं : साझा प्रकाशन, पृ- २६

कवितामा गरेका छन्। यसरी नै  माधवप्रसाद घिमिरेका कवितामा पनि स्वच्छन्दतावादी चेतनाको प्रविष्टिलाई महत्वपूर्ण उपलब्धी मान्न सकिन्छ। राष्ट्रप्रेम घिमिरेको कविता लेखनको रोमान्टिक पक्ष बनेर देखापरेको पाइन्छ। भारतीय नेपाली साहित्यमा अगमसिंह गिरीका कवितामा क्रान्तिकारी स्वच्छन्दतावाद प्रभावशाली र सम्प्रेषणीय मानिन्छ। भारतीय नेपाली कवितामा अगमसिंह गिरीद्वारा प्रभावित भएर प्रशस्तै मात्रामा स्वच्छन्दतावादी कविता सिर्जना भएको पाइन्छ भने जातिप्रेम अगमसिंह गिरीका कवितामा स्वच्छन्दतावादको प्रमुख पक्ष मान्न सकिन्छ। डुवर्समा पनि कविता लेखनको थालनी स्वच्छन्दतावादी प्रवृत्तिबाट भएको पाइन्छ। भारतीय नेपाली साहित्यको विकासमा दार्जिलिङ, सिक्किम, बनारस, देहरादुन, असम जस्ता स्थानहरूबाट स्वच्छन्दतावादी धारामा कविता लेख्न थालिसक्दा पनि डुवर्समा केही विलम्ब गरेर कविता लेखन थालिएको हुँदा डुवर्समा नेपाली कविता लेखन स्वच्छन्दतावादी प्रवृत्तिबाट सुरु हुनु स्वाभाविक मान्न सकिन्छ।

डुवर्सको आधुनिक नेपाली कवितामा पाइने प्रमुख प्रवृत्तिहरूमध्ये स्वच्छन्दतावाद एउटा हो। स्वच्छन्दतावादी काव्य लेखनमा काल्पनिकता, भावुकता, राष्ट्रप्रेम, अतीतप्रतिको मोह, प्रकृति प्रेम, संस्कृति प्रेम,  प्रेम प्रीतिपरक भावना, हार्दिकता, सौन्दर्य प्रेम, आत्मपरकता, मानवतावादी दृष्टि आदिजस्ता विभिन्न तत्त्वहरू पाइन्छन्। यिनै तत्त्वहरूका केन्द्रियतामा डुवर्समा स्वच्छन्दतावादी काव्य लेखनको विकास भएको पाइन्छ। स्वच्छन्दतावादले प्रेमचर्यालाई

अधिक महत्व दिएको पाइन्छ। प्रेमतत्त्वलाई मानव जीवनको सर्वोपरी लक्ष्य मानिन्छ। डुवर्सका आधुनिक नेपाली कविताहरूमा प्रेमचर्यालाई महत्त्व दिँदै प्रेम प्रणयका कविताहरू लेखिएका पाइन्छन्। प्रेममा नायक-नायिकाको अद्भूत त्याग, तपस्या तथा बलिदानका साथै वियोगको पीडा, वेदना, आदिलाई पनि महत्त्व दिइएको पाइन्छ। डुवर्सका स्वच्छन्दतावादी कवितामा पाइने प्रेम प्रणयका केही उदाहरण यहाँ प्रस्तुत गरिन्छ-

मेरो आँखाबाट सुट्टुक्क आएर

मेरो मुटुको सोफा सेटमा बसेकी।

तिम्रै लागि समर्पित छु भन्दै

मीठो स्वरमा वाचा गरेकी।

हरसाँझ बेहोशीमा, होश मेरो हराउँला

भुलिएर बाटाहरू घर फर्की नआउँला।

जोरी पारी हाँस्लान् तिम्रा लाज मर्नु होला

कुन साइतमा हात थामेछु भन्ने तिमीलाइ होला।[११६]

---

११६ गणेश गजमेर ,पूर्ववत्, पृ. ४२।

तिमी आउने प्रतिक्षामा

मनलाई रम्न लाएँ

एकान्त र थकित जीवनलाई

आशाको चौतारीमा बिसाएँ

कोइली चरीलाई तिम्रो निम्ति

प्रेमराग गाउन लाएँ।[११७]

त्यो बाटोमा

मेटिएन त्यो छायाँहरू

धेरै सपनाहरू छरिए

तर मेटिएन ती मायाहरू

यसैले तिमीले मलाई

विश्वास गर या नगर

११७ किरण उपाध्याय, पूर्ववत्, पृ. ६७।

मैले त तिमीलाई

एउटा फूलको बोटमा लुकाएको छु।[118]

एक्लै एक्लै तिमीलाई देख्दा

केही कुरा दिउँ दिउँ लाग्छ

मेरो माया तिमीलाई दिँदै

बद्लामा तिम्रो लिउँ लिउँ लाग्छ।[119]

प्रकृतिप्रतिको तीक्ष्ण आकर्षणलाई स्वच्छन्दतावादको एउटा प्रमुख विशेषता मानिन्छ। प्राकृतिक सौन्दर्य तथा प्रकृतिको परिवतर्नशील रूप आदिले स्वच्छन्दतावादी कविलाई संवेदनशील तथा कोमल बनाएको देखिन्छ। प्रकृति प्रेमलाई डुवर्सका नेपाली कविताको एउटा मुख्य विषय मान्न सकिन्छ। प्राकृतिक सौन्दर्यप्रति मोह राख्दै डुवर्सबाट थुप्रै कविहरूले कविता सिर्जना गरेका छन्। उदाहरणका रूपमा निम्नलिखित कविताहरूलाई राख्न सकिन्छ-

शिशिर पछि आज वसन्त आयो

अलि कलिलो देखें प्यार

---

११८ अशोक विश्व, पूर्ववत्, पृ. ४२।

११९ मदन मोक्तान, पूर्ववत्, पृ. ३३।

लठुवा भ्रमरलाई स्वागत गर्दै

शत-शत सुमनले खोले द्वार।[१२०]

धरती अनि आकाशको संगम

पश्चिममा

एक टुक्रा क्षितिज

एउटा सिंगो सूर्यलाई निल्न

आफ्नो उज्यालोको

मनमोहक मुहार लिएर

राता-राता दुई ओंठहरू खोलिरहेछ।[१२१]

ढकमक्क फुली सधैं मुस्काउने,

तिम्रो त्यो महान भावनाहरू

हामीमा पनि फुलाईदेऊ

---

१२० कितापसिंह राई, सन् १९८०, जीवनफूल, डुवर्स, सौगात प्रकाशन, पृ. ११।
१२१ गोपाल सिंह विश्व, पूर्ववत्, पृ. ५०।

लाली गुँरास मात्रै किन

सयपत्री माखमली बनि फुलाईदेऊ।

संकीर्ण विचारहरूबीच फुलिदेऊ।[१२२]

कुनै विख्यात वादशाहकी

भर्खरै मात्र विवाह गरेर ल्याएकी

हिरणी वेगम झैं

पुलकित वैंशका छात्ती लिएर

सगरमाथाको हिउँको चन्दन छर्केर

हुस्सेका मुलायम घुम्टोभित्रबाटै स्मित लजाउँदै

आफ्नो अनुपम सौन्दर्य छरेर बसेकी

तिमी दार्जीलिङ।[१२३]

१२२ किरण उपाध्याय, पूर्ववत्, पृ. ३९।
१२३ मदन मोक्तान, पूर्ववत्, पृ. ३५।

स्वच्छन्दतावादीहरू नैसर्गिक रूपमा संस्कृति प्रेमी हुन्छन्। उनीहरूको संस्कृतिप्रति अटुट विश्वास रहेको देखिन्छ। आफ्नो संस्कृतिको संरक्षण र सुरक्षा गर्दै यसलाई काव्यात्मक विषय बनाउनु स्वच्छन्दतावादी कविहरूको मूलभूत वैशिष्ट्य हो। कुनै जाति, समुदाय तथा समाजको सांस्कृतिक धरोहरलाई महत्त्व दिँदै स्वच्छन्दतावादी कविहरू काव्यात्मक प्रस्तुतितिर अग्रसर हुने गर्दछन्। डुवर्स बहुसांस्कृतिक क्षेत्र भएको हुँदा आफ्नो संस्कृति लोप भएर जाने भयले डुवर्सका नेपाली जाति सचेत साथै जागरुक रहने गरेको पाइन्छ। नेपाली समाजलाई आफ्नो जातीय संस्कृतिको संरक्षणप्रति  सचेत गराउँदै डुवर्सका कविहरूले कविता रचना गरेको पाइन्छ।

उदाहरणार्थ-

पातले बाँसे गुरुङसेनीले

ढोलढ्याङ्ग्रो ठटाउँदै

साकेवा पूजा गरेको

नूनपानी खोल्साछेउको बिजुवा बाजेले

हिजै होला छ्यातछ्याती देखे रे।[१२४]

कसौंडीमा कालो दाल पकाएर

गुन्द्रुक र सिन्कीको अचार बनाएर

किनेमामा रमाएर, शेलरोटी खाएर

पञ्चै बाजा गम्काएर, नेपाली गीत गाएर

हाम्रो संस्कृति बाँच्छ, हाम्रो संस्कृति रम्छ।[१२५]

कहाँ लग्यौ हे दैव, मेरो माइती राजा

रूँदै रूँदै माला गाँस्छे, तिम्री चेली आजै

गहभरि आँशु खस्छ, भाइटीकाको दिन

आउनु है माइती राजै।[१२६]

यी रात र दिनको आवत-जावतमा

अम्बक-सुन्तला घारीमा दगुर्दै दगुर्दै

---

१२४ कितापसिंह राई, पूर्ववत्, पृ. १९।

१२५ कमल थुलुङ, पूर्ववत्, पृ. १५।

१२६ प्रवीण खवास (सम्पा.), सन् २०१०, मणि *कुमार खवास कविता सङ्ग्रह*, डुवर्स, पृ. ३०।

छहरा पहराबाट हाम फाल्दै

यी आँखाका काखहरूमा प्यार बोकेर

प्रतेक वर्ष आँउछ दशैं।[१२७]

स्वच्छन्दतावादका विभिन्न तत्त्वहरूमध्ये राष्ट्रप्रेम प्रमुख हो। समालोचक दिवाकर प्रधान अनुसार आधुनिक नेपाली कविताका प्रवृत्तिहरूमध्ये राष्ट्रप्रेम पनि एउटा हो।[१२८] स्वच्छन्दतावादीहरूमा राष्ट्र प्रेम, राष्ट्र भक्तिको भावना प्रचुर पाइन्छ। स्वच्छन्दतावादी कविहरू आफ्नो राष्ट्र र समाजको प्रगति र निर्माणमा जोड दिन्छन्। भारतीय नेपाली कवितामा राष्ट्र प्रेमपरक कविता लेखनको परम्परा धेरै लामो देखिन्छ। हरिभक्त कटुवाल, विकास गोतामे, युद्धवीर राणा, जीवन थिङ प्रभृति कविहरूका कवितामा राष्ट्रिय चेतना प्रशस्तै पाइन्छ। भारतभूमिप्रति निष्ठा राख्दै भारतीय जाति, संस्कृति आदिको प्रशंसा तथा भारतीयता हुनुको गर्वबोध गर्दै डुवर्सका आधुनिक कविहरूले कविता रचना गरेको पाइन्छ। डुवर्सका कवितामा पाइने विभिन्न पक्षहरूमध्ये भारत देशप्रतिको प्रेमभाव तथा भारतको गुणगान आदि प्रमुख देखिन्छन्। देशको एकता, अखण्डताको भावना, भारतको धार्मिक स्वतन्त्रताको गुणगान तथा

---

१२७ मदन मोक्तान, पूर्ववत्, पृ. ४१।

१२८ दिवाकर प्रधान, सन् २०१३, *कविताका कुरा*, गान्तोक, जनपक्ष प्रकाशन, पृ-१९२।

राष्ट्रमा शान्तिको कामना आदि विषयहरूलाई डुवर्सका राष्ट्रवादी कविताका विशेषता मान्न सकिन्छ। डुवर्सबाट लेखिएका राष्ट्रप्रेमका कविताहरूका केही उदाहरण यहाँ प्रस्तुत गरिन्छ-

यो देश विशाल गणतन्त्र देश

यसैले यहाँ गाँधी, नेहरू र सुभाष जन्मेका थिए।

यो देश धर्म निरपेक्ष देश

यसैले यहाँ अनेकौ मन्दिर, मस्जिद र गिर्जाहरू छन्।

यो देश सत्यम् शिवम् सुन्दरम् देश

यसैले यहाँ सधैं सत्यको जय-जयकार हुन्छ।[१२९]

एकता, प्रेम, शान्तिको सन्देश

दिन्छु म भारतका सन्तानलाई

सधैं प्रणाम अर्पण छ मेरो

जननी जन्भूमि भारतलाई।

देशले मागे यो शीर मेरो चढाउँछु वेदीमा

---

१२९ शङ्कर प्रधान, सन् २००७, कवितै कविता, डुवर्स: साहित्य सेवा समिति, पृ. ३।

म शीप जाँगर एकमुट्ठी सास अर्पन्छु पाउमा

पूर्खाको शान यो जङ्गी निशान सजाई मुटुमा

म कोर्छु गीत शान्तिको यहाँ यो तपोभूमिमा।[१३०]

यसरी स्वचछन्दतावादी भावमा प्रकृतिप्रेम, राष्ट्रियता, संस्कृतिप्रेम तथा प्रेम-प्रणय जस्ता विभिन्न विषयहरू डुवर्सका नेपाली कविताको आधुनिककालमा देखिएको प्रमुख पक्षहरू मान्न सकिन्छ। डुवर्सको काव्य रचनामा स्वच्छन्दतावादी प्रवृत्ति एउटा महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ। डुवर्सका नेपाली कवितामा स्वच्छन्दतावादी धाराको विकासमा योगदान पुऱ्याउने कविहरूमा मदन मोक्तान, गणेश गजमेर, कितापसिंह राई, कमल थुलुङ, किरण उपाध्याय, मणिकुमार खवास, अशोक विश्व, जीवन राणा, भक्त राई, गोपाल सिंह विश्व, विधान नौवाग, इन्द्रबहादुर गुरुङ, वेगवसन्त थापा, शङ्कर प्रधान आदि प्रमुख देखिन्छन्।

### ४.१.२ जाति प्रेमपरक प्रवृत्ति

साधारण अर्थमा जाति भन्नाले मानवका विभाग वा जात बुझिन्छ। नेपाली बृहत् शब्दकोशमा जाति शब्दको अर्थ- राष्ट्रियता र भौगोलिक सीमाका आधारमा छुट्टिने मनुष्यका जातिको विभाग, हिन्दू समाजमा वंशपरम्परा, संस्कार, धर्म, कर्म आदिका आधारमा छुट्टिने बाहुन,

---

१३० अशोक विश्व, पूर्ववत्, पृ. २७।

छेत्री आदि जातको विभाग, जातीय विभाग आदि भनिएको पाइन्छ।[१३१] अङ्ग्रेजी विद्वान् बेबरले जातिलाई एउटा सामुदायिक रूप मानेका छन्।[१३२] भारतीय इतिहासविद् डा. कुमार प्रधान अनुसार- *एउटा समग्र जाति भन्नाले जस्तै नेपाली, बङ्गाली, पञ्जाबी, मद्रासी आदि बुझिन्छ अनि, जात भन्नाले नेपालीका राई, लिम्बू, तामाङ, नेवार, मगर, बाहुन, छेत्री, गुरुङ आदि बुझिन्छ।*[१३३] साधारणतः जाति भन्नाले वंश, परम्परा संस्कार, धर्म, कर्म आदिका आधारमा छुट्टिने मानवका जात नै जाति हुन्।

जातीय चेतनाको उठान सर्वप्रथम युरोपबाट भएको मानिन्छ। युरोपमा जातीयताको विकास पूँजीवादबाट भएको पाइन्छ। सर्वप्रथम जातीयतावाद युरोप अनि उत्तर अमेरिकाबाट उदय भएको मानिन्छ।[१३४] भारतीय नेपालीहरूका सन्दर्भमा जातीयताको उद्बोधन र विकास विशेष सन् १९३०-४० को दशकदेखि प्रारम्भ भएको मानिन्छ।[१३५] यसरी युरोपबाट सुरु भएको जातीय चेतना भारत तथा नेपाली समाजमा पनि सशक्त रूपमा प्रविष्ट भएको पाइन्छ। नेपाली समाजमा विकसित भएको जातीय चेतनाले नेपाली साहित्यमा पनि ठूलो क्षेत्र ओगटेको पाइन्छ। भारतका विभिन्न क्षेत्रका नेपाली साहित्यकारहरूले जातीय चेतनालाई विकसित

---

१३१ कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. ४०६।

१३२ रञ्जित के वाद्रा, सन् १९९१, *काष्ट एण्ड क्लासः सोसियल इसेट्राटिफिकेशन अफ असम,* दिल्ली : हिन्दूस्नात पब्लिकेशन कर्पोरेशन, पृ- १।

१३३ कुमार प्रधान, सन् १९८२, *पहिलो पहर,* दार्जिलिङ, श्याम ब्रदर्श, पृ- ७९।

१३४ माइकल बेण्टोन, सन् २००२, *इन्काटा इन्साइक्लोपीडिया,* माइक्रोसफ्ट कर्पोरेशन, पृ- ३।

१३५ विजयकुमार राई (सम्पा), सन् १९९८, *अगमसिंह गिरी रचनावली,* ग्रन्थ-४, नाम्चि, निर्माण प्रकाशन, पृ- २३।

गराएको पाइन्छ। भारतमा विशेष नेपाली कवितामा जातीय चेतनाको प्रयोग गर्ने कविहरूमा अगमसिंह गिरी, नरेन्द्रप्रसाद कुमाई, विकास गोतामे, नरबहादुर दाहाल, तुलसीराम शर्मा 'कश्यप', डा. शोभाकान्ति थेगिम, केदार गुरुङ, राजेन्द्र भण्डारी, पुष्पलाल उपाध्याय, हरिभक्त कटुवाल, युद्धवीर राणा, मगन पथिक, इन्द्रबहादुर गुरुङ, कितापसिंह राई, गगण राई, शङ्कर प्रधान आदि प्रमुख हुन्।

डुवर्सका आधुनिक कवितामा पाइने विभिन्न प्रवृत्तिहरूमध्ये जाति प्रेमलाई एउटा प्रमुख प्रवृत्ति मान्न सकिन्छ। डुवर्सका नेपाली कवितामा जाति प्रेम भनेको नेपाली जातिकै प्रेम हो। डुवर्समा विविध जातिको मिश्रण रहेको हुँदा पनि डुवर्सका नेपाली कवितामा जाति प्रेम प्रमुख भएको मान्न सकिन्छ। भारतमा नेपाली जातिको इतिहासलाई हेर्नु हो भने डुवर्सको इतिहास नेपाल, भुटान र सिक्किमसँग पनि सम्बन्धित रहेको हुँदा आफ्नो परिचय, भूमि, व्यवसाय, पेशा तथा जीवन निर्वाहका लागि डुवर्सका नेपाली जातिले गर्नु परेको लामो सङ्घर्षलाई बुझ्न सकिन्छ। भारत स्वतन्त्रतापछि पश्चिम बङ्गालमा अन्तर्भुक्त भएपछि दार्जिलिङसँग सम्पृक्ति रूपमा छुट्टै राज्यको संकल्पनामा सङ्घर्ष गरेको डुवर्सको इतिहास पनि रोचक र महत्त्वपूर्ण रहेको छ। यस्ता विविध कारणलाई पनि डुवर्सका नेपाली कवितामा जाति प्रेम रहेको कारण मान्न सकिन्छ। भारतमा नेपाली जातिको स्थिति, नेपाली जातिले भोगिरहेका सामाजिक,

आर्थिक, राजनीतिक अन्याय र अत्यचारको विरोधमा डुवर्सका कविहरूले कविता रचना गरेको पाइन्छ।

नेपाली जातिको बसाँइ सर्ने प्रथा आदिकालदेखि आजसम्म पनि यथावत् रहेको देखिन्छ। यसरी बसाँइ सरी हिँड्दा विभिन्न ठाउँमा आफ्नो अस्तित्व रक्षाको निम्ति सङ्घर्ष गर्नु परेको हुँदा नेपाली जातिमा जातीयताको भावना प्रगाढ भएको मान्न सकिन्छ। भारतमा पनि नेपाली जाति बहुसंख्यक भए तापनि भारतका विभिन्न प्रान्तहरूमा छरिएर बसेका हुनाले ती प्रान्तहरूमा अल्पसंख्यक छन्। यसो हुँदा आफ्नो अस्तित्व रक्षाका निम्ति दीर्घकालदेखि सङ्घर्षरत देखिन्छन्। जातिको राजनैतिक, आर्थिक, सामाजिक, शैक्षिक सुरक्षा र विकासको निम्ति भारतमा नेपाली जातिले सङ्घर्ष गरिरहेको देखिन्छ। यसो हुँदा उनीहरूमा जाति प्रेमको भावना पाइनु स्वाभाविक मान्न सकिन्छ। सन् १९८०- को दशकमा भारतमा आफ्नो छुट्टै राज्य (गोर्खाल्याण्ड) मागको आन्दोलन, त्यसरी नै भारतीय संविधानमा नेपाली भाषा अन्तर्भुक्तिको निम्ति गरिएको भाषा आन्दोलनमा दार्जिलिङ सँगसँगै डुवर्सका नेपालीहरू पनि प्रत्यक्ष सहभागी बनेको देखिन्छ। यी आन्दोलनमा गर्नु परेको सङ्घर्ष र त्यागले नेपाली जातिमा जाति प्रेमको भावना प्रगाढ भएको देखिन्छ। भारतमा यसरी गरिएको आन्दोलनको लगत्तैपछि सन् १९९० को दशकमा भुटान देशबाट नेपालीहरूलाई लखेटिएको अत्यन्त पीडादायी घटना देखिन्छ। त्यसरी देशबाट निकालिएका नेपालीहरू डुवर्सकै बाटो भएर

नेपाल पस्न बाध्य भएको कुरा सर्वविदित छ। यस्ता ऐतिहासिक दुर्घटनाहरूबाट डुवर्सका कविहरू पनि प्रभावित भएका पाइन्छन्। यस्ता जातीय सङ्कटले उनीहरूमा जातीय भावना जागृत गराएको पाइन्छ। भौगोलिक दृष्टिले अलग भए तापनि जात, भाषा, संस्कार, संस्कृति आदि एउटै भएकाले तिनीहरूमाथि भएको अन्याय, उनीहरूले भोग्नु परेको दुःख, पीडामा डुवर्सका कविहरूले पनि दुःख, पीडाको अनुभूत गर्दै कविताको रचना गरेको देखिन्छ। भुटानबाट देश निकाला गरिएका नेपालीहरूको विषयमा तिनीहरूप्रति जातिगत प्रेमभाव दर्शाउँदै डुवर्सबाट थुप्रै कविताहरू लेखिएको पाइन्छ। तीमध्ये कवि वेगवसन्त थापाको *विस्थापित भुटान,* कमल थुलुङका *सम्वेदना भोटाङे नेपालीहरूप्रति,* इन्द्रबहादुर गुरुङको *धाक* आदि महत्वपूर्ण रहेको पाइन्छ। भुटानबाट निकालिएका नेपालीहरूको लाचारी देशहीनताको स्थितिमा आफूले केही गर्न नसक्नुको हिनतावोध कवि इन्द्रबहादुर गुरुङ आफ्ना कवितामा व्यक्त गर्छन् भने डुवर्सका अर्का कवि वेगवसन्त थापा दुःख व्यक्त गर्छन्-

उदाहरणार्थ-

हाम्रा डेढ लाख आफन्तहरूलाई

हाम्रै आँगनबाट खेदाउँदै डाँडा कटाउँदा

हामी हेरेका हेरै भयौं।[१३६]

आफ्नै आकाशको चटयाङ्गले चोइटिएर

उछिट्टिएको उसको मुटुको एक टुक्रा

विस्थापनले छटपटाइरहेछ टाढा कतै

निर्वासनको बगरमाथि।[१३७]

भारतका नेपाली जातिले दीर्घकालदेखि अलग राज्य गठनको निम्ति धेरै सङ्घर्ष गर्दै आइरहेको देखिन्छ। यस सङ्घर्षमा दार्जिलिङ र डुवर्स अघि छन्, यस क्षेत्रमा बिगत अस्सीको दशकदेखि आजसम्म आन्दोलन तथा हिंसक घटनाहरू भइरहेको देखिन्छ। यस आन्दोलनमा दार्जिलिङ सँगसँगै डुवर्स पनि प्रत्यक्ष रूपले सहभागी भएको हुँदा यसको प्रभाव डुवर्सको नेपाली कवितामा पर्नु स्वाभाविक देखिन्छ। यसरी गोर्खाल्याण्ड राज्य प्राप्तिको लामो सङ्घर्षपछि पनि केही प्राप्त नहुनुलाई देशको राजनीतिले नेपाली जातिप्रति अन्याय गरेको अनुभव डुवर्सका कविहरू गर्छन्। डुवर्सका कवि वेगवसन्त थापा प्रस्तावित गोर्खाल्याण्ड राज्यलाई भारतमा नेपाली जातिको अस्तित्व मान्दछन्। दीर्घकालीन सङ्घर्षपछि पनि प्राप्त नहुँदा उनी नेपाली जातिको हार भएको मान्दै आफ्ना कवितामा यसरी दुःख व्यक्त गर्दछन्-

---

१३६ इन्द्रबहादुर गुरुङ, सन् २००८, *बेदुईन*, डुवर्स : डुवर्स नेपाली साहित्य विकास समिति, पृ. १।
१३७ वेगवसन्त थापा, सन् २००७, *म टिस्टा बगिरहेछु*, डुवर्स : विष्णु – रत्न प्रकाशन, पृ. ५२।

उदाहरणार्थ-

यो अस्तित्वको क्रिकेट खेलमा

खै ! कसले जितेर हो

यो पहाडे सधैँ हारेको हारेकै छ

पहाड चर्किएको छ / धस्किएको छ

पहाडको छातीमा पहिरो गएको छ

पहाडको मुटुमा भुइँचालो गएको छ।[१३८]

कवि किरण उपाध्यायको आजसम्म *डुवर्स तिमी* नामक एउटा मात्र कविता सङ्ग्रह प्रकाशित पाइन्छ। उनका यस सङ्ग्रहभित्रका कविताहरूमा जातीयतावादी प्रवृत्ति बढी पाइन्छ। नेपाली जातिमा देखापरेका राजनीतिक, सामाजिक विसङ्गतिप्रति व्यङ्ग्य गर्दै उनले एउटै शीर्षकमा नौवटा कविता लेखेको पाइन्छ। उक्त नौवटा कवितामा शृङ्खलाबद्ध रूपमा उनले जातिको भोगाई, पीडा, समस्या र देशभित्र नेपाली जातिले न्याय नपाएको विषयप्रति असन्तुष्टि व्यक्त गरेका छन्। उनका हाम्रो *जाति बिमार छ* शीर्षक कविता क्रमबद्ध रूपमा १ देखि ९ *डुवर्स तिमी* (सन् २०१४) कविता सङ्ग्रहमा सङ्कलित छन्। आजको राजनीतिक परिस्थितिले

१३८ वेगवसन्त थापा, पूर्ववत्, पृ- ३२।

ल्याएको  सङ्कटमा उनी वीर, इमान्दार र परिश्रमीका रूपमा विश्वमा चिनिने नेपाली जातिको गौरवमय इतिहासप्रति सन्देह गर्दछन्।

उदाहरणार्थ-

वीरता र पराक्रमको

विश्वलाई उदाहरण दिने

इमान्दारी र देश भक्तिको परिचय दिई

हाम्रो शिर उच्च बनाउने

स्वाभिमान र परोपकारको सास फेरि

परिश्रमी जीवन जिउने

भीर पहराहरूमा फुल्ने

वैशाखी वनमा रमाउने पनि

के तिमी नै हौ ?[१३९]

---

१३९ किरण उपाध्याय, पूर्ववत्, पृ. ६।

कवि कितापसिंह राईका कवितामा पाइने काव्यात्मक प्रवृत्तिहरूमध्ये जातिप्रेमलाई प्रमुख मान्न सकिन्छ। यद्यपि उनमा पाइने जाति प्रेम अगमसिंह गिरीमा झैं न त अति संवेदनशील छ, न त सिद्धिचरणमा झैं *मेरो मेरो प्रिय खुकुरी भइ हेर होसियार*-जस्ता साहासिक अभिव्यक्ति अभिव्यञ्जित रहेको पाइन्छ। कविले विद्रोही स्वरमा खुकुरी समाऊ भन्नुभन्दा केही जातीय आधारशिला निर्माण गर्नुपर्छ भन्ने विषयलाई नै प्रमुखता दिएका छन्। कवि राई आफ्ना कवितामा कतै डुवर्स तथा भारतका विभिन्न क्षेत्रमा बसोबास गर्ने नेपाली जातिको दयनीय अवस्थाप्रति चिन्तित देखिन्छन् भने कतै गोर्खाहरूले भारतप्रति गरेको समर्पणले उचित न्याय नपाएकोमा दुःख व्यक्त गर्दछन्-

बुलेट थाप्ने छात्ती गोर्खाको हुन्छ,
शौर्य र वीरचक्र थाप्ने छाती अर्कै हुन्छ,
समरांगनमा खुकुरीको नांगो नाच हुन्छ,
लप्टन, क्याप्टनको पगरी गुँथ्ने अर्कै हुन्छ।[१४०]

यिनीहरूका अतिरिक्त कितापसिंह राई, शङ्कर प्रधान, गणेश गजमेर, कमल थुलुङ, सित्तम मोक्तान, अशोक विश्व, मणिकुमार थापा आदिका कवितामा पनि जातिप्रेम पाइन्छ।

१४० कितापसिंह राई, पूर्ववत्, पृ. १३।

### ४.१.३ यथार्थवादी प्रवृत्ति

नेपाली भाषामा प्रयुक्त यथार्थवाद शब्द अङ्ग्रेजीको रियलिज्म (Realism) शब्दबाट व्युत्पन्न भएको मानिन्छ। जीवनको साँचो अनुभूति यथार्थ हो, जब यसको अभिव्यक्ति कलात्मक ढङ्गमा हुन्छ तब यसलाई यथार्थवाद भनिन्छ। जीवन र जगत्का बीचको सम्बन्धले मानिसको जीवनमा देखापर्ने वास्तविकतालाई जस्ताको तस्तै अङ्कित गर्ने साहित्यिक मान्यतालाई यथार्थवाद भनिन्छ। यथार्थवादलाई आदर्शवाद अनि स्वच्छन्दतावादी सिद्धान्तको विरोधमा देखापरेको अवधारणा मानिन्छ। यस सन्दर्भमा *विश्व साहित्यकोशमा* शिफ्लेको मत यहाँ राखिन्छ - *साहित्यमा यथार्थवाद शब्दको प्रयोग आदर्शवाद अनि स्वच्छन्दतावादको विरोधमा गरिन्छ, जसले आफ्नो विषयवस्तु वास्तविक जीवनबाट ग्रहण गर्छ।*[१४१] स्वच्छन्दतावादी लेखनमा कल्पनाको प्राचुर्य भएको हुँदा इन्द्रीयग्राह्यबाट पलायन रहेर बौद्धिकता समेतको हनन भएको कुरा यथार्थवादी चिन्तकहरूले मानेको पाइन्छ। त्यसो हुँदा वस्तु सत्य र इन्द्रीयग्राह्य अभिव्यक्तिलाई प्रश्रय दिइने परम्परा साहित्यमा देखापरेको हो। १९ औं शताब्दीको औद्योगिक क्रान्ति, फ्रान्सेली राज्यक्रान्ति आदिले ज्ञान-विज्ञानका क्षेत्रमा ठूलो परिवर्तन ल्याएको पाइन्छ। यसरी विज्ञानको क्षेत्रमा आएको परिवर्तनले समाजलाई

---

१४१ अर्चना श्रीवास्तव, पूर्ववत्, पृ. १०४।

विचारशील, आलोचनावादी, यथातथ्यवादी बनाएको देखिन्छ।[१४२] विज्ञानले पुरानो परम्परा र रूढीवादी विचारधारालाई समेत परिवर्तन गरेर समाजलाई यथार्थको अघि ल्याएर उभ्याएको पाइन्छ। डार्विनको विकासवादी सिद्धान्त, सिग्मन फ्रायडको मनोविज्ञान सिद्धान्त, कार्ल मर्क्सको भौतिकवादी सिद्धान्त आदिले यथार्थको स्थापना गरेको पाइन्छ। सर्वप्रथम सन् १८५५ मा चित्रकार कोर्वेले आफ्नो चित्रको सन्दर्भमा रियलिज्म (Realism) शब्दको प्रयोग गरेको पाइन्छ।[१४३] त्यसपछि सन् १८५६ मा फ्लुवेयरका प्रसिद्ध उपन्यास *मैडम बावरी*मा यथार्थवादको सङ्केत पाइए तापनि भिक्टर ह्यूगोका उपन्यास *हचबैंक अफ नैटरडम* तथा *ल मिजरेबल* जस्ता कृतिबाट साहित्यमा यथार्थवादी विचारधाराले प्रवेश पाएको मानिन्छ।[१४४] सामान्यतः यथार्थवादी लेखनलाई तीन चरणमा विभक्त गरिएको पाइन्छ- सामाजिक यथार्थवाद, समाजवादी यथार्थवाद र मनोवैज्ञानिक यथार्थवाद। सामाजिक यथार्थवादले समाजमा देखिएका यथास्थितिवादी तथ्य र वस्तुसत्यलाई महत्त्व दिएको पाइन्छ भने समाजवादी यथार्थवाद मार्क्सवादी सिद्धान्तमा अडिएको पाइन्छ। सिग्मन्ड फ्रायड, कार्ल जुङ र एड्गर आदिका सिद्धान्तलाई साहित्यमा मनोवैज्ञानिक यथार्थवाद अन्तर्गत अध्ययन गरिन्छ। मनोवैज्ञानिक यथार्थवादकै विकसित रूप अतियथार्थवादी लेखनको रूपमा देखा परेको पाइन्छ भने जीवनका यावत सत्य र शाश्वततालाई समेत प्रस्तुत गर्नुपर्ने मान्यतामा

---

१४२ अर्चना श्रीवास्तव, पूर्ववत्, पृ १०३।

१४३ पूर्ववत्।

१४४ पूर्ववत्।

प्रकृतिवादी लेखनलाई यथार्थवादको पराकाष्ठा मानिएको पाइन्छ। प्रकृतिवादले यौनजन्य विषयलाई पनि शाश्वत मानेर अभिव्यक्ति प्रस्तुत गरेको पाइन्छ। वास्तवमा यथार्थलाई केन्द्र गरेर अध्ययन गर्नु हो भने साहित्यमा यथार्थ कुनै न कुनै पक्षमा उद्घाटित भएकै हुन्छ तथापि कलावादी र प्रयोगवादी लेखनपछि पनि उत्तरआधुनिक लेखनमा यथार्थवादी चेतनालाई साहित्यले अङ्गीकार गरेको तथ्य अद्वितीय भएर देखापर्दछ। आलोचनात्मक यथार्थवाद र कलावादसँग जोडिएको जादुमय यथार्थवाद (Magical Realism) यथार्थवादमा अध्ययन गरिनुपर्ने महत्त्वपूर्ण पक्ष हुन्।

डुवर्सका आधुनिक नेपाली कवितामा देखापरेका विभिन्न प्रवृत्तिहरूमध्ये यथार्थवादी प्रवृत्ति पनि एउटा प्रमुख प्रवृत्तिका रूपमा प्रयोग गरिएको पाइन्छ। समाजको यथातथ्यको चित्रण नै यथार्थवादको मुख्य विशेषता हो। मानव जीवनको आशा- निराशा, जय-पराजय, उत्थान-पतन सबै यथार्थवादी लेखनका अङ्ग हुन्। डुवर्सका नेपाली कवितामा यथार्थताको चित्रण प्रशस्तै मात्रामा भएको पाइन्छ। डुवर्सका कविहरूले आफ्ना कवितामा डुवर्सको समाज त्यहाँका दुःख, मर्म, पीडा, चियाबारी जीवनको भोगाई, अस्तित्व सङ्कट, राजनीतिक, सामाजिक, आर्थिक आदि विभिन्न पक्षहरूको यथार्थ चित्रण गरेको पाइन्छ। डुवर्सका कवि कमल थुलुङ *हाम्रो अवस्था कहिले हाँसेन* शीर्षक कवितामा डुवर्सको अविकसित स्थिति त्यहाँको वास्तविक अवस्थाको यथार्थ चित्रण गर्दछन्। जहाँ विजुली बत्ती, पानी, अस्पताल, विद्यालय आदि जस्ता

अनिवार्य तथा अत्यन्त आवश्यक वस्तुहरूको अभावको यथार्थ चित्रण पाइन्छ। डुवर्समा मानिसहरू दैनिक जीवनमा आइपर्ने यस्तै आवश्यकता र अभावहरूमा बाँचिरहेका छन् भन्ने कुरोको यथार्थ चित्रण कवि थुलुङ आफ्ना कवितामा गर्दछन्। त्यसरी नै डुवर्सका अर्का कवि वेगवसन्त थापाले पनि *म टिस्टा बगिरहेछु* कविता सङ्ग्रह भित्र सङ्कलित *तिम्रो डुवर्ससित स्कूल छैन* कवितामा यथार्थको प्रस्तुति गरेका छन्। समालोचक रूपेश शर्मा उनका कवितामा पाइने यथार्थवादी प्रवृत्तिका सन्दर्भमा भन्छन्- *"डुवर्सको जीवनलाई कवि वेगवसन्त थापाले धेरै नजिकबाट देखेका छन्, छोएका छन्। यसैले उनका कविताहरूमा डुवर्सको उदात्त यथार्थको प्रतिविम्बन पाइन्छ।"* सरकारको कोल्टे नीति, देशको राजनीतिमा पिसिएका डुवर्सका नेपाली समाज, उनीहरूसँग भइरहेको शैक्षिक भेदभाव, डुवर्स क्षेत्रमा बहुसंख्यक नेपाली जाति भए तापनि नेपाली माध्यमका विद्यालयहरूको अभाव, हिन्दी, बङ्ला जस्ता अन्य माध्यमका विद्यालयमा पढनु पर्ने बाध्यता आदि जस्ता विषयको यथार्थ प्रस्तुति गर्नमा कवि बेगवसन्त थापा सफल देखिन्छन्।

उदाहरणार्थ-

हिजोको जस्तै थुप्रै

पुरानो वर्षहरूले

हाम्रो गाँउ-घरमा

बिजुली बत्ती बालेन

एउटा हाई स्कूलसम्म भई आइदिएन

यस्तै

हाम्रो घर-आँगनमा

एउटा अस्पताल आएन

एउटा हुलाक घर आएन।[१४५]

आफ्नै भाषामा लेख्न –पढन

आफ्नै लबजमा गडगडाउन

बाबू तिमीले पाउन्नौ है,

नेपाली हौ अनेपाली नै बन।

तिम्रो डुवर्ससित स्कूल छैन।

---

१४५ कमल थुलुङ,सन् २००५, *डुवर्स बोल्छ,* डुवर्स:प्रतिमा प्रकाशन मटेली , पृ. ४४।

जाऊ कलिला मस्तिष्क खियाऊ

एउटै किलासमा बेन्चि तताऊ

काँच्चैमा तिमी झरिदेऊ, मरिदेऊ

चाहन्छ सरकार यस्तै बाबू।

तिम्रो डुवर्ससित स्कूल छैन।।[१४६]

सिद्धिचरण श्रेष्ठका प्रसिद्ध कविता *तिम्रो बासित पैसा छैन* नामक कविताकै परिपाटिमा लेखिएको प्रस्तुत कवितामा सरकारको नीति, व्यवस्थाले गर्दा जनजीवन कुँजिएको तिक्तताप्रति व्यङ्ग्य तथा अभावग्रसित समाजको चित्रण पाइन्छ।

डुवर्सका अधिकतम मानिस चिया कमानमा बस्छन्। उनीहरूको आयको मुख्य स्रोत नै चियाबारी हो। सन् २००० सालदेखि यता डुवर्समा चिया कमानहरू बन्द हुने क्रम आज पनि यथावत रहेको पाइन्छ। यसरी चिया कमान बन्द हुँदा यहाँका मानिसहरूमा देखा परेका बेरोजगारी र आर्थिक समस्याले ल्याएको सामाजिक विकृति तथा रोजगारको खोजीमा आफ्नो बासभूमि छोडेर अन्यत्र पलायन हुनु पर्ने बाध्यता, यस क्षेत्रबाट देशका विभिन्न प्रान्त तथा विदेशमा रोजगारका निम्ति गएका नारी तथा बाल-बालिकाहरूका तस्करी आदि जस्ता

१४६ वेगवसन्त थापा, पूर्ववत्, पृ. ९।

विषयहरू डुवर्सका मानिसहरूले भोगिरहेका यथार्थ हो। डुवर्सको जनजीवनले भोग्नु परेको समस्या भनेकै चियाबारीभित्रको उकुसमुकुस परिवेश, कठीन परिश्रम कम ज्याला, अन्धकारमय वर्तमानले अनिश्चित भविष्यतिरको धकेल्याइ हो। यस्ता समस्याहरूको यथार्थ चित्रण डुवर्सका कविहरूले आफ्ना कवितामा सफल ढङ्गले प्रस्तुत गरेका छन्। उदाहरण स्वरूप कवि गणेश गजमेरका कविता सङ्ग्रह *गाउँलाई भनेर*भित्रको डुवर्सः एक कोलाज शीर्षक कविता, किरण उपाध्यायका *डुवर्स तिमी* नामक कविता सङ्ग्रहको *बगान बन्द छ* शीर्षक कविताका पंक्तिहरू यहाँ प्रस्तुत गरिन्छ-

हिजोआज

भोटेताला लटरम्मै फलेका छन्

चियाकमानका गेटहरूमा

अनि फुलेर अभावहरू

हरदम दुखिरहन्छ

घाउले भरिएका आँगनहरूमा।

जुनीभरिको लगानीमाथि

बुर्कुसी मारिएको भोगेर

विक्षुब्ध बुढो सिरिषको रूख

सरह पर्स्न तत्पर छ

कमानजत्रै मायाको पोको

काखीमुनि च्यापेर।[१४७]

चेलीहरू बेचिन्छन्,

कहिले बाल-बालिकाहरू हराउँछन्

कुपोषणको शिकार भएको

रोगले ग्रस्त मर्न लागेका

जेठा मगर र ऐतवा उराँवको

रमिता हेर्न मात्र आउँछौ।।[१४८]

---

१४७ गणेश गजमेर, पूर्ववत्, पृ. २९।

१४८ किरण उपाध्याय, पूर्ववत्, पृ. २३।

यसबाहेक कवि कमल थुलुङका *ड्डुवर्स बोल्छ* कविता सङ्ग्रह *भित्रका हर्क छैन अब हर्कबहादुरलाई, मानवता लिलाम हुँदैछ, मेरो शहर* आदि, बेगवसन्त थापाका *अस्तित्वको क्रिकेट खेल, चियाको फूल, हाते चियारङ;* किरण उपाध्यायका *ड्डुवर्स तिमी* कविता सङ्ग्रहका *अन्धो शहर र जिन्दगी, बगान बन्द छ, तिम्रो चुनाउमा मेरो भोट* आदि शीर्षक कविताहरूलाई डुवर्सका यथार्थवादी कविताको उदाहरण मान्न सकिन्छ। डुवर्सका आधुनिक नेपाली कविता लेखन परम्परामा देखा परेको एउटा प्रमुख प्रवृत्ति यथार्थवाद हो। डुवर्सका कवितामा यथार्थवादी प्रवृत्तिको विकासमा योगदान पुऱ्याउने कविहरूमा इन्द्रबहादुर गुरुङ, विधान नौवाग, कितापसिंह राई, जीवन राणा, मणिकुमार थापा, अशोक विश्व, शङ्कर प्रधान, निर्मल आग्रह आदि देखा पर्दछन्।

### ४.१.४ प्रगतिवादी प्रवृत्ति

प्रगतिवादलाई सामाजिक यथार्थवाद (Social Realism) तथा मार्क्सवाद (Marxism) पनि भनिएको पाइन्छ। प्रगतिवाद यथार्थवादकै एउटा शाखा भए तापनि साहित्यमा यसको अध्ययन एउटा बेग्लै सिद्धान्तको रूपमा गरिएको देखिन्छ। प्रगतिवादको मूल आधार कार्ल मार्क्स र फेड्रिक एंगेल्सको द्वन्द्वात्मक भौतिकवादलाई मानिन्छ।[१४९] समाजमा रहेको आर्थिक विषमतालाई समाप्त गरेर समानता ल्याउनु, राष्ट्रको सबै साधन तथा सम्पत्तिमा कुनै

---

१४९ केशवप्रसाद उपाध्याय, वि. स. २०५९, *साहित्य प्रकाश,* काठमाडौं : साझा प्रकाशन, पृ. २६२।

एक व्यक्ति र वर्गको मात्र अधिकार रहन नदिएर सबैले मिलेर उत्पादन र उपभोग्य वस्तुहरूको साझा प्रयोग र अधिकार सुनिश्चित गरिनु पर्छ भन्ने राजनीतिक सिद्धान्तलाई अङ्गालेको यथार्थवाद नै सामाजिक यथार्थवाद अथवा प्रगतिवाद हो। यसले सामन्तवाद, पुँजीवाद, साम्राज्यवाद, पुरोहितवाद आदिको विरोध गर्दै यी सबैको समाप्तिको कल्पना गर्दछ। प्रगतिवादलाई मार्क्सवाद कै साहित्यिक रूप मानिन्छ। कार्ल मार्क्स र फेड्रिक एङ्गेल्सका विचार, दृष्टिभंगी र वर्ग द्वन्द्वको सिद्धान्तलाई मार्क्सवादी सिद्धान्तको रूपमा चिनिन्छ। सामाजिक परिवर्तन कुनै आकस्मिक व्यापार होइन तर वर्ग द्वन्द्वको कारण नै समाजको उत्पत्ति र विकास भएको हो भन्ने विचारधारा यस सिद्धान्तमा पाइन्छ। भौतिकवादी विचारधारामा आधारित यस सिद्धान्तलाई समाजपरक अध्ययनमा वैज्ञानिक मानिन्छ। मार्क्सवादसँग द्वन्द्वात्मक भौतिकवाद, ऐतिहासिक भौतिकवाद, वर्ग संघर्ष, राज्य सम्बन्धी विचारधारा, अतिरिक्त मूल्यको सिद्धान्त आदि वैचारिकता पाइन्छ।

हेगेलको भनाई अनुसार विचारको द्वन्द्वबाट उत्पन्नवाद, प्रतिवाद र समवादले नै समाजको प्रकृति निर्धारण गर्दछ। यसै सिद्धान्तका अभिप्रेरणाबाट कार्ल मार्क्स र एङ्गेल्सले द्वन्द्वात्मक भौतिकवादको सिद्धान्त निर्माण गरेका हुन् भने वर्ग द्वन्द्व यस सिद्धान्तको मुख्य आधार हो।[१५०] द्वन्द्ववाद अनुसार विश्व स्वतन्त्र र असम्बद्ध वस्तुहरूको सङ्ग्रह मात्र होइन तर

---

१५० पूर्ववत्।

समग्र एकाइ हो जसका समस्त वस्तुहरू सम्बद्ध र अन्योन्याश्रित छन्। प्रकृति परिवर्तनशील र विकासशील छ तर परिवर्तन- प्रक्रिया सरल छैन। मार्क्सवादले त्यो प्रक्रियालाई वर्ग द्वन्द्वकै आधारमा अध्ययन गर्दछ। ऐतिहासिक भौतिकवादले समाजको उत्पत्ति र विकासलाई विविध चरणमा अध्ययन गरेको पाइन्छ। आदिम साम्यवादी व्यवस्था, दास व्यवस्था, सामन्ती व्यवस्था, पूँजीवादी व्यवस्था र समाजवादी व्यवस्था यस सिद्धान्तका विविध चरणहरू हुन्। सुरुमा समाजमा वर्ग थिएन तर समाजको विकाससँगै वर्गको पनि विकास भएको हो। उत्पादनको कुनै विशेष क्रियासँगको सम्बन्ध र उत्पादनका साधनसँग सम्बन्ध पनि पृथक पृथक रहँदा वर्गको विकास भएको मानिन्छ। यसको विकासले नै निम्न वर्गमा कालान्तरमा क्रान्तिचेत उत्पन्न गराउँदछ। साहित्यमा यसै सिद्धान्त प्रविष्ट हुँदा प्रगतिवादी चेतनाको विकास भएको पाइन्छ।

रूसमा वर्गविहीन समाजको स्थापना गर्ने प्रयासमा भएको सन् १९१७ को बेल्सेविक क्रान्तिको प्रभाव विश्वका विभिन्न देशहरूमा परेको देखिन्छ।[१५१] मार्क्सवादको प्रभाव समाजका साथै साहित्यमा पनि पर्न थालेपछि सन् १९३५ मा लन्डनमा विश्वका क्रान्तिकारी साहित्यकारहरू भेला भएर प्रगतिशील लेखक सङ्घको स्थापना गरेको पाइन्छ भने भारतमा सन् १९३६ मा यसको प्रथम अधिवेशन मुन्सी प्रेमचन्द्रको सभापतित्वमा भएको देखिन्छ।

---

१५१ पूर्ववत्, पृ. २६०।

त्यसरी नै नेपालमा सन् १९५० पछि प्रगतिवादी लेखकहरू देखापर्दछन्।[१५२] भारतीय नेपाली साहित्यमा प्रगतिवादी लेखनको प्रारम्भ बीसौं शताब्दीको मध्यतिरदेखि नै भएको पाइए तापनि सन् २०१६ को अन्त्यतिर प्रगतिशील लेखक सङ्घको स्थापना दार्जिलिङमा भएको देखिन्छ। साहित्यमा प्रगतिवादको प्रारम्भ सर्वप्रथम जर्मनीमा सन् १८९२ मा गर्हार्टे हाउप्टम्यानको *द विभर्स* नामक नाटकबाट भएको मानिन्छ।[१५३] नेपाली कवितामा लक्ष्मीप्रसाद देवकोटाबाट सन् १९५० मा प्रगतिवादी चेतना प्रविष्ट भएको पाइन्छ। सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, केदारमान व्यथित, भूपि शेरचनले यसलाई पृष्ठपोषण गरेको देखिन्छ। भारतमा विकास गोतामे, ओकिउयामा ग्वाइन, जीवन थिङ आदि प्रगतिवादी कविता लेखनमा महत्त्वपूर्ण कविहरू हुन्। डुवर्समा भने निम्न वर्गीय जीवन बाँचेर आर्थिक विपन्नतालाई झेल्न परेको परिस्थितिमा, चियाबारीमा श्रमिक जीवन यापन गर्दा वर्गीय जीवनलाई पनि अनुभूत गरेको हुँदा डुवर्सका कवितामा प्रगतिवादी चेतना पाइनु स्वाभाविक मान्न सकिन्छ।

डुवर्सका मानिसहरूको मुख्य पेशा चिया कमानमा श्रमिकका रूपमा काम गर्नु रहेको पाइन्छ। सम्पूर्ण चिया कमानहरू मालिकका अधिकारमा रहेको हुँदा यहाँ मालिक र श्रमिकको दुई वर्गमाझ सधैं द्वन्द्व भइरहेको देखिन्छ। कम ज्यालामा धेरै काम गर्नु पर्ने

---

१५२ पूर्ववत्।

१५३ कुमारबहादुर जोशी, पूर्ववत्, पृ. ६०।

वाध्यता वर्तमान आर्थिक सङ्कटापन्न स्थितिमा जीवन धान्न र त्यति थोरै पैसाले परिवार पाल्न गाह्रो परेको देखिन्छ। समयअनुसार चिया श्रमिकहरूको ज्यालामा वृद्धि नहुँदा उनीहरू असन्तुष्ट देखिन्छन्। यसो हुँदा डुवर्सका मानिसहरू आर्थिक रूपले धेरै ठगिएका देखिन्छन्। यसरी अपुग र अभावमा बाँचिरहेका ती शोषित निमुखा श्रमिकहरूका पक्षमा डुवर्सका कविहरूले कविता रचना गरेको पाइन्छ। डुवर्समा मालिक वर्गहरूले आफू खुशी चिया कमान बन्द गर्ने क्रम आज पनि यथावत् पाइन्छ। त्यसरी आयको स्रोत नै बन्द भएपछि हतास निराश बनेका श्रमिकहरूलाई सान्त्वना दिँदै श्रम र पसिनाको सही मूल्य कामदारहरूले बिनाशर्त पाउनु पर्छ भन्ने पक्षमा कवि किरण उपाध्याय आफ्ना कवितामा जनक्रान्तिको आह्वान गर्दछन्-

उदाहरणार्थ-

बिर्सिदेऊ ति शान्त र मौनताका भाकलहरू

अन्त गरिदेऊ ती निराश भावहरूलाई

ज्वालामुखि भएर पडकिदेऊ

आगो भई दन्किदेऊ

एउटा नयाँ परिवर्तन ल्याइदेऊ

एउटा नयाँ सृष्टिनै गराइदेऊ।[१५४]

चिया कमान बन्द भएपछि डुवर्समा मानिसहरूले भोगेका दुःख, अपुग अभावले ल्याएको विशृङ्खलता, हाहाकार, ऋणमा डुब्नु परेको स्थिति कवि गणेश गजमेर यसरी व्यक्त गर्दछन्-

गोदामघरको धुरिबाट

साइरन हरदम अलापी रहन्छ

मध्ययुगीन रागहरू।

आइतबारका गौडागौडामा

हाट लाग्छ

बन्दकमानका मर्महरूको

पुग-अपुग ऋणपानको

पसल सजिन्छ हाहाकारको।[१५५]

१५४ किरण उपाध्याय, पूर्ववत्, पृ. ३।
१५५ गणेश गजमेर, पूर्ववत्, पृ. ३०।

कवि निर्मल आग्रह डुवर्सका आधुनिक नेपाली कविताका एक सशक्त स्तम्भ हुन्। उनका कविताहरूमा प्रगतिवादी प्रवृत्ति मूल रूपमा देखापरेको पाइन्छ। डुवर्समा मानिसहरूको सङ्घर्ष केवल मालिक वर्गसँग मात्र होइन तर देशको व्यवस्थासित पनि हो। देशले उनीहरूलाई कहिले न्याय नदिएको र देशको व्यवस्थाले थिचिएका, मालिकबाट शोषित भएका ती निमुखा श्रमिकहरूका पक्षमा कवि कहिले देशको व्यवस्थालाई नै चुनौति दिएका छन्। कवि व्यवस्थामा सुधार मात्र होइन, आमूल परिवर्तन ल्याउन मानिसहरूलाई शोषणको विरोधमा एक हुन आह्वान गर्दछन्। कवि क्रान्तिको आह्वान गर्दै परिवर्तनको आशा राख्दछन्।

उदाहरणार्थ

कम्पनीले तिम्रो जुनीजुनी किनेको छ।

किनभने, चिया त देशले मनपराउँछ

मनपराउँदैन तिमीजस्तो खटिखाने मान्छे

तिम्रो पसिनाको दुर्गन्ध।[१५६]

---

१५६ निर्मल आग्रह, पूर्ववत्, पृ. ४०।

किनभने जब मूलजरो उखेल्नेछौं

त्यसबेला देख्नेछौं देश कसरी उख्लेको

र चियाबारी रोप्ने दिमागभित्र लुकेको गुहेकीरा

कसरी फ्यात्त कुहेर झरेको।[१५७]

डुवर्सका आधुनिक नेपाली कवितामा देखापरेका विभिन्न प्रवृत्तिहरूमध्ये प्रगतिवाद एउटा प्रमुख प्रवृत्ति मान्न सकिन्छ। डुवर्सका प्रगतिवादी कविता लेखनमा देखा परेका प्रमुख कविहरू इन्द्रबहादुर गुरुङ, किरण उपाध्याय, कितापसिंह, मणिकुमार खवास, अशोक विश्व, कमल थुलुङ, जीवन राणा, वेगवसन्त थापा, गणेश गजमेर, गोपालसिंह विश्व, शङ्कर प्रधान, विधान नौवाग, निर्मल आग्रह आदि प्रमुख रहेका छन्।

### ४.१.५ आञ्चलिकताबोधक प्रवृत्ति

आञ्चलिकता संस्कृत शब्द हो। संस्कृतको 'अञ्च' धातुमा अचल प्रत्यय लागेर 'अञ्चल' शब्द बनेको पाइन्छ। नेपाली बृहत् शब्दकोश अनुसार- लपेटिएको सारी, पछ्यौरा आदिको छेउ भाग, किनार, तट, घटी, फेदी, कुनै मुलुक वा प्रदेशको एक भाग, भूभाग, क्षेत्र, प्रान्त, शासन

---

१५७ पूर्ववत् पृ. ४१।

सुविधाका लागि गरिएको देशको राजनीतिक विभाजन आदि अर्थ पाइन्छ।[१५८] सामान्यतः अञ्चल भन्नाले कुनै भौगोलिक क्षेत्र, भूभाग, प्रदेश, मुलुक आदि बुझिन्छ। यस 'अञ्चल' शब्दमा 'इक्' प्रत्यय लागेर आञ्चलिक शब्द बनेको देखिन्छ। आञ्चलिक एउटा विशेषण शब्द हो। अतः आञ्चलिकता भन्नाले अञ्चलको विशेषता बुझिन्छ।[१५९]

साहित्यमा आञ्चलिक शब्दको प्रयोग कुनै भौगोलिक क्षेत्र विशेषका सन्दर्भमा हुँदै आएको पाइन्छ भने आञ्चलिकता भन्नाले कुनै एक भौगोलिक क्षेत्रको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, ऐतिहासिक जस्ता विभिन्न विषयमा केन्द्रित रहेर सिर्जना गरिएको साहित्य विशेष बुझिन्छ। इन्साइक्लोपिडिया अमेरिकाना अनुसार –*साहित्यमा आञ्चलिक प्रवृत्तिले युगीन परिवेश, भौगोलिक, सांस्कृतिक तथा ऐतिहासिक पक्षका साथै त्यहाँका बासिन्दाहरूको विस्तृत जानकारी दिन्छ*। यसरी हेर्दा साहित्यमा आञ्चलिकता भन्नाले कुनै भूभाग तथा क्षेत्र विशेषको सुसङ्गठित चित्रण र वर्णन भएकोको साहित्य भन्ने बुझिन्छ। डुवर्सका आधुनिक नेपाली कवितामा देखिएका प्रवृत्तिहरूमध्ये आञ्चलिकता एउटा प्रमुख हो। डुवर्स अञ्चलप्रति विशेष मोह राखेर यस क्षेत्रका कविहरूले थुप्रै कविताहरू लेखिएको पाइन्छ। अतः यस्ता डुवर्स विषयक तथा डुवर्सकै केन्द्रियतामा रहेर लेखिएका कविताहरूलाई आञ्चलिक प्रवृत्तिका रूपमा अध्ययन गर्न सकिने देखिन्छ। डुवर्सबाट लेखिएका कविताहरू विशेष डुवर्सकै

---

१५८ कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ-।

१५९ रामपत यादव, सन् १९८०, *उपन्यासका आञ्चलिक वातायन*, राजस्थान : चिन्ता प्रकाशन, पृ-३८।

पृष्ठभूमिमा केन्द्रित पाइन्छ। डुवर्सका सामाजिक, आर्थिक, राजनीतिक, प्राकृतिक आदि विषयहरूमा डुवर्सका कविहरूले कविता लेखेको पाइन्छ। डुवर्स अञ्चलप्रति उनीहरूको प्रगाढ मोह रहेको तथा डुवर्सका कविता आञ्चलिक प्रवृत्तिका छन् भन्ने कुराको पुष्टि किरण उपाध्यायका *डुवर्स तिमी,* कमल थुलुङका *डुवर्स बोल्छ,* मणिकुमार थापाका *डुवर्स गीति* काव्य आदि जस्ता डुवर्स शीर्षक काव्यकृतिहरूबाट हुँदछ। डुवर्सका अधिकांश कविहरूले डुवर्सलाई नै आफ्नो काव्य रचनाको पृष्ठभूमि बनाएको पाइन्छ। यसो हुँदा डुवर्सबाट सिर्जना भएका कविताहरू त्यस अञ्चलबाट मुक्त हुन नसकेको देखिन्छ। समालोचक लक्ष्मण श्रीमल कवि गोपालसिंह विश्वका कविताका सम्बन्धमा यसरी आफ्नो विचार राख्छन्- *कवि गोपालसिंह विश्वका कविताहरू आञ्चलिकता लिएर नै पीर, मर्का, दर्द, पीडा, शोषणका विरोध बाहेक मानवीय यन्त्रणालाई लिएर पनि कोरिएका छन्।*[१६०] डुवर्सका नेपाली कवितामा स्थानीय रङको प्रयोग तथा स्थानीय परिवेशको चित्रण पाइन्छ। कवितामा डुवर्सको सामाजिक, आर्थिक, राजनीतिक समस्याहरूको यथार्थ उद्घाटन आञ्चलिकताका मुख्य पक्षहरू हुन्। डुवर्सको सामाजिक परिवेश त्यहाँ घटित विभिन्न सामाजिक, राजनीतिक घटना, यहाँको समाजले भोगेका दुःख, पीडा आदिलाई यहाँकै परिवेशअनुसार कविहरूले आफ्ना कवितामा प्रस्तुति दिएको पाइन्छ। डुवर्सका कवितामा पाइने आञ्चलिक बोधक विम्ब र रङले डुवर्स

१६० गोपालसिंह विश्व, पूर्ववत्, पृ. ५।

वरीपरीको मात्र चित्रण नगरेर यहाँको कहालीलाग्दो अभिशापको वास्तवतालाई खुबै मार्मिक ढङ्गमा प्रस्तुति दिएको छ। उदाहरहण-

यो डुवर्स अहिले मलाई

ग्यास च्याम्बर जस्तो

लागिरहेको छ।

टिस्टादेखि सुनकोशसम्म यो डुवर्सको मानिसहरू

खुम्चिन्दै गइरहेको छ

वर्षौंदेखि अवहेलना भई

उचित न्यायको गुहार मागिरहेको छ।[१६१]

हरियो चियाबारी।

कोचे, मेचे, राभा, टोटो,

उराँव, मण्डा, सौंताली

मानव हामी एक सृष्टिका

---

१६१ अशोक विश्व, पूर्ववत्, पृ. १३।

के बंगाली के नेपाली।[१६२]

बासभूमिप्रतिको प्रेम, आफ्नो जाति, भाषा, संस्कृतिप्रतिको मोह डुवर्सका कविहरूमा रहेको हुँदा डुवर्सका नेपाली कविता आञ्चलिक प्रवृत्तितिर ढल्केको पाइन्छ। डुवर्समा आञ्चलिक प्रवृत्तिका काव्य रचनामा इन्द्रबहादुर गुरुङ, कितापसिंह, राई, मणिकुमार थापा, भक्त राई, मणिकुमार खवास, अशोक विश्व, कमल थुलुङ, जीवन राणा, वेगवसन्त थापा, गणेश गजमेर, गोपालसिंह विश्व, शङ्कर प्रधान, विधान नौवाग आदि कविहरूका महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ।

डुवर्सका आधुनिक नेपली कविताका केही प्रमुख विशेषताहरू यहाँ बुँदागत रूपमा प्रस्तुत गरिन्छ-

प्रकृतिको सौन्दर्य, परिवर्तशील रूपप्रति मुग्ध बन्नु, खुलेर प्रकृतिको प्रसंशा तथा वर्णन गर्नु डुवर्सका आधुनिक नेपली कविताको विशेषता हो।

भारतभूमिको गुणगान तथा भारत देशप्रतिको प्रेम तथा राष्ट्रभक्ति डुवर्सका आधुनिक कविताको अर्को विशेषता हो।

डुवर्सका आधुनिक कविताको अर्को विशेषता चियाबारीको पृष्ठभूमिमा कविता रचना गर्नु, तथा चिया कमानका जनजीवनको यथार्थको प्रस्तुति गर्नु हो।

१६२ गोपाल सिंह विश्व, पूर्ववत्, पृ. ३५।

शोषण, दमन, सामाजिक, आर्थिक, राजनीतिक विषमता, अस्तित्व सङ्कट आदिप्रतिको असन्तुष्टि, विरोध तथा व्यङ्ग्य डुवर्सका कविताको एउटा प्रमुख विशेषता हुन्।

जातिप्रेम डुवर्सका आधुनिक नेपाली कविताको एउटा मुख्य प्रवृत्ति हो। भारतमा नेपाली जातिको चिन्हारी सङ्कट तथा नेपाली जातिको उत्थान डुवर्सका कविताको मुख्य विषय हो।

डुवर्सका जनजीवनले भोगेका र अनुभव गरेका युगीन अनुभूतिहरूलाई त्यहाँकै परिवेशमा प्रस्तुत गर्नु डुवर्सका आधुनिक नेपाली कविताको एउटा विशेषता हो।

**निष्कर्ष**

स्वच्छन्दतावाद, यथार्थवाद, प्रगतिवाद, जाति प्रेमपरक प्रवृत्ति तथा आञ्चलिकता बोधक प्रवृत्ति आदि डुवर्सका आधुनिक नेपाली कविताका मुख्य प्रवृत्तिहरू हुन्। यी प्रमुख प्रवृत्तिहरू बाहेक आध्यात्मिक चिन्तन, मानवतावाद, नीतिपरक तथा जनजागरणधर्मी अभिव्यक्ति जस्ता प्रवृत्तिहरू गौण रूपमा देखा पर्दछन्। डुवर्सका आधुनिक नेपाली कविताको विकासमा इन्द्रबहादुर गुरुङ, कितापसिंह, राई, मणिकुमार थापा, भक्त राई, मणिकुमार खवास, अशोक विश्व, कमल थुलुङ, जीवन राणा, वेगवसन्त थापा, गणेश गजमेर, गोपालसिंह विश्व, शंकर प्रधान, विधान नौवाग, किरण उपाध्याय, निर्मल आग्रह आदि कविहरूको महत्वपूर्ण भूमिका

रहेको पाइन्छ। यीबाहेक सित्तम मोक्तान, अजीत पराजुली, आशबहादुर लिम्बु, सुखमन मोक्तान, रवीन खवास, प्रभात थापा, अनन्त श्रेष्ठ, कमल खवास, रूपेश विश्व, लिलाबहादुर छेत्री, जयप्रसाद राई, दुर्गा चामलिङ, रूद्र छेत्री, पुजन राई, आदि कविहरूले आफ्ना फुटकर कविताहरूद्वारा डुवर्सका नेपाली कविताको विकासमा सहयोग पुऱ्याइरहेका छन्।

# पाँचौं अध्याय

# ५. उपसंहार एवम् निष्कर्ष

## ५.१ उपसंहार

**डुवर्सका आधुनिक नेपाली कविताको प्रवृत्तिगत अध्ययन** शीर्षकको प्रस्तुत लघुशोधप्रबन्धमा जम्मा पाँचवटा अध्यायहरू संयोजित छन् र प्रत्येक अध्यायमा प्रस्तुत गरिएको तथ्यगत विश्लेषणको सारांश यहाँ अध्यायगत उपसंहारका रूपमा प्रस्तुत छ।

प्रस्तुत लघुशोधप्रबन्धको पहिलो अध्यायमा शोधको परिचय रहेको छ। यस अन्तर्गत विभिन्न उपशीर्षकहरूमा शोधकार्यको विधिपरक परिचय प्रस्तुत गरिएको छ, जसमा शोधको परिचय, शोधको प्रयोजन, शोधको समस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा र विवरण, शोधको औचित्य र महत्त्व, शोधको समाग्री सङ्कलन, शोधको सीमाङ्कन र शोधको अध्याय विभाजन लगायत भावी शोधार्थीका निम्ति सम्भावित शोध शीर्षकहरू समाविष्ट छन्।

दोस्रो अध्यायमा आधुनिक भारतीय नेपाली कविताको विकासक्रम विषयअन्तर्गत आधुनिकताको परिचय, कविताको सैद्धान्तिक परिचय, नेपाली कविताको विकासक्रम र आधुनिक भारतीय नेपाली कविताको विकासक्रम रहेको छ। आधुनिकताको परिचय अन्तर्गत

यसको अर्थ, परिभाषाबारे चर्चा गरिएको छ। कविताको सैद्धान्तिक परिचयमा कविताको व्युत्त्पति र विभिन्न विद्वानहरूद्वारा दिइएका परिभाषाहरू प्रस्तुत गरिएको छ। नेपाली कविताको विकासक्रको संक्षिप्त परिचय साथै आधुनिक भारतीय नेपाली कविताको विकासक्रम प्रस्तुत गरिएको छ।

प्रस्तुत लघुशोधप्रबन्धको तेस्रो अध्याय डुवर्सका आधुनिक नेपाली कविताको विकासक्रम शीर्षकमा केन्द्रित रहेको छ। यसअन्तर्गत डुवर्सको परिचय दिँदै डुवर्सका नेपाली कविताको ऐतिहासिक विकासक्रमलाई तीनवटा चरणमा विभाजन गरेर अध्ययन गरिएको छ।

चौथो अध्याय डुवर्सका आधुनिक नेपाली कविताको प्रवृत्तिगत अध्ययन रहेको छ। यस अन्तर्गत आधुनिक प्रवृत्तिका आधारमा डुवर्सका नेपाली कविताको विश्लेषण गरिएको छ। सन् १९८० मा प्रकाशित कितापसिंह राईका *जीवनफूल* नामक कवितालाई आधुनिकताको प्रारम्भ बिन्दु मानेर सन् २०१६ सम्म प्रकाशित कविता सङ्ग्रहहरूको अध्ययन गरी ती कवितामा पाइने मुख्य आधुनिक प्रवृत्तिका आधारमा विश्लेषण गरिएको छ।

## ५.२ निष्कर्ष

प्रस्तुत लघुशोधप्रबन्ध डुवर्सका आधुनिक नेपाली कविताको प्रवृत्तिगत अध्ययन गर्ने पक्षलाई लिएर पूरा गरिएको छ। नेपाली कविताको विकासमा डुवर्सको महत्वपूर्ण योगदान रहेको

छ। डुवर्सका कविताहरू विशेष आधुनिक प्रवृत्तिमा नै केन्द्रित छन्। आधुनिक प्रवृत्तिहरूमध्ये स्वच्छन्दतावादी प्रवृत्ति, जातीयतावादी, यथार्थवादी प्रवृत्ति, प्रगतिवादी प्रवृत्ति, आञ्चलिकताबोधक प्रवृत्ति आदि प्रवृत्तिहरू मुख्य छन्। यिनै प्रवृत्तिहरूको आधारमा डुवर्सका नेपाली कविताहरूको विश्लेषण गरिएको छ। डुवर्सको स्थानीय रङको चित्रण, समाज तथा जनजीवनको यथार्थको उद्घाटन, शोषणको विरोध, विद्रोह तथा व्यङ्ग्य आदि डुवर्सका कविताका मुख्य विशेषताहरू हुन्। डुवर्समा काव्यमा लेखनको थालनी सन् १९४२ देखि नै भए तापनि कविता कै रूप भने सन् १९६६ मा मात्र देखा पर्दछ। अर्थात् सन् १९६६ मा लोकनाथ प्रधानको *बिरूवा* नामक कविता सङ्ग्रह प्रकाशित भएपछि डुवर्समा कविता लेखनप्रति कविहरूको रूचि बढदै गएको देखिन्छ। यसभन्दा अघि दई दशकभन्दा अधिक समय सवाई लेखन, गद्य विधाको रचना तथा पत्रपत्रिकाको प्रकाशनमै डुवर्सको नेपाली साहित्य अल्झिएको पाइन्छ। यसरी हेर्दा डुवर्समा कविता लेखनको प्रारम्भ मूलतः सन् १९६६ बाट भएको मान्न सकिन्छ। सन् १९८० मा कवि कितापसिंह राईको प्रवेशसँगसँगै डुवर्सका नेपाली कवितामा आधुनिकताले पनि प्रवेश पाएको हो। नयाँ किसिमका प्रतीक-विम्वहरूको प्रयोग, शैलीगत नवीनता, तथा स्वच्छन्दतावादी भावमा कितापसिंह राईको जीवनफूल कविता सङ्ग्रहको प्रकाशनले डुवर्सको नेपाली कवितामा आधुनिकता भित्र्याएको पाइन्छ। प्रस्तुत शोध डुवर्सका आधुनिक कवितामा केन्द्रित रहेको हुँदा प्रस्तुत

लघुशोधप्रबन्धको चौथो अध्यायमा १९८० देखि हालसम्मको अवधिलाई आधुनिककाल मानि यस अवधिमा प्रकाशित कविता सङ्ग्रहहरूमा सङ्ग्रहित कविताहरूको विश्लेषण गरिएको छ। आधुनिकताका विभिन्न प्रवृत्तिहरूमध्ये मुख्य रूपले स्वचछन्दतावाद, यथार्थवाद, प्रगतिवाद, जातीयता तथा आञ्चलिकता यी पाँचवटा प्रवृत्तिहरूमा डुवर्सका कविता केन्द्रित रहेको पाइन्छ। डुवर्सका जनजीवनले भोगेका दुखेसो र अनुभव गरेका युगीन अनुभूतिहरूको यथार्थ प्रस्तुतिलाई डुवर्सका आधुनिक नेपाली कविताको एउटा विशेषता मान्न सकिन्छ। युगीन विसङ्गति, जीवनको जटिलता, चिन्हारीको सङ्कट, राजनीतिक, आर्थिक, सामाजिक विषमता र विकृति एव्म जीवनप्रतिको उदासीनता, वितृष्णा, अनास्था, निराशा, कुण्ठा, अपुग आवश्कता, पसिना र श्रमको मूल्यहीनता, दमन, शोषण आदि उद्विग्नताको अभिव्यक्ति डुवर्सका कवितामा पाइने मूल समस्याहरू हुन्। एकाध कवितामा जनचेतनागत आशावादी दृष्टिकोण, मानवमूल्यको खोजी, आध्यात्मिक चिन्तन आदि जस्ता प्रवृत्तिगत विशेषताहरू डुवर्सका आधुनिक नेपाली कवितामा देखिन्छन्।

# सन्दर्भग्रन्थसूची

## पुस्तकका आधारमा सन्दर्भग्रन्थसूची

आले, हरेन (सन् १९८४), *नवआधुनिक नेपाली कविता,* दार्जिलिङ : श्याम ब्रदर्श प्रकाशन।

'आशा', टेकध्वज जिम्बा, (सम्पा.), (सन् २०१४), *आधुनिक भारतीय कविता संचयन नेपाली (१९५०-२०१०),* नयाँ दिल्ली : साहित्य अकादेमी।

उपाध्याय, किरण, (सन् २०१४), *डुवर्स तिमी,* डुवर्स : डुवर्स नेपाली साहित्य विकास समिति।

उपाध्याय, केशवप्रसाद, (वि.सं.२०५५), *रिमाल : व्यक्ति र कृति,* काठमाडौं : साझा प्रकाशन।

उपाध्याय, केशवप्रसाद, (वि.सं.२०५९), *साहित्य प्रकाश* (छै.सं), काठमाडौं : साझा प्रकाशन।

उप्रेती, सञ्जीव, (वि.सं २०६९), *सिद्धान्तका कुरा* (चौ.सं), काठमाडौं : अक्षर क्रियसन्स।

गजमेर, गणेश, (सन् २०१३), *गाउँलाई भनेर,* डुवर्स : जसबहादुर राणा पुस्तकालय प्रकाशन।

गुरूङ, इन्द्रबहादुर, (सन् २००८), *बेदुईन,* डुवर्स : डुवर्स नेपाली साहित्य विकाश समिति।

जोशी, कुमारबहादुर, (वि.सं २०५७), *देवकोटाका कविता-यात्राको विश्लेषण र मुल्याङ्कन,* काठमाडौं : साझा प्रकाशन।

जोशी, कुमारबहादुर, (वि.सं २०६६), *पाश्चात्य साहित्यका प्रमुख वाद*, काठमाडौं : साझा प्रकाशन।

त्रिपाठी, वासुदेव (सम्पा), (वि.सं २०६५), *नेपाली कविता भाग ४* (पा.सं), काठमाडौं : साझा प्रकाशन।

त्रिपाठी, वासुदेव (सम्पा), (वि.सं २०६४), *नेपाली कविता भाग १* (सा.सं), काठमाडौं : साझा प्रकाशन।

थापा, रेमिका, (सन् २००७), *गाउँमा कविताहरू*, दार्जिलिङ : विश्व प्रकाशन।

थापा, वेगवसन्त, (सन् २००७), *म टिस्टा बगिरहेछु*, डुवर्स : डुवर्स नेपाली साहित्य विकाश समिति।

थुलुङ, कमल, (सन् २००५), *डुवर्स बोल्छ*, डुवर्स : प्रतिमा प्रकाशन।

थुलुङ, कमल, (सन् २०१०), *भाव-विम्ब*, डुवर्स : श्री नारायण माझी (अञ्चल प्रधान)।

दाहाल, राजकुमारी, (सन् २०११), *नेपाली आञ्चलिक उपन्यास*, दार्जिलिङ : दास प्रिन्टर्स।

नेपाल, घनश्याम, (सन् २००९), *नेपाली साहित्यको परिचयात्मक इतिहास*, सिलगढी : एकता बुक हाउस प्रा. लि।

पराजुली, कृष्णपारसाद, (वि. स. २०६९) *नेपाली बृहत् शब्दकोश,* कोठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान।

पौड्याल, कृष्णाविलास,(वि.सं.२०५९), *साहित्य-सिद्धान्त,* काठमाडौं : श्रीकृष्ण प्रकाशन।

'प्यासी', जय योञ्जन, (सन् २०१२), *परख,* दार्जिलिङ : श्याम ब्रदर्श प्रकाशन।

पन्थी, देवी, ( वि. स. २०६१), *भारतीय नेपाली साहित्य र संस्कृतिको झलक,* काठमाडौं : आँखा स्वयमसेवी प्रकाशन।

प्रधान, कुमार, (सन् २०१०), *पहिलो पहर* (दो.सं), काठमाडौं : साझा प्रकाशन।

प्रधान, दिलकुमार (सम्पा.), (सन् २०१२), *आधुनिक भारतीय नेपाली कविता,* वीरपाडा : वीरपाडा कलेज ।

प्रधान, मननारायण (१९९१), *केही साहितियिक अध्ययन र मूल्याङ्कन,* डुवर्स : डुवर्स नेपाली साहित्य विकास समिति।

प्रधान, शङ्कर (२०१६), *डुवर्सका कृतिहरू,* डुवर्स : बसुन्धरा ग्रामीण पुस्तकालय प्रकाशन।

राई, असीत, (सन् २००४), *भारतीय नेपाली साहित्यको इतिहास,* दार्जिलिङ : साझा पुस्तक प्रकाशन।

राई, कितापसिंह, (सन् २०१४), *अक्षरानुभूति,* सिलगढी : नेपाली साहित्य प्रचार समिति।

राई, विजयकुमार, (वि.सं २०५५), *अगमसिंह गिरी रचनावली,* नाम्ची : निर्माण प्रकाशन।

विश्व, अशोक, (सन् २००९), *जीवन-नदी,* डुवर्स : चेतना पब्लिकेशन प्रा. लि।

शर्मा, देवराज (२०१२), *काव्य निरूपण,* सिलगढी : पपुलर प्रेस।

शर्मा, मोहनराज, (वि.सं २०६६), *आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना,* काठमाडौं : क्वेस्ट पब्लिकेसन।

शर्मा, रूपेश, (सन् २०१७), *सिर्जना र दृष्टि,* डुवर्स : सिस्टम्याटिक डिजाइनर्स एण्ड प्रिण्टर्स प्रा. लि।

श्रेष्ठ, दयाराम, र शर्मा, मोहनराज, (वि.सं ३०६९), *नेपाली साहित्यको संक्षिप्त इतिहास,* काठमाडौं : साझा प्रकाशन।

सुब्बा, मनप्रसाद, र थापा, रेमिका, (सन् २०१३), *किनाराका आवाजहरू* (ते.सं), नाम्ची : निर्माण प्रकाशन।

**बङ्ला पुस्तक**

नाथ, प्रमोद (२००४), *डुवर्से नेपाली साहित्यचर्चा,* अलिपुरद्वार : कोलकत्ता प्रकाशन।

**हिन्दी पुस्तक**

श्रीवास्तव, अर्चना, (सन् २०१०), *भारतीय तथा पाश्चात्य काव्यशास्त्र* (पाचौं संस्करण),

**अङ्ग्रेजी पुस्तक**

Chinitz David E. and McDonald Gail (२०१४), *A Companion To Modernist Poetry*, UK : John Wiley and Sons, Ltd.

**पत्रपत्रिका**

कार्कीढोली, वीरभद्र (२०००), *प्रक्रिया,* (वर्षः १४, अङ्कः २५), पश्चिम सिक्किम : प्रक्रिया प्रकाशन।

खालिङ, अबीर (२०१५), *नयाँ संवाद,* (वर्षः १, अङ्कः १), कालचिनी : सिर्जनशील समूह।

गुरूङ, केदार, बस्नेत, उपमान (१९९४), *स्रष्टा ड्रवर्स विशेषाङ्क,* (वर्षः १६, अङ्कः ३५), गेजिंग : पश्श्चिम सिक्किम साहित्य प्रकाशन।

घिमिरे, भवानी प्रसाद (१९८४), *भानु ड्रवर्स विशेषाङ्क,* (वर्षः २१, किरणः ३३), भद्रपुर : भानु।

मोक्तान, सित्तम (२०१६), *अवलोकन,* (वर्षः २, अङ्कः २), सिलगडी : ग्राफिक्स प्रिन्टर्स।

राणा, जीवन (२००७), *त्रिवेणी,* (वर्षः १७, अङ्कः ६), डुवर्स : जसबहादुर राणा पुस्तकालय प्रकाशन।